# मिलिन्द-प्रश्न

[ पूर्वयोग र मिलिन्द प्रश्न खण्ड ]

(प्रथम भाग)



रूपान्तरकार

**मोतिकाजी शाक्य**

Downloaded from http://dhamma.digital

# धर्मकीर्ति प्रकाशन
## (नेपाली भाषा)

(१) बौद्ध प्रश्नोत्तर
(२) बौद्ध दर्शन
(३) नारी हृदय
(४) बुद्ध शासनको इतिहास
(५) पटाचारा
(६) ज्ञानमाला
(७) बुद्ध र वहाँको विचार
(८) शान्ति
(९) बौद्ध ध्यान
(१०) पञ्चशील
(११) लक्ष्मी
(१२) उखानको कथा संग्रह
(१३) तथागत हृदय
(१४) महास्वप्न जातक
(१५) बौद्ध जगतमा स्वास्थ्य सेवा
(१६) मिलिन्द प्रश्न १, २
(१८) श्रमण नारद द्वि. सं.
(१९) वेस्सन्तर जातक
(२०) सतिपट्ठान भावना
(२१) बौद्ध विश्वास भाग–१,२
(२३) बौद्ध दर्पण
(२४) सप्तरत्न धन
(२५) सफलताको रहस्य
(२६) मानव महामानव
(२७) निरोगी
(२८) जातक कथा
(२९) सतिपट्ठान बिपस्सना
(३०) प्रज्ञा चक्षु
(३१) परित्राण
(३२) पूजाविधि र कथा संग्रह द्वि.
(३३) मैले बुझेको बुद्ध–धर्म
(३४) आमाबाबु र छोराछोरी
(३५) स्नेही छोरी
(३६) परित्तसुत्त (पाली भाषा)
(३७) बुद्ध र बुद्ध धर्मको......
(३८) बुद्ध र बुद्धपछि
(३९) धम्मवती
(४०) बौद्ध–ज्ञान
(४१) सक्षिप्त बुद्ध–जीबनी
(४२) मानब स्वभाब

## Dharmakirti Publication
### ( English )

1. Buddhist Economics & The Modern World
2. Dharmakirti Vihar Today
3. Dharmakirti Vihar
4. Dharmakirti in a Nutshell

Downloaded from http://dhamma.digital

# मिलिन्द-प्रश्न

प्रथम भाग

(पूर्वयोग र मिलिन्द-प्रश्न खण्ड)

★

रूपान्तरकार

मोतिकाजी शाक्य

★

प्रकाशक

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

श्रीघः, नःघल

Downloaded from http://dhamma.digital

प्रकाशक :

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

धर्मकीर्ति विहार,

श्रीघः, नःघल काठमाडौं ।

फोन : २२०४६६

बुद्ध सम्वत् २५३७

नेपाल सम्वत् १११४

विक्रम सम्वत् २०५०

ईस्वी सम्वत् १९९४

द्वितीय संस्करण १५००

**मुद्रक :**

**नील सरस्वती छापाखाना**

लाजिम्पाट, काठमाडौं

**फोन नं. ४१ ८० ५४**

Downloaded from http://dhamma.digital

# दाताहरूको कुरा

हाम्रो पूज्य बुबा मोतीकृष्ण तुलाधरको ८० वर्ष र हाम्री पूज्य माता तेजप्रभा तुलाधरको ७८ औं वर्ष प्रवेशको उपलक्ष्यमा यस पुस्तकको यो दोस्रो संस्करण छपाउन लगाई दान गर्न पाएकोमा हामी सम्पूर्ण परिवार अत्यन्त खुसी छौं।

हाम्रो पूज्य पिता श्री मोतीकृष्ण तुलाधर एक वर्षको उमेरमा छँदा नै उहाँको बुबा श्री हीराकृष्ण तुलाधर स्वर्गीय हुनु भएको थियो। त्यसैले उहाँको माता कुलप्रभा तुलाधरले उहाँको पालन-पोषण आफ्नो माइतीको सहायताले गरेको थिई। आफ्नो मामा घरमा हुर्की उतैबाट आफ्नो खुट्टामा उभिन समर्थ भएका हाम्रा पूज्य बुबा मोतीकृष्ण तुलाधर र हाम्री पूज्य आमा तेजप्रभा तुलाधरले हामी आठ जना छोरा छोरीहरूलाई राम्ररी हुर्काई आ-आफ्नो खुट्टामा उभिन सक्ने तुल्याए। उहाँहरूले आफ्ना छोरा छोरीहरूको लागि गर्नुपर्ने कार्यहरूको अलावा विभिन्न दान धर्म कार्य गर्नमा पनि त्यतिकै अग्रसर हुनुहुन्थ्यो। उहाँहरू दिनहुँ अन्नपूर्ण ज्ञानमाला भजनमा संलग्न हुने गर्नुहुन्थ्यो। उहाँहरूले २०३६ सालमा बुद्ध पूजाको आयोजना भर्नु भएको थियो र २०४२ साल चैत्र

Downloaded from http://dhamma.digital

२३ गते महापरित्रानको आयोजना गर्नु भएको थियो । अहिले उहाँहरू यो पुस्तक छपाउन लगाई दान गर्दै हुनुहुन्छ ।

श्री मोतिकाजी शाक्यद्वारा नेपालीमा रूपान्तर गरिएको यो पुस्तक सर्वप्रथम २०३७ साल पौषमा प्रकाशित भएको थियो । बुद्ध धर्म सम्बन्धी अति गम्भिर तथ्यहरूलाई प्रश्न–उत्तरको माध्यमबाट सबैले बुझ्न सक्ने गरी सरल रूपमा प्रस्तुत गरिएको यस पुस्तकको माग धेरै छ । पाठकहरूको त्यही मागलाई ध्यानमा राखी यो दोस्रो संस्करणको प्रकाशन गरिएको हो । यस दोस्रो संस्करण प्रकाशन गरी दान गर्ने सौभाग्य हामीले पाएकोमा हामी गौरवान्वित छौं ।

२०५०।१०।२५

**दाताको परिवार**

Downloaded from http://dhamma.digital

# दाताहरू



श्री मोतीकृष्ण तुलाधर तथा श्रीमती तेजप्रभा तुलाधर

Downloaded from http://dhamma.digital

# दोस्रो संस्करणको प्रकाशनबारे

धर्मकीर्ति विहारको १५८ औं प्रकाशनको रूपमा यस मिलिन्द-प्रश्न, प्रथम भाग (पूर्वयोग र मिलिन्द-प्रश्न खण्ड) को दोस्रो संस्करण पाठकहरू सामु प्रस्तुत गर्न पाएकोमा हामी हर्षित छौं। यस पुस्तकको पहिलो संस्करण यस पुस्तक नेपाली भाषामा रूपान्तर गर्ने श्री मोतिकाजी शाक्य तथा उनका दाजुहरू र दिदीले आफ्नी पूज्य स्वर्गीय आमा हीराथकुँ उपासिकाको वार्षिकीको उपलक्ष्यमा निःशुल्क वितरण गर्नका लागि बुद्ध सम्वत् २५२४ (वि. सं. २०३७) मा प्रकाशन गराएका हुन्। अहिले यो दोस्रो संस्करण श्री मोतिकृष्ण तुलाधरको ८० औं वर्ष प्रवेश र श्रीमती तेजप्रभा तुलाधरको ७८ औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा त्यसरी नै निःशुल्क वितरण गर्नका लागि प्रकाशन गराएको छ। विभिन्न प्रकारका दान कार्यहरू मध्ये जन कल्याण हुने धर्मसम्बन्धी पुस्तक छपाएर दान गर्नु एउटा उत्तम फल प्राप्त हुने दान कार्य हो। यस पुस्तक नेपाली भाषामा रूपान्तर गर्ने श्री मोतिकाजी शाक्यले यस पुस्तक पुनः प्रकाशन गर्ने अनुमति दिनुका साथै यस पुस्तकको पहिलो संस्करणमा देखिएका सानातिना भाषागत

Downloaded from http://dhamma.digital

गल्तीहरू तथा छपाईसम्बन्धी गल्तीहरू आफैले सुधार गरी दिएर धेरै पाठकहरूको वर्षौं देखिको खाँचो पूरा गरिदिएको छ। मुद्रक नील सरस्वती छापाखानाका श्री प्रेमकृष्ण महर्जनले यो संस्करण समयमै प्रकाशन गर्न हरेक दिन आफैले प्रुफकपि रूपान्तरकारको कार्यालय सम्म लगी सच्याउन लगाई फर्काएर लैजाने गरी अथक परिश्रम गर्नु भएको छ। असल कार्य सम्पन्न गर्नका लागि गरिएको परिश्रमबाट पुण्यलाभ हुनेछ।

धम्मवती
अध्यक्ष
धर्मकीर्ति विहार

२०५०।१०।१२

Downloaded from http://dhamma.digital

पूज्य आमा स्वर्गीय हीराथकुं उपासिका

तथा

पूज्य बुबा स्वर्गीय हर्षमान शाक्य

का

पुण्यस्मृतिमा

# समर्पित

मोतिकाजी शाक्य

Downloaded from http://dhamma.digital

# मेरो कुरा

केही दिनकै लागि भए पनि म पनि श्रामणेर भएको थिएँ, मेरी आमाको इच्छापूर्तिको लागि । तर त्यो छोटो समयमै पनि पूज्य स्वर्गीय विद्वान् बर्मी भिक्षु धम्माबुद्धले मेरो दृष्टिकोणमा आमूल परिवर्तन ल्याइदिनुभएको छ । उहाँले गराउनु भएको अध्ययन र अभ्यासबाट मैले के बुझें भने खास बुद्धधर्म त्यस्तो छैन, जस्तो होला भनी मैले सोचेको थिएँ । शाक्यकुलमा जन्मेको हैसियतले मात्र बुद्धधर्मबारे थाहा पाउन पाएका कुराहरूको आधारमा मैले के ठानेको थिएँ भने बुद्धधर्म पनि अन्य धर्महरूझैं ईश्वरवादी थियो । तर वास्तवमा कुरो त्यस्तो रहेनछ । बुद्ध अईश्वर-अनात्मवादी मात्र होइन विज्ञानवादी पनि हुनुहुन्थ्यो । बुद्धले यो संसार र यस संसारका प्रत्येक कुराहरू कारण र परिणामको परिवेशमा सीमित छन् भन्ने तथ्यलाई यथार्थमा बुझ्नु भएको थियो । उहाँले यस भव संसारलाई राम्ररी चिन्नुका साथै यो संसार उत्पन्न हुनाको कारण पनि थाहा पाउनु भएको थियो । संसार-मा जन्मिरहेका, हुर्किरहेका र मरिरहेका प्रत्येक प्राणीलाई देख्नुकासाथै तिनीहरू त्यसरी जन्मनु, हुर्कनु र मर्नुको कारण पनि उहाँले थाहा पाउनु भएको थियो । अनि जन्म र मरणको भुमरीबाट मुक्ति पाउने उपाय थाहा पाउनुकासाथै वास्तविक

Downloaded from http://dhamma.digital

मुक्ति नै पनि पाउनु भएको थियो, उहाँले। मुक्ति पाउने एक मात्र उपाय मन संयमित पार्नु हो। मन संयमित पार्नलाई शील, स्मृति (स्मृति प्रस्थान), सम्यक (सम्यक प्रधान), समाधि, प्रज्ञा, विमुक्ति, प्रतिसंविदा र बोध्यङ्ग, यी धर्महरू-को आधार आवश्यक पर्दछ। उचित अभ्यास गरेमा जो कसैले पनि बुद्धलेझैं मुक्ति पाउन सक्ने रहेछ। त्यसैले बुद्धले बुद्धत्व पाइसकेपछि सम्पूर्ण बाकी जीवन बढी भन्दा बढी मानिसहरू-लाई मन, मन संयमित पार्नमा आधारशिला भएका उपरोक्त धर्महरू र ती धर्महरू वृद्धि गर्ने विभिन्न विधिहरूबारे संझाउने कार्य गर्दै बिताउनु भएको थियो।

विद्वान् भिक्षु धम्माबुद्धको सत्सङ्गबाट उपरोक्त तथ्य-हरू थाहा पाइसकेपछि मात्र म सही रूपमा बुद्धमार्गी भएँ। अनि मैले त्यही वेला 'मिलिन्द-प्रश्न' पुस्तक नेपालीमा उल्था गरी बुद्धधर्म प्रचारको कार्गमा सानो सहयोग गर्ने विचार गरें। तर कलमले विचारको साथ नदिएको हुनाले मनको कुरो मनैमा रह्यो। यस्तैमा धेरै वर्षहरू बितेपछि नेपाली भाषाका सुप्रसिद्ध उपन्यासकार श्री दौलत विक्रम विष्टज्यूसंग मेरो परिचय भयो। एक दिन प्रसंगवश हामीहरू बीच मिलिन्द–प्रश्नको कुरो उठ्यो। त्यो पुस्तक नेपालीमा भाषान्तर गर्ने मेरो पुरानो इच्छा थियो भन्ने कुरो उहाँले थाहा पाएपछि साँच्चिकै अनुवाद गरिएमा भाषा सुधार्नमा सहयोग दिने वचन उहाँले दिनु भयो। उहाँबाट पाएको त्यही प्रेरणामा यो पुस्तक यस रूपमा रूपान्तर गरेको छु।

Downloaded from http://dhamma.digital

अहिले यो पुस्तक मेरी पूज्य स्वर्गीय आमा हिराथकुं उपासिकाको पुण्य स्मृतिमा उहाँलाई पुण्य लाभ होस् भन्ने उद्देश्य राखी निशुल्क वितरण गर्नका लागि प्रकाशन गरिएको हुनाले यस पुस्तकमा 'मिलिन्द-प्रश्न' को पूर्वयोग र मेण्डक-प्रश्न दुइ खण्ड अन्तरगतका प्रश्नोत्तरहरू मात्र समावेश गरिएका छन् । समावेश गरिएका प्रश्नोत्तरहरूमध्ये कतिपय प्रश्नोत्तरहरूमा थप व्याख्या गरी बढी सरल र स्वाभाविक बनाउने प्रयास पनि गरेको छु । पूर्वयोगका घटमाक्रम र वर्णनहरू पनि सकभर आधुनिक शैलीमा प्रस्तुत गर्ने प्रयत्न गरेको छु । सर्वसाधारण सबैले यो पुस्तकबाट बुद्धधर्मबारे बढी भन्दा बढी जानकारी पाउन् भन्ने धारणा राखी यस पुस्तकमा उल्लेख भएका केही ठेट बुद्धधर्मसम्बन्धी शब्दहरूको व्याख्या बोधिनीमा गरेको छु । पाठकहरूबाट अनुकूल हौसला पाएमा बाकी खण्डहरू पनि क्रमशः दोस्रो र तेस्रो भागको रूपमा पेश गर्ने योजना बनाएको छु । पाठकहरूबाट पाइने आलोचना र सुझावहरूलाई सधैं स्वागत गर्ने नै छु ।

आफ्नो अमूल्य समय दिएर यस पुस्तकको भाषा सुधार्ने काममा सहयोग दिनु भएकोमा श्री दौलत विक्रम विष्टज्यूप्रति म आभारी छु ।

**हौगल बजार,**
ललितपुर
**पौष १५ गते, २०३७**

**मोतिकाजी शाक्य**

Downloaded from http://dhamma.digital

# पहिलो संस्करणको प्रकाशकीय

अनन्त गुणले युक्त मेरी आमा स्वर्गीय हीराथकूँ शाक्य पाटनका प्रारम्भिक समयका थेरवादी उपासिकाहरूमध्ये एक हुनुहुन्थ्यो। पूज्य भिक्षु प्रज्ञानन्द महास्थविरले मेरी आमालाई थेरवादी बुद्धधर्ममा आकर्षण गर्नुभएको थियो । भिक्षु प्रज्ञानन्द महास्थविर त्यसताका श्री सुमङ्गल विहारमा हुनुहुन्थ्यो । श्री सुमङ्गल विहार मेरी आमाको वकुबहालको घरबाट नजिक पर्दछ । मेरी आमा प्रत्येक दिन श्री सुमङ्गल विहारमा जानुहुन्थ्यो र त्यहाँका भिक्षुहरूबाट थेरवाद सम्बन्धमा बढी भन्दा बढी ज्ञान हासिल गर्न खोज्नु हुन्थ्यो । मेरी आमाको ज्ञानको भोक कति तीव्र थियो भने उहाँले त्यो राणाकालीन अवस्थामै पनि प्रौढशिक्षा पाउने अथक परिश्रम गर्नुभएको थियो । उहाँले आफ्नो त्यो अधबैंसे उमेरमा पनि मबाट साक्षर हुनुभई घरमा पनि बुद्धधर्मको अध्ययन गर्नु भएको थियो। उहाँले आफ्नो परिवारमा लोग्ने र छोराछोरी-हरूलाई मात्र होइन आफ्नो टोलका छरछिमेकीहरूलाई पनि थेरवादी बुद्धधर्ममा आकर्षित पार्न सक्दो प्रयास गर्नु भएको थियो । मेरी आमाको त्यही प्रयासकै फलस्वरूप हाम्रो घरमा म र म पछिका मेरा भाइहरू र भान्जा-भान्जीहरू सबै

Downloaded from http://dhamma.digital

सुशिक्षित भयौं । यदि मेरी आमा थेरवादी बुद्धधर्ममा नलागेको भए, म र मेरा भाइहरूले श्री सुमङ्गल विहारमा तत्काल बर्मामा अध्ययन गरी फर्कनुहुने पूज्य बुद्धघोष भन्तेको सक्रियतामा संचालन भएको पाठशालामा अध्ययन गर्ने सुअवसर पाउने नै थिएनौं होला ।

थेरवादी बुद्धधर्मप्रतिको मेरी आमाको श्रद्धा निकै नै गहिरो थियो । आफ्नो एउटा छोरा र एउटी छोरीलाई बुद्ध-शासनको लागि अर्पित गर्ने उहाँको ठूलो इच्छा थियो । चार जना छोराहरुमध्ये एक न एकले त उहाँको इच्छा पूर्ति गर्ने नै छ भन्ने विश्वास उहाँलाई थियो । छोरीहरूमा म एक्ली हुँ । म प्रव्रजित नभइदिएमा उहाँको इच्छा कहिले पनि पूर्ति हुने थिएन । त्यसैले उहाँले विशेष गरेर मलाई प्रव्रजित हुनमा बढी जोड दिनु भयो । उहाँ जहिले पनि मलाई के सम्झाउनु हुन्थ्यो भने गृहजंजालमा फस्नु ठूलो दुःखको कुरो हो । प्रव्रजित भएमा गृहस्थ दुःखबाट मुक्त होइने छ । तर त्यस-ताका म भर्खर दश एघार वर्षकी थिएँ । सबैले पुल्पुल्याएकी एक्ली छोरी थिएँ । खास गरेर मेरा पूज्य स्वर्गीय बुबा हर्षमान शाक्यले मलाई कुनै कुरोमा केही पनि दुःख नहोस् भन्नाको खातिर विशेष ध्यान दिनु हुन्थ्यो । दुःख भनेको कुन चरोको नाम हो त्यसताका मलाई थाहा थिएन । तैपनि म प्रव्रजित हुनमा आकर्षित हुँदै गएँ । शायद प्रव्रजित हुनु नै मेरो पूर्व संस्कार हुँदो हो । बढी मायाको कारणले गर्दा, मेरो

Downloaded from http://dhamma.digital

पूज्य बुबाले सकभर म प्रव्रजित नभइदियोस् भनी निकै प्रयत्न गर्नु भएको भए तापनि पूज्य अश्वघोष भन्तेको आमा स्वर्गीय लक्ष्मीमायाको सहायता र म जस्तै प्रव्रजित हुनमा इच्छुक उहाँका बहिनीहरू मागती र माधवीसंग भएको मित्रताको कारण घर त्यागी कुशीनगरमा गइ पूज्य बर्मी गुरु स्वर्गीय धम्माबुद्धद्वारा प्रव्रजित हुनमा म सफल भएँ। प्रव्रजित भएको केही दिनभित्रै बुद्धधर्मबारे अध्ययन गर्न अनेक दुःख कष्ट झेली जङ्गलै जङ्गलको बाटो पैदल हिंदेर म बर्मामा पुगें। बर्मामा पुगेपछि तेह्र वर्षसम्म अथक परिश्रम गरी बुद्धधर्म अध्ययनमा सर्वोच्च उपाधि शासनधज्ज धम्माचरियसम्मको अध्ययन गर्नमा म समर्थ पनि भएँ।

आमाको इच्छानुसार प्रव्रजित भई नेपालमा बुद्धधर्म प्रचारको अभियानमा मैले सक्दो योगदान गरिरहेको देख्दा मेरी आमा निकै सन्तोष हुनु भएको थियो। तर एउटा छोरोलाई पनि प्रव्रजित गराउने इच्छा भने अझै अधूरो भइरहेको कुरो उहाँको मनमा कहिले-काहीँ खट्कन्थ्यो। त्यसैले मेरो कान्छो भाइ मोतिकाजी शाक्यले २०२४ सालतिर बूढी आमाको त्यो अधूरो इच्छा पूर्ति गर्नको लागि सारनाथमा गई केही दिनकै लागि भए पनि श्रामणेर भइदिएको थियो। त्यही अवधिभरको लागि उनले आमालाई पनि अनागारिका बन्न दिने व्यवस्था गरेको थियो। यसरी आमाको सबै इच्छा पूर्ति भएको केही वर्षहरू पछि आफ्ना छोरा छोरी र समाज-

Downloaded from http://dhamma.digital

प्रति गर्नुपर्ने सबै कर्तव्य सम्पन्न गर्नमा समर्थ भएकी मेरी पूज्य आमा हीराथकुं उपासिका ८० वर्षको उमेरमा २०३६ साल पौष १५ गतेका दिन स्वर्गारोहण हुनु भयो ।

आमा र बाबुको गुण अनन्त छ । छोराछोरीहरूले आफ्ना आमा बाबु बाँचुन्जेलसम्म मात्र होइन उहाँहरू स्वर्गारोहण भइसकेपछि पनि उहाँहरूप्रति श्रद्धान्जली र पुण्यानुमोदन गरी उहाँहरूप्रतिको कर्तव्य पालन गर्नुपर्छ । अहिले मेरो भाइ मोतिकाजी शाक्यले परिश्रमपूर्वक रूपान्तर गरेको यो सानो पुस्तक प्रकाशन गरी निःशुल्क वितरण गर्ने कार्य पनि हाम्रा उनै पूज्य स्वर्गीय आमा र बाबुले निर्वाण पाउनमा एउटा हेतु होस् भन्ने भावना राखी म र मेरो कान्छो भाइ मोतिकाजी शाक्यको खर्चमा धर्मकीर्ति अध्ययन गोष्ठीको तर्फबाट सम्पन्न गर्ने विचार गरेका थियौं । तर आमा र बाबुप्रति गरिने पुण्यदानमा अरू दाजु भाइको पनि केही चन्दा परोस् भन्ने विचारले मेरा दाजु धनकाजी, मानकाजी र मेरा भाइ हीराकाजीबाट पनि केही रकम यथा श्रद्धा चन्दा लिई यसै पुस्तकको प्रकाशनमा खर्च गरेको छु । यो पुस्तक धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीबाट प्रकाशित पुस्तकहरूमा चवन्तरौं हो । श्रद्धालु व्यक्तिहरूलाई सत्यमार्ग अपनाउनमा यो पुस्तकले पनि केही सहयोग गरोस भन्ने हाम्रो कामना छ ।

**धम्मावती अनगारिका**
अध्यक्ष
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
धर्मकीर्ति विहार
२०३७-९-१५ श्रीघः, नघल टोल, काठमाडौं ।

Downloaded from http://dhamma.digital

# दुइ शब्द

आज जहाँ एकातिर वैज्ञानिक आविष्कारको उपलब्धिले मानव समाजको सुख सुविधाहरूका फाँट फराकिलो भएको देखिन्छ भने अर्कोतिर त्यही वैज्ञानिक आविष्कारको उपलब्धि सम्पूर्ण मानव समाजको भयानक किसिमले संत्रासको कारण बन्न गएको छ। त्यसैले गर्दा वर्तमान विश्वको प्राङ्गणमा मानव एक दोस्रोसंग त्रस्त छन्। भयभित छन्। मानवको बीचमा मानवले विश्वास गुमाएको छ। यस्तो हुनाको खास कारण हो विज्ञानको भौतिक विकाससंग मानव जातिको आध्यात्मिक विकास सन्तुलन हुन नसक्नु।

आजको यस जटिल परिप्रेक्षमा बौद्धमतले विज्ञानसंग आध्यात्मिक सन्तुलन कायम गर्ने दिशातर्फ जुन महत्त्वपूर्ण भूमिका खेल्दै आइरहेको छ त्यसलाई ध्यानमा राख्दा नेपाली भाषा भाषीहरूले पनि बौद्धमतसंग परिचित हुनु वाञ्छनीय हुन आएको छ।

विद्युत इन्जिनियर एवं अर्थशास्त्री श्री मोतिकाजी शाक्यले यसै हेतुले प्रस्तुत पुस्तक "मिलिन्द-प्रश्न" रूपान्तर गरी नेपाली भाषा भाषी समक्ष राखी निश्चय नै जनसेवा

Downloaded from http://dhamma.digital

गर्नु भएको छ । यसो त नेपाली भाषामा बौद्धमत सम्बन्धमा ज्ञान दिन सक्ने अरू कतिपय पुस्तकहरू पनि छन् । तर विद्वान् एवं मनन र चिन्तनशील श्री मोतिकाजीले रूपान्तर गर्नु भएको यस पुस्तकले "कार्यकारणाभावाद्वा स्वभावाद्वा नियमाकात् । अभिनाभावनियमो दर्शनान्तर दर्शनात्" भन्ने बौद्ध मतको जगलाई जति सजिलो किसिमले जनतालाई बोध दिन सक्छ त्यति सजिलो किसिमले बोध दिन सक्ने शक्ति अरू पुस्तकहरूमा देखिदैन ।

–दौलतविक्रम विष्ट

२०३७–६–१६

Downloaded from http://dhamma.digital

# विषय-सूची

खण्ड–१

१. पूर्व योग १

खण्ड–२

२. मिलिन्द-प्रश्न

क) लक्षण प्रश्न ३६

१. प्रव्रज्या विषयक प्रश्न ४०

२. जन्म र मृत्यु बारेको प्रश्न ४१

३. ज्ञान र विवेक बारेको प्रश्न ४१

४. पुण्यधर्म के के हुन् ? ४३

क) शीलको महत्त्व ४३

ख) श्रद्धाको कार्य ४६

ग) वीर्यको विशेषता ४९

घ) स्मृतिको देन ५०

ङ) समाधिको महत्ता ५३

च) ज्ञानको महानता ५४

छ) सबै पुण्यधर्मको संयुक्त लक्ष ५५

५. जन्म र मरणको प्रवाह ५५

६. जन्म–मरणबाट मुक्तिको जानकारी ५९

Downloaded from http://dhamma.digital

७. प्रज्ञा र ज्ञान विषयमा ६१
८. अर्हत्‌ले अनुभव गर्ने वेदनाबारे ६६
९. वेदनाका वर्ण भेदहरू ६७
१०. कर्म भोगबाट मुक्त नहुनेबारे ६९
११. नाम र रूप आपसमा आश्रित छन् ७५
१२. कालको अस्तित्व छ कि छैन ? ७५
१३. अविद्या नै कालको मूल हो ७६
१४. संस्कारको उत्पत्ति र त्यसको भूमिका ८२
१५. आत्मा छैन ८७
१६. मनोविज्ञान सम्बन्धी प्रश्न ९३
१७. मनोविज्ञानको उत्पत्तिपछि के हुन्छ ? ९७
क) स्पर्शको चिह्नारी ९७
ख) वेदनाको चिह्नारी ९८
ग) संज्ञाको चिह्नारी ९९
घ) चेतनाको चिह्नारी १००
ङ) वितर्कको चिह्नारी १०१
च) विचारको चिह्नारी १०१
छ) विज्ञानको चिह्नारी १०१
१८. स्वभाव धर्महरू मिसिएपछि फेरि छुटचाउन सकिन्न १०२
ख) विमतिच्छेदन प्रश्न
१. पाँच आयतनहरूको उत्पत्ति १०५

Downloaded from http://dhamma.digital

२. कर्मको प्रधानता १०५
३. उद्योगको महत्त्व १०७
४. स्वाभाविक आगो र नरकको आगोमा भेद १०९
५. निर्वाण के हो ? ११२
६. कस्ताले मात्र निर्वाण पाउने छ ? ११४
७. निर्वाण सुख हो भन्ने कुरो कसरी थाहा पाउने ? ११४
८. के साँचै बुद्ध थिए होला ? ११५
९. भगवान् बुद्ध अनुत्तर हुनुहुन्छ ११६
१०. अनात्मवाद र पुनर्जन्म ११७
११. विना संक्रमणको पुनर्जन्म र पूर्वजन्मको कर्मफल ११९
१२. पुनर्जन्मको ज्ञान १२१
१३. निर्वाण पाएकाको सबै व्यक्तित्व लोप हुन्छ १२२
१४. हाम्रो शरीर एउटा खटिरो मात्र हो १२३
१५. भगवान् बुद्ध सर्वज्ञ हुनुहुन्थ्यो १२४
१६. बुद्धको लक्षण १२५
१७. बुद्धको उपसम्पदा १२७
१८. तातो आँसु र शीतल आँसु १२७
१९. रागी र वैरागी चित्त १२८
२०. प्रज्ञा कहाँ अड्की बसेको हुन्छ ? १२८
२१. संसार भनेको के हो ? १२९
२२. स्मृतिद्वारा सम्झने हुन्छ १२९
२३. सोह्र प्रकारबाट स्मृतिको उत्पत्ति हुन सक्छ १३१

Downloaded from http://dhamma.digital

२४. मर्ने वेलामा बुद्धलाई सम्झन सके देवत्व पाउनेछ १३२
२५. दु:ख निवारणको निम्ति उद्योग १३३
२६. ब्रह्मलोक यहाँबाट कति टाढा छ ? १३६
२७. मरेर अर्को जन्म लिन जान कति पनि समय लाग्दैन १३७
२८. बोध्यङ्ग विषयको प्रश्न १३९
२९. पापभन्दा पुण्य नै धेरै हुन्छ १३९
३०. जानाजान गरेको पाप र अनजानमा गरेको पापमा भेद १४०
३१. ऋद्धिबलले देवलोकहरूमा कसरी गइन्छ ? १४१
३२. श्वास प्रश्वासको निरोध हुनु १४२
३३. धर्म अति सूक्ष्म छ १४३
बोधिनी १४८

Downloaded from http://dhamma.digital

## खण्ड–१

# १–पूर्वयोग

ग्रीकराजा **मिलिन्द**[1] जो मिनाण्डर नामले पनि परिचित छन्, आफ्ना जमानाका प्रतापी राजा थिए। सतजल नदी पार गरी यमुना नदीको आसपाससम्म उनले आफ्नो राज्य फैलाएका थिए। अहिलेसम्ममा त्यस ऐतिहासिक तथ्य प्रमाणित गर्ने **बाइस किसिमका टकहरू**[2] फेला परिसकेका छन्।

लगभग दुइहजार वर्षभन्दा पहिलेको उत्तर-भारतस्थित सागलपुर नगर, जो हालको स्यालकोट हुनुपर्छ, राजा मिलिन्दको राजधानी थियो। श्रुति, स्मृति, सांख्य, योग, न्याय, वैशेषिक, गणित, सङ्गीत, वैद्यक, चार-वेद, सबै पुराण, इतिहास, ज्योतिषशास्त्र, मन्त्रविद्या, तर्क, तन्त्र, युद्धविद्या, छन्द र सामुद्रिक, यी १९ किसिमका विद्याहरूमा पारङ्गत भएका राजा मिलिन्द ज्यादै पण्डित, चतुर, बुद्धिमान तथा अति योग्य मानिएका थिए। खास गरेर तर्क र विवाद गर्नमा उनी अद्वितीय तथा अजय प्रमाणित भएका थिए। तत्कालीन सागलपुर नगरमा बसोबास गरिआएका सबै श्रमण, ब्राह्मण तथा गृहस्थपण्डितहरू राजा मिलिन्दसंगको शास्त्रार्थमा हार खाएर त्यहाँ टिक्न नसकी अन्यत्र

Downloaded from http://dhamma.digital

गई बसेका थिए । सागल नगर पण्डितहरूबाट खाली भएको थियो । राजाका तर्कहरू काटेर, उनका प्रश्नहरूका सही उत्तरहरू दिई, उनका द्वीविधाहरू र शंकाहरू निर्मूल पार्न-सक्ने कुनै पण्डित त्यस बेला त्यहाँ निस्कन सकेका थिएनन् । त्यसैले राजाको मनमा एक किसिमको व्यथा थियो ।

तिनताका हिमालय पर्वतको रक्षिततलमा असंख्य **अर्हत् भिक्षुहरू**[3] रहन्थे । एक दिन उनीहरूमध्ये आयुष्मान अस्सगुत्तले सागलपुर नगरको त्यो हालतका साथै राजा मिलिन्दको त्यस व्यथालाई पनि आफ्ना दैविशक्तिद्वारा पत्ता लगाए । तब उनले तत्कालै युगन्धर नामको पर्वतमा, त्यस भेकमा रहि आएका सबै अर्हत्भिक्षुहरूको सभा बोलाए । उपस्थित भएका भिक्षुहरूमध्ये राजा मिलिन्दलाई बोध गर्नसक्ने कोही छन् कि भनी उनले सोधे । तर त्यस कुरामा हिम्मत गर्न सक्ने कोही पनि निस्केन ।

एक **बुद्धान्तर**[4] पहिले भगवान **काश्यप**[5] बुद्धको **शासनकालमा**[6] कुनै एक **श्रामणेरले**[7] कुनै अर्को भिक्षुबाट प्रेरित भई, तिनीहरूको बिहार बढारी जम्माभएका फोहोरहरू नजीकैको एउटा नदीमा फालेका थिए । त्यस पुण्यकार्यको फल स्वरूप उनले **निर्वाण**[8] पाउनु भन्दा पहिले जहाँसुकै जन्म लिएतापनि उनी मध्याह्नको सूर्यझैं तेजस्वी होउन् नदीको तरङ्गझैं प्रत्युत्पन्नमति र प्रतिभाशाली होउन् भनी उनले कामना गरेका थिए । उनले

Downloaded from http://dhamma.digital

त्यसरी कामना गरेको थाहा पाएपछि उनलाई त्यो पुण्यकार्य गर्नमा प्रेरणा दिने भिक्षुले पनि यसरी कामना गरेका थिए– "त्यस श्रामरेणलाई त्यो पुण्यकार्य गर्ने प्रेरणा दिई जुन पुण्य-कार्य मैले गरेको छु, त्यस्को फल स्वरूप मैले निर्वाण पाउनु भन्दा पहिले जहाँकहीं जन्म लिए पनि म नदीको तरङ्गभैं प्रत्युत्पन्नमति होउँ र त्यस श्रामणेरले सोध्ने प्रत्येक प्रश्नको गुत्थि सुल्भाउनमा समर्थ होउँ ।"

ती भिक्षु तथा श्रामणेरबारे अहिले हामीले पुग्दै आएका गौतम बुद्धले पनि यस किसिमको भविष्यवाणी गर्नु भएको थियो– "मैले महापरिनिर्वाण पाइसकेपछिका पाँचसय वर्षपछि उनीहरूले मनुष्ययोनीमा जन्म लिनेछन् र मैले अति सूक्ष्म रूपमा दिएका **धर्म**[9] तथा **विनय**[10] विषयक उपदेशहरूलाई प्रश्नोत्तर, उपमा, एवम् तर्कद्वारा स्पष्ट पार्नेछन् ।"

**आयुष्मान**[11] अस्सगुत्तले आफ्ना ध्यानबलद्वारा उपरोक्त सबै कुराहरू थाहा पाएका थिए। उनले के पनि थाहा पाएका थिए भने–त्यस बेलाको त्यही श्रामणेर नै राजा मिलिन्दको रूपमा जन्म लिएका थिए त राजा मिलिन्दका सबै तर्कहरू काटी उनले सोध्ने प्रत्येक प्रश्नको सही जवाफ दिनुमा समर्थ हुने त्यो भिक्षुचाहिं **तावतिंस भुवनमा**[12] वेजयन्तभन्दा पूर्वतिरको केतुमती नामको **विमानमा**[13] रहने महासेन नामको देवपुत्रको रूपमा जन्मेका

Downloaded from http://dhamma.digital

थिए। आयुष्मान अस्सगुत्तले आफूले थाहा पाएका ती सबै कुराहरू त्यस सभामा उपस्थित सबै भिक्षुहरूलाई सुनाए। आयुष्मान अस्सगुत्तका कुरा सुनेपछि सभामा उपस्थित सबै अर्हत्‌भिक्षुहरूले तत्कालै तावतिंस भवनमा गएर देवपुत्र महासेनलाई बुद्धधर्मको रक्षार्थ मनुष्ययोनीमा जन्म-ग्रहण गर्नको लागि अनुरोध गर्नजाने निधो गरे। उनीहरू सबै त्यहाँबाट अन्तर्धान भई तावतिंस भवनमा प्रकट भए। तावतिंस भवनमा उनीहरूको आतिथ्य-सत्कार त्यहाँका देवाधिपति शक्रले गरे। देवाधिपति शक्रले ती भिक्षुहरूबाट, उनीहरू राजा मिलिन्दलाई बोध गर्नसक्ने व्यक्तिको खोजमा आएका हुन् भन्ने कुरो थाहा पाए। राजा मिलिन्द तावतिंस भवनबाटै च्यूत भई मनुष्यलोकमा जन्मन आएका थिए। राजा मिलिन्दलाई बोध गर्नसक्ने एक मात्र व्यक्ति देवपुत्र महासेन मात्रै हुन् भन्ने कुरो देवाधिपति शक्रलाई पनि थाहा थियो। त्यसैले उनी ती भिक्षुहरूलाई अगि लगाई, केतुमति विमानमा देवपुत्र महासेन कहाँ पुगे। उनले देवपुत्र महासेनलाई भिक्षुहरूको अनुरोधानुसार मनुष्यलोकमा जन्मग्रहण गर्न अनुरोध गरे। हुन त देवपुत्र महासेनमा फेरि मनुष्यलोकमा जन्म नलिइकनै देवलोकहरूमै क्रमशः माथिलो र झन माथिलो देवलोकमा जन्म लिंदै उतैबाट मोक्ष भइजाने क्षमता थियो। तर पनि राजा मिलिन्दका तर्कहरू काटी, उनका शंका तथा द्वीविधाहरू निर्मूल पारी बुद्धशासनको

Downloaded from http://dhamma.digital

रक्षा गर्ने काममा आफूले केही योगदान दिन पाउने मौका पाएकोमा अति हर्षित हुँदै आफूखुशी देवलोक छोडी मनुष्य-लोकमा जन्म लिनमा देवपुत्र महासेन राजी भए ।

देवपुत्र महासेनलाई मनुष्यलोकमा जन्म ग्रहण गर्न ना राजी पारी, तावर्तिस भवनबाट अन्तर्धान भई रक्षिततल प्रदेशमा प्रकट भएका भिक्षुसंघ सामु अब एउटै समस्या रह्यो । त्यो के भने, देवपुत्र महासेनले हिमालय पर्वतको नजीकै, कजङ्गल नामको, ब्राह्मणहरूको गाउँमा सोनुत्तर नाम गरेको ब्राह्मणको छोराको रूपमा जन्म लिएपछि उनी-लाई प्रव्रजित गर्नु । त्यो काम कुनै एकजना भिक्षुको अथक प्रयासबाट मात्र सम्पन्न हुनसक्थ्यो । त्यसैकारण आयुष्मान अस्सगुत्तले त्यस सभामा उपस्थित हुन नआएका कुनै अर्हत्-भिक्षु भए, त्यसरी सभामा उपस्थित हुन नआएकोमा दण्ड[14] स्वरूप उनैलाई त्यो कामको जिम्मा लगाउने विचार प्रकट गरे । सबैले त्यसैमा समर्थन जनाए पनि ।

त्यो भिक्षुसभामा उपस्थित नहुने एकमात्र अर्हत्‌भिक्षु आयुष्मान रोहण निस्के । उनी त्यस दिनभन्दा सात दिन अघिबाटै हिमालय पर्वतमा गई समाधि लगाइबसेका थिए । आयुष्मान अस्सगुत्तले दूत पठाई उनलाई बोलाउन पठाए । सबै कुराहरू बुझिसकेपछि आयुष्मान रोहणले त्यो जिम्मेवारी बोक्न स्वीकारे ।

देवपुत्र महासेनले सोनुत्तर ब्राह्मणकी स्वास्नीको गर्भमा

Downloaded from http://dhamma.digital

**प्रतिसन्धि**[15] लिएकै दिनदेखि आयुष्मान रोहणले प्रत्येक दिन त्यो ब्राह्मणको घरमा भिक्षा माग्नजान थाले। तर उनले त्यस घरबाट केही भिक्षा पाउनु त टाढै रहोस् सभ्याचरणका एक शब्दसम्म पनि कहिल्यै पाउन सकेको थिएन। सात वर्ष र दश महीनाको लामो समयपछि, बल्ल एक दिन "श्रमण ! अन्तै लाग।" –यति बचन बोलिदिए, त्यस घरबाट कसैले, आयुष्मान रोहणका लागि। संयोगले ठीक त्यही दिन, कतैबाट घरतिर फर्किरहेको सोनुत्तर ब्राह्मणको आयुष्माण रोहणसंग जम्का भेट भयो। त्यसरी भेट हुँदा, सोनुत्तर ब्राह्मणले, आयुष्मान रोहणसंग यसरी सोध्यो– "साधु ! के, मेरो घरमा गएका थियौ ?"

"थिएँ, ब्राह्मण !"

"केही पायौ त ?"

"पाएँ।"

सोनुत्तर ब्राह्मणले घरमा पुगेपछि, भिक्षु रोहणलाई वास्तवमा कसैले केही पनि दिएको रहेनछ भन्ने कुरो थाहा पायो। अनि त आयुष्मान रोहणले त्यसरी झूट बोलेकोमा दोषी ठहराउने नियतले अर्को दिन भिक्षा माग्न आएको बेला उनलाई फेला पारी सोनुत्तर ब्राह्मणले यसरी भन्यो– "ओ, श्रमण ! हिजो तिमीले मेरो घरबाट केही पनि पाएका रहेनछौ। तर पनि तिमीले 'पाएँ' भनी झूटो बोलेका रहेछौ। श्रमण भएर पनि त्यसरी झूटो बोल्नु उचित छ ?"

Downloaded from http://dhamma.digital

तब आयुष्मान रोहणले कुरो स्पष्ट पारे– "ब्राह्मण ! सात वर्ष दश महीनादेखि हरेक दिन यस घरमा भिक्षा माग्न आउँदैछु, म । तर पनि सदाचारवश– "अन्तै जा !" यतिसम्म भन्ने कष्ट पनि कसैले उठाएको थिएन, मेरो लागि । हिजै मात्र मेरोनिम्ति पहिलोपल्ट त्यति शब्द यस घरबाट कसैले बोलिदिएका थिए । त्यसैलाई लक्ष गरेर मैले 'पाएँ' भनेको हुँ ।"

आयुष्मान रोहणका कुरा सुनेर त्यो ब्राह्मणको मनमा यस्तो लाग्यो– "यदि यो श्रमणले आचरणवश भनिएका त्यति शब्द पाएर पनि केही पाएँ भनी प्रशंसा गर्दछ भने केही खानेकुरो नै पाएमा झन कति प्रशंसा गर्दा हुन् ।" यसरी मनमनै खुसी हुँदै त्यो सोनुत्तर ब्राह्मणले आफूलाई भनी पकाउन लगाएको खानाबाट एक पन्युँ भातका साथै त्यसै अनुपातका तिहुन–तरकारी दान दिंदै भन्यो– "साधुजी ! अबदेखि प्रत्येक दिन तपाईले मेरो घरबाट यति भिक्षा पाउनुहुनेछ ।"

भिक्षु रोहणले सोनुत्तर ब्राह्मणको घरबाट हरेक दिन एक पन्यूँ भातका साथै त्यही अनुसारका तिहुन तरकारी पाउन थाले । भिक्षुको शान्त स्वभावबाट सोनुत्तर ब्राह्मण दिन प्रतिदिन झनझन प्रभावित हुँदैगयो । पछिबाट सोनुत्तर ब्राह्मणले स्थविर रोहणलाई सधैंभरि उसैको घरमा भोजन गर्न आउन निमन्त्रणा गर्‍यो । स्थविर रोहणले पनि उसको

Downloaded from http://dhamma.digital

निमन्त्रणा स्वीकार गरी, दिनदिनै उसकहाँ गई भोजन गर्ने र भोजनपछि भिक्षुहरूको **परिपाटी अनुसार**[16] उसलाई केही बुद्धोपदेशहरू सम्झाएर जाने गरे ।

देवपुत्र महासेनले सोनुत्तर ब्राह्मणकी स्वास्नीको गर्भमा प्रतिसन्धि ग्रहण गरेको दश महीनापछि उनीबाट एक बालकको जन्म भएको थियो। उनको नाम नागसेन राखिएको थियो । उनको उमेर सात वर्ष पुग्नेबित्तिकै उनलाई ब्राह्मण-कूलको मूलशिक्षा मानिएका तीन वेदकासाथै अन्य शास्त्रहरू पनि पढाउन पठाएको थियो । नागसेनले अति छोटो समयमै तीन–वेदसहित त्यस कूलमा पढाइने अन्य सबै शास्त्रहरूमा पारङ्गत भई आफ्नो प्रतिभाको प्रदर्शन गरे । पढाई टुंग्याएर फर्केपछि एक दिन आफ्नो **पूर्व संस्कारबाट**[17] प्रेरित हुँदै नागसेनले आफूले पढिसकेका ती विद्याहरूमा केन्द्रित भई तिनीहरूको आदि, मध्य तथा अवसानमाथि मनन गरे। तर उनले ती विद्याहरूमा कुनै तथ्य, कुनै सारतत्त्व पाउन सकेनन् । त्यसैले उनी अत्यन्तै खिन्न भए । आयुष्मान रोहणले आफ्ना ध्यानबलद्वारा नागसेनको त्यो मनस्थितिलाई थाहा पाए । अनि नागसेनसंग भेट गर्ने अभिप्रायले उनी तुरुन्तै वत्तनीय आश्रमबाट अन्तर्धान भई कजङ्गल गाउँमा प्रकट भए ।

त्यस दिन नागसेनको खलबलिएको मनमा स्थविर रोहणको शान्त स्वभाव र असाधारण लवाइ-हिंडाइले विशेष

Downloaded from http://dhamma.digital

प्रभाव पार्‍यो । उनले सोचे– "कतै यो भिक्षुले त कुनै सार-कुरो जानेको छैन ?" त्यसैले भिक्षुको त्यो अनौठो पहिरण र भेष भूषामाथि चासो लिई उनले सोधे– "भिक्षु ! तपाई किन सधैं आफ्ना दारी, जुङ्गा र कपाल खौरने गर्नुहुन्छ ?" ।

"नागसेन ! दारी, जुङ्गा र कपाल पाल्नाले अनेकौं झंझटहरूमा फँसिरहनुपर्ने हुन्छ । तिनीहरूको ढाँचाकाँचा बारे सोच्नुपर्ने हुन्छ । तिनीहरूको ढाँचाकाँचा गर्नुपर्ने हुन्छ । काँटछाँट गर्नुपर्ने हुन्छ । धुनुपर्ने हुन्छ । जटा छुटाउनुपर्ने हुन्छ । कोर्नुपर्ने हुन्छ । तेल लगाउनुपर्ने हुन्छ । टल्काउनुपर्ने हुन्छ । सुगन्धित पार्नुपर्ने हुन्छ । बाँध्नुपर्ने हुन्छ । फूलले सजाउनुपर्ने हुन्छ । फेरि तिनीहरू झर्ने डर हुन्छ । फुल्ने डर हुन्छ । तिनीहरूमा जुम्रा पर्ने डर हुन्छ । तिनीहरूलाई छोटयाउन नाउको चाकरी गर्नुपर्ने हुन्छ । तिनीहरूलाई रङ्गाउनुपर्ने हुन्छ । यसरी दारी, जुङ्गा र कपाल पाल्नाले उपरोक्त १६ किसिमका अनावश्यक झंझटहरू बोक्नुपर्ने हुन्छन् । यी बेकारका समस्याहरूमा अल्झिरहनाले संसारका अन्य अति सूक्ष्म कुराहरूबारे सोच्नै नपाउने होइन्छ । त्यसैले हामी भिक्षुहरू ती झंझटहरूबाट बच्नाको निमित्त सधैं दारी, जुङ्गा र कपाल जम्मै खौरने गर्दछौं ।"

"अनि तपाईका यी लुगाहरू किन यस्ता अनौठा किसिमका छन् त ? के यसमा पनि त्यस्तै केही रहस्यहरू लुकेका छन् ?"

Downloaded from http://dhamma.digital

"अवश्य । नागसेन ! गृहस्थका पहिरनहरू काम-वासनाले भरिएका हुन्छन् । फेरि ती बहुमूल्य बस्त्रहरू लगाउँदा अन्य थुप्रै भयहरूको पनि सामना गर्नुपर्ने हुन्छन् । तर मेरो यो बस्त्र, जो नौ ओटा फाल्तु किसिमका टुक्राटाक्री कपडाहरू गाँसेपछि त्यसलाई पहेंलो रंगमा रङ्गाएर बनाइएको छ, ती अवगुणहरूबाट पूर्णतया मुक्त छ ।"

"भिक्षुको त्यो लवाई जस्तो साधारण कुरोमा पनि त्यति गहन रहस्यहरू लुकिरहेको कुरो सुनेपछि नागसेनलाई के कुरोमा पक्का विश्वास भएछ भने त्यो भिक्षुले पक्कै पनि केही सारयुक्त ज्ञानका कुराहरू थाहा पाएको हुनसक्छ । त्यसैले उनले पुन: भिक्षुसंग यसरी सोधे– "के, तपाईले कुनै सारयुक्त ज्ञानको कुरो पनि जान्नुहुन्छ त ?"

"अवश्य जान्दछु, नागसेन ! म संसारको सबैभन्दा मूल तथ्यका साथै सबैभन्दा महत्त्वपूर्ण मन्त्रलाई पनि जान्दछु ।"

"म पनि त्यस्तो ज्ञान थाहा पाउन इच्छुक छु । के तपाईले त्यो ज्ञान मलाई पनि सिकाउन सक्नुहुन्छ ? "

"सक्दछु । नागसेन ! म तिमीलाई पनि त्यो ज्ञान सिकाउन सक्छु । तर त्यसको निम्ति तिमीले पनि आफ्ना **आमाबाबुको स्वीकृति**[18] लिएर म जस्तै प्रव्रजित हुनु अत्यावश्यक छ ।"

भिक्षु रोहणले जानेको, त्यो 'मन्त्र' सिक्नको लागि प्रव्रजित हुनमा नागसेन तत्पर भए । उनले आफ्ना आमा-

Downloaded from http://dhamma.digital

बाबुसंग आफू प्रव्रजित हुने अनुमति मागे। उनका आमा-बाबुले पनि उनले सिक्न चाहेको 'मन्त्र' सिकिसकेपछि उनी फेरि घरै फर्केलान् भन्ने सोची उनलाई प्रव्रजित हुने स्वीकृति दिए।

आयुष्मान रोहण, गृहस्थ जीवनबाट उम्काइल्याएको नागसेनलाई पछि लगाई, वत्तनीय आश्रमको विजम्भवत्थुमा पुगे। एक रात त्यहाँ बिताई भोलिपल्ट बिहानै उनीहरू रक्षिततल प्रदेशतिर रवाना भए। रक्षिततलमा पुगेपछि आयुष्मान रोहणले त्यहाँका असंख्य अर्हत्भिक्षुहरूको उपस्थितिमा नागसेनलाई प्रव्रजित गरिदिए।

"आयुष्मान रोहणले, नागसेन साह्रै प्रतिभाशाली छन् र उनले **अभिधर्म**[19] जस्तो गम्भीर धर्म पनि सजिलै बुझ्न सक्ने छन् भन्ने थाहा पाएकाले उनलाई सुरुमै अभिधर्म सिकाउन थाले। प्रतिभाशाली श्रामणेर नागसेनले अभिधर्म पिटकका सातै ओटा ग्रन्थहरू अति अल्प समयमै अध्ययन गरी सिद्धयाए। आफ्नो पढाई सकेपछि, आफ्नो परीक्षा लिन-बसेका अर्हत्भिक्षुहरू सामु उनले बडो कुशलतापूर्वक पूरै अभिधर्म पिटकलाई सात महिनाको समय लगाई **कुशल**[20], **अकुशल**[21] र **अव्याकृत**[22] धर्मका परिवेशमा व्याख्या गरी सुनाए। नागसेनको त्यस्तो विलक्षण किसिमको प्रतिभा देखी त्यहाँ उपस्थित सबै अर्हत्भिक्षुहरूका साथै अन्य कतिपय देवताहरू पनि निकै प्रभावित भए। यसरी अति

Downloaded from http://dhamma.digital

प्रभावित भएका अर्हत्‌भिक्षुहरूले श्रामणेर नागसेनको उमेर बीस वर्ष पुग्नेबित्तिकै उनको उपसम्पदा सम्पन्न गरिदिए ।

उपसम्पदाको भोलिपल्ट बिहान आफ्नो **उपाध्याय**[23] **स्थविर**[24] रोहणको पछिपछि लागी, कुनै एउटा गाउँतिर, भिक्षा माग्न गइरहेका, नयाँ भिक्षु नागसेनको मनमा यस्तो किसिमको कुरो उठेछ– "मेरो उपाध्याय मूर्ख रहेछन् । उनले मलाई भगवान बुद्धका अन्य कतिपय उपदेशहरू त्यसै पन्छाई खाली अभिधर्म मात्र सिकाएका रहेछन् ।" आयुष्मान रोहणले आफ्नो ध्यानवलद्वारा भिक्षु नागसेनको मनको कुरो उत्तिनैखेरि थाहा पाए । त्यसैले उनले भने– "नागसेन ! तिमीले आफ्नो मनमा जुन कुरो लिएका छौ, त्यो साह्रै नै अनुचित छ ।" आफ्नो उपाध्यायको त्यस्तो ध्यानशक्ति देखेर नागसेन तीन छक परे । उनले तुरन्तै आफ्नो अपराध स्वीकार गरी क्षमा याचना मागे । तर जवाफमा स्थविर रोहणले यसरी भने– "नागसेन ! म तिमीलाई अहिले नै कहाँ क्षमा दिन्छु र ? सुन ! सागलपुर नामको एक शहरमा मिलिन्द नामका कुनै एउटा राजा छन् । उनले भिक्षुहरूसंग मिथ्यादृष्टिले प्रेरित खालका उटपट्याङ्ग तर्कहरू गरी दुःख दिने, बुद्ध धर्मको हँसि उडाउने जस्ता नचाहिँदा कामहरू गर्दै आइरहेका छन् । जुन बेला तिमी उनका ती उटपट्याङ्ग तर्कहरूलाई काटी, उनलाई सारबुद्धि दिई फर्काउ त्यति बेला मात्रै म तिमीलाई क्षमा दिनेछु ।

Downloaded from http://dhamma.digital

त्यस कारण, हे, नागसेन ! तिमी छिटै **चारिका**[25] गर्दै वत्तनीय आश्रमतिर लाग। त्यहाँ आयुष्मान अस्सगुत्त हुनुहुन्छ। त्यहाँ पुगेपछि उहाँप्रति मेरो शुभकामनासहितको प्रणाम चढाइदिनु र तिमीलाई पनि मैले नै उहाँको निगरानीमा रही अध्ययन गर्न पठाएको हो भनी सुनाउनु। आउँदो **वर्षावास**[26] पनि तिमीले उतै बिताउनु। आयुष्मान अस्सगुत्तको सामिप्यमा रहेर तिमीले आफूमा ती गुणहरू विकास गर्न सक्नेछौ, जसका मद्दतले तिमी राजा मिलिन्दको उरन्ठेउलो बुद्धि हटाई उनलाई सारबुद्धि दिनमा समर्थ हुनेछौ।

भिक्षु नागसेन राजा मिलिन्दसंग तर्क गर्न दृढ संकल्पित हुँदै आफ्नो उपाध्याय रोहण स्थविरको आज्ञानुसार चारिका गर्दै वत्तनीय आश्रममा, आयुष्मान अस्सगुत्तकहाँ पुगे। नागसेनले आयुष्मान अस्सगुत्तलाई आफू आयुष्मान रोहणले पठाएकाले त्यहाँ आएको हुँ भनी सुनाउँदै विन्ति गरे। सबै कुरो थाहा पाइसकेपछि आगुष्मान अस्सगुत्तले भिक्षु नागसेनलाई पनि त्यसै आश्रममा बर्षावासको अधिष्ठान गराए।

कुनै एक **महाउपासिकाले**[27] लगातार तीस वर्षदेखि आयुष्मान अस्सगुत्तको सेवा गर्दै आइरहेकी थिइन्। बर्षावासको अन्तमा तिनले भिक्षु नागसेनसहित स्थविर अस्सगुत्तलाई भोजनको निमित्त उनीकहाँ निम्त्याइन्। आयुष्मान अस्सगुत्त, भोजनपछि दानानुमोदन गर्ने काम भिक्षु

Downloaded from http://dhamma.digital

नागसेनलाई अह्राई, आफू अघिबाटै आश्रममा फर्के । भिक्षु नागसेनले तिनी बूढी महाउपासिकालाई लोकोत्तर निर्वाण-सम्बन्धी अभिधर्मका गम्भीर तथ्यहरूबारे विस्तृत व्याख्या गरी सुनाए । नागसेनको उपदेश सुन्दासुन्दै "उत्पन्न भएको कुनै पनि वस्तु नाश हुँदोरहेछ" भन्ने रागरहित निर्मल धर्म-ज्ञानलाई त्यस महाउपासिकाले साक्षात्कार गरिन् । उता नागसेन आफैले पनि आफूले व्याख्या गर्दै सुनाइरहेका ती गम्भीर कुराहरूमाथि स्थिर स्मृति राखी चिन्तन-मनन गर्दै गइरहेका थिए । त्यसैले त्यसरी व्याख्या गर्दागर्दै नै नागसेन पनि, आफूले व्याख्या गरी सुनाएका कुराहरूका यथार्थतालाई भित्री मनबाट अभिभूत गरी, **श्रोतापत्ती**[28] फलले प्रतिष्ठित हुनमा समर्थ भए । त्यसरी नागसेनले एकै बाणबाट दुइ निशान लगाएको कुरो अन्तरयामी आयुष्मान अस्सगुत्तले आफ्नो आश्रममा बस्दाबस्दै नै थाहा पाइरहेका थिए । भिक्षु नागसेनको त्यस अति प्रशंसनीय उपलब्धिलाई उनले साह्रै सराहना गरे ।

केही कालपछि आयुष्मान अस्सगुत्तले भिक्षु नागसेन-लाई भगवान बुद्धका सम्पूर्ण उपदेशहरूको पूर्ण अध्ययन गर्न पाटलिपुत्र नगरस्थित अशोकाराम बिहारमा आयुष्मान धर्म-रक्षितकहाँ पठाए । पाटलिपुत्र नगर, वत्तनीय आश्रमबाट एकसय योजन टाढा पर्दथ्यो । चारिका गर्दै पाटलिपुत्र नगर-तिर लाग्दैगरेका भिक्षु नागसेनले पाँचसय गाडाहरू साथमा

Downloaded from http://dhamma.digital

लिई पाटलिपुत्रतिरै गइरहेका कुनै एक व्यापारी साथ पाए। संयोगले त्यो व्यापारी पनि अभिधर्मिक नै परेछ। नागसेन जस्तो अभिधर्ममा पारङ्गत भएका भिक्षुसंग दिनरात एकसाथ यात्रा गर्न पाउनु उसको लागि ठूलो सौभाग्यकै कुरो थियो। उसले नागसेनसित अभिधर्म विषयमा थुप्रै छलफल गरे। त्यसरी छलफल गर्दागर्दै "उत्पन्न भएको कुनै पनि वस्तु नाश हुनै पर्छ" –भन्ने धर्म-ज्ञानलाई स्वयम्ले अंगिकार गर्नमा भिक्षु नागसेन सफल भए।

अशोकाराममा आयुष्मान धर्मरक्षितकहाँ पुगेपछि प्रतिभाशाली भिक्षु नागसेनले बुद्धवचनका तीनै पिटकहरू सिर्फ तीन महीनाको छोटो समयमै अध्ययन गरी टुङ्ग्याए। फेरि अर्को तीन महीनामा पूरै त्रिपिटकको विस्तृत व्याख्या गर्न पनि उनले सिके। तर भिक्षु नागसेनको त्यस किसिमको प्रतिभा प्रदर्शनको प्रशंसा आयुष्मान धर्मरक्षितले गरेनन्। उनले उल्टो यसरी पो भने "नागसेन जरसी बिचरो गोठाला खाली गाई चराउने मात्र होइन्छ र गाईको दूध चाहिं अर्कैले पिउने हुन्छ, त्यसरी नै तिमीले पनि जतिसुकै छोटो समयमा जस्तोसुकै राम्रोसंग संपूर्ण त्रिपिटकको व्याख्या गर्न सिके तापनि जब तिमी स्वयं त्यसको रस पान गर्नमा असमर्थ छौ भने त्यसरी व्याख्यै मात्र गर्न जान्ने भएर के गर्छौ ?"

भिक्षु नागसेनले आयुष्मान धर्मरक्षितको भित्री संकेत राम्ररी बुझी जवाफ दिए– "**भन्ते**[29] मैले बुझें। यो

Downloaded from http://dhamma.digital

कसरलाई पनि म धेरै समयसम्म रहन दिन्न ।" नभन्दै त्यसै दिन राती **प्रतिसंविदाहरू**[30] सहितको अर्हत्फलले प्रतिष्ठित हुनमा सफल भए, भिक्षु नागसेन ।

नागसेन अर्हत्फलले प्रतिष्ठित भएको कुरो हिमालय पर्वतको रक्षिततलमा बसेका असंख्य अर्हत्भिक्षुहरूले आ-आफ्नो ध्यानबलद्वारा थाहा पाए । उनीहरूले उतिनैखेरि दूत पठाई नागसेनलाई रक्षिततलमा बोलाए । उनीहरूको अनुरोधमा भिक्षु नागसेन आफ्नो ध्यानबलले अशोकारामबाट अन्तर्धान भई रक्षिततलमा, ती भिक्षुहरूसामु प्रकट भए । ती अर्हत्भिक्षुहरूले नागसेनलाई बुद्ध, धर्म र संघको प्रतिष्ठार्थ राजा मिलिन्दसंग तर्कवाद गर्नजानेबारे संझाए । भिक्षु नागसेन पनि आपनो त्यो पुरानो संकल्प सम्पन्न गर्नजानमा तत्पर भए । उनले ती अर्हत्भिक्षुहरूलाई निर्भयसाथ सागलपुर नगरमा गई अनुकूल वातावरणको सिर्जना गर्नजानका निम्ति अनुरोध गरे ।

सागलपुर नगर एकपल्ट फेरि पहेंलो चिवरको प्रकाशले झकमक्क भयो । त्यहाँ पहिलेदेखि नै बनेका ठूलठूला बिहार-हरू तथा आश्रमहरू, जहाँका भिक्षुहरू राजा मिलिन्दको तर्कबाजी अगाडि टिक्न नसकी अन्यत्र गएका थिए, पुनः भिक्षुहरूले भरिभराउ हुन थाले ।

नगरमा पुनः देखिन थालेका भिक्षुहरूको चहलपहल-बाट राजा मिलिन्दको ज्ञानभोक एकपल्ट फेरि जागृत भयो ।

Downloaded from http://dhamma.digital

उनी आफ्ना पाँचसय यवन सल्लाहकारहरूलाई साथमा लिई कुनै योग्य भिक्षुसंग धर्मशास्त्रार्थ गर्ने अभिप्रायले संखेय परिवेण भित्र पसे । त्यहाँ उनको पहिलो जम्काभेट **त्रिपिटकाचार्य**[31] आयुष्मान आयुपालसंग भयो । कुशलक्षमको औपचारिकतापछि राजा मिलिन्दले आयुष्मान आयुपालसंग प्रश्न गरे– "भन्ते ! यहाँ कति कारणले प्रव्रजित हुनु भएको हो ? प्रव्रजित हुनुको खास उद्देश्य केही छ ?"

आयुष्मान आयुपालले जवाफमा भने– "धर्म र शान्तिपूर्वक जीवन बिताउनाको लागि म प्रव्रजित भएको हुँ ।"

तब तार्किक राजा मिलिन्दले तर्कजालको अर्को गोटी चलाए– "भन्ते ! प्रव्रजित नभइकन गृहस्थाश्रममै बसेर पनि धर्म र शान्तिपूर्वक जीवनयापन गर्नमा समर्थ भएकाहरू पनि कोही छन् ?"

सोझा आयुष्मान आयुपालले राजाको तर्कजाल चाल पाउन सकेका थिएनन् । उनले राजाको त्यस तार्किक प्रश्नको पनि सरल जवाफ दिंदै भने– "महाराज ! गृहस्थाश्रममै पनि धर्म र शान्तिपूर्वक बस्न सकेकाहरूको कमी छैन । भगवान् बुद्धले सर्वप्रथम सारनाथको ऋषिपतन मृगदावनमा **पञ्चवर्गीय**[32] भिक्षुहरूका लागि **धर्मचक्र**[33] घुमाउनु भएकै बेलामा पनि ती पञ्चवर्गीय भिक्षुहरूका साथै अठारकरोड ब्रह्मदेवताहरू तथा अरू पनि थुप्रै देवताहरूले धर्म-ज्ञानलाई अंगीकार गरेका थिए । ती ब्रह्मदेवताहरू तथा

Downloaded from http://dhamma.digital

अन्य देवताहरू जम्मै गृहस्थ नै थिए। उनीहरू कोही पनि प्रव्रजित भएका थिएनन्। पछि महासमय, महामङ्गल, सम-चित्तपरिचाय, राहुलोवाद र पराभाव सूत्रहरूको उपदेश हुँदा पनि अन्य असंख्य देवताहरूमा धर्म-ज्ञानको उदय भएको थियो। यसरी गृहस्थमै रहेर पनि धर्म-ज्ञान प्राप्त गर्न सकेकाहरू अनगिन्ती छन्।

तर्कजालको दुइ गोटी चालमै माथ हुन लागेका आयुष्मान आयुपालमाथि तर्कको बज्रपात गर्दै तार्किक राजा मिलिन्दले माथचाल चलाए– "भन्ते आयुपाल! तब त तपाईको प्रव्रज्याको कुनै प्रयोजन नै रहेनछ। जब गृहस्थमै रहेर पनि धर्म र शान्तिपूर्वक बस्न सकिदोरहेछ भने प्रव्रजित हुनु नै किन? विनसित्तै प्रव्रजित भई, **धुताङ्ग**[34] पालन गरी, दुष्कर जीवन बिताउनमा लाग्नाको पछाडि एउटै कारण होला। मेरो विचारमा त्यो के होला भने ती भिक्षु-हरूले आ-आफ्ना पूर्वजन्ममा गरिआएका पाप कर्मकै भोग होला। एकासनिक धुताङ्ग पालन गर्ने भिक्षुहरूले पूर्वजन्ममा चोर भएर अरूले उपभोग गरिरहेका सामानहरू चोर्ने गरि-आएका होलान्। त्यसैले नै उनीहरू यो जन्ममा आफ्ना मन लागेका ठाउँमा जान–बस्न र आफ्ना मनले चाहेका चीजहरू खान–पिउन नपाउने भएका छन्। त्यस्तै नै जुन भिक्षुहरूले अभोकाशिक धुताङ्ग पालन गरेका छन् उनीहरूले पूर्वजन्ममा डाँका मारेका होलान्। अर्काका घर-छाप्राहरू जलाएका

Downloaded from http://dhamma.digital

होलान् । सोसानिक धुताङ्ग पालन गर्नेहरूले पूर्वजन्ममा लुटाहा भएर बटुवाहरूलाई लुटी, उनीहरूका हात-खुट्टा बाँधी, उनीहरूलाई बाटोमै थचक्क बसाली भागेका होलान् . . .।"

वास्तवमा धुताङ्ग जस्तो महान् व्रतको त्यसरी उपहास गर्ने राजा मिलिन्दको मुखमा तर्कले बुझो लाउनु कति पनि गाह्रो काम थिएन । किन भने बुद्धले अनेकपल्ट धुताङ्गको भुरी-भुरी प्रशंसा गरी त्यसको अचूक उपलब्धिबारे बताइजानु भएको छ । धुताङ्गको पालना अर्हत्फल प्राप्त गर्नको लागि नभई नहुने पूर्व शर्त हो । तेह्रओटा धुताङ्गको पालनाद्वारा परिशुद्ध नगराइएको चित्तमा धर्म-ज्ञानको उदय हुनसक्ने कुरै थिएन । जति पनि देवताहरूले गृहस्थ जीवनमै धर्म-ज्ञानलाई साक्षात्कार गरी अर्हत्फलमा प्रविस्त हुन सकेका थिए, वास्तवमा उनीहरू सबैले आ-आफ्ना अनेकौं पूर्वजन्महरूमै ती तेह्रै ओटा धुताङ्गहरूको पालनाद्वारा आ-आफ्ना चित्त परिशुद्ध गरिसकेका थिए । उनीहरू खाली योग्य गुरुको खाँचो मात्रले धर्म-ज्ञानको साक्षात्कार गर्नबाट वंचित भइरहेका थिए । अन्यथा उनीहरूले बुद्धको एकै उपदेश सुन्नपाएको भरमा गृहस्थमै रही अर्हत् हुनसक्नु कुनै ठट्टाको कुरो थिएन । यी सब कुरो त्रिपिटकाचार्य आयुष्मान आयुपाललाई पनि थाहा नभएको त थिएन । तर कुरो के थियो भने सरल स्वभावका आयुष्मान आयुपालले त्यस वेला राजा मिलिन्दले अकस्मात त्यसरी आक्षेप गर्ला भनी चिताएकै थिएनन् ।

Downloaded from http://dhamma.digital

आफूमाथि एक्कासि त्यसरी चिताउँदै नचिताएको ढंगबाट आक्रमण भएकाले उनी एकातिर किङ्कर्तव्यविमूढ भई अन्योलमा परेका थिए त अर्कोतिर आफ्नो अति सोझोपन-माथि आफै लज्जित पनि भएका थिए। त्यसैले उनी उत्तिनै-खेर राजा मिलिन्दलाई कुनै जवाफ दिनमा असमर्थ भई चुप लागी बसे ।

आफ्नो त्यस्तो आक्षेपपूर्ण तर्कमाथि पनि आयुष्मान आयुपालबाट तत्काल कुनै किसिमको प्रतिकार नभएको देखेपछि राजा मिलिन्दले– "यो भिक्षु अरूका आँखामा जतिसुकै ठूलो पण्डित भए तापनि यिनीबाट मेरा शंका तथा द्विविधाहरूको समाधान हुन सक्नेछैन" भन्ने सोचे। उनले आयुष्मान आयुपालसंग फेरि पनि शास्त्रार्थ गरिरहनु व्यर्थ ठाने। त्यसैले राजा मिलिन्दले आफ्ना यवन सल्लाहकारहरू-लाई कुनै अर्को अझ बढी योग्य पण्डितको खोजमा जान अह्राए। उनका पाँचसय यवन सल्लाहकारहरूले, बुद्धोपदेश-लाई साह्रै निर्भिक र निडरकासाथ, सबैलाई चित्त बुझ्ने गरी व्याख्या गर्नमा अद्वितीय कहलिएका, सबैको द्विविधा र शङ्का निर्मूल पारी धर्मबोध गराउनमा ठूलो नाम कमाएका, भिक्षु नागसेनसंग राजाको भेट गराइदिनु उचित होला, भन्ने ठाने। उनीहरूले आपसमा सरसल्लाह गरेपछि राजाका सामु भिक्षु नागसेनको नाम लिएर उनको ख्यातिको प्रशंसा गरे। राजा मिलिन्द पनि भिक्षु नागसेनसंग सत्सङ्ग गर्न तत्पर भए।

Downloaded from http://dhamma.digital

जुन वेला राजा मिलिन्द आफ्ना पाँचसय यवन सल्लाहकारहरू साथमा लिई भिक्षु नागसेनलाई भेट्न भनी आएका थिए, त्यस वेला आयुष्मान नागसेन अन्य अस्सीहजार भिक्षुहरूका साथ संखेय परिवेणको सम्मेलन गृहमा बसिरहेका थिए। भिक्षुहरूको त्यो ठूलो परिषद्लाई टाढाबाट देख्नेबित्तिकै राजा मिलिन्दले आफ्नो मन्त्रीसंग त्यत्रो ठूलो परिषद् कसको हो भनी सोधे। जवाफमा मन्त्रीले त्यो पूरै परिषद् भिक्षु नागसेनको हो भनी सुनाए।

नागसेन, त्यो नामैले पनि राजाको मनस्थलमा एक किसिमको हलचल पैदा गरेको थियो। अब उही नागसेनको फेरि त्यत्रो परिषद् देख्दा त उनको मनमा भुइँचालै गए जस्तो भयो। उनलाई आफ्ना सबै तर्कशक्तिहरू त्यसै त्यसै क्षीण हुँदै गए जस्तो लाग्न थाल्यो। यसरी नागसेनको नाम सुन्नाले र नागसेनको परिषद् देख्नाले आफूमा त्यस्तो अचम्मको प्रतिक्रिया हुन गएको अनुभव भएपछि विद्वान् राजा मिलिन्दले नागसेनसंग आफ्नो कुनै किसिमको संस्कारिक सम्बन्ध भएको हुनुपर्छ भन्ने सोचे। त्यसैले उनले, कुनै अर्को तेस्रो व्यक्तिको सहयोग विना आफू स्वयंले नागसेनलाई चिन्न सकिएला कि भनी हेर्न चाहे। त्यो परिषद्मा आयुष्मान नागसेन आफूभन्दा जेठा चालीसह ार भिक्षुहरूको पछाडि र आफूभन्दा कान्छा चालीसहजार भिक्षुहरूको अगाडि पर्ने गरी बीचमा बसिरहेका थिए। ती अस्सीहजार भिक्षुहरूको परिषद्लाई राम्ररी

Downloaded from http://dhamma.digital

नियालेर हेरेपछि, राजा मिलिन्दले ती भिक्षुहरूको बीचमा निर्भय र निडरकासाग सिंह जस्तै स्थिर तर शान्त स्वभावले बसिरहेका आयुष्मान नागसेनलाई सजिलैसंग चिन्न सके। भिक्षु नागसेनसंग आँखा चार हुने बित्तिकै राजाको मनमा किन हो कुन्नि अकस्मात् एक किसिमको भए उत्पन्न हुन गयो। तर त्यसरी आफैले नागसेनलाई चिन्न सकेकोमा उनी फेरि अर्कोतिरबाट केही खुसी पनि भए। भिक्षु नागसेनसंग आँखा चार भइसकेपछि राजा मिलिन्दको मनमा यस्तो लाग्यो– "मैले धेरै किसिमका पण्डितहरूलाई भेटिसकेको छु र धेरैसंग शास्त्रार्थ पनि गरिसकेको छु। तर मेरो मनस्थिति आज जस्तो कातर पहिले कहिल्यै भएको थिएन। आज नागसेनको नाममात्र सुन्दैमा, उनीसंग आँखामात्र जुध्दैमा पनि मेरो चित्त अस्थिर भइरहेको छ। आज म अवश्य पनि पराजित हुनेछु।" यस्तो विचार आउने बित्तिकै राजाको मन अलि गह्रौं जस्तो भएको थियो। तर अब उनको अगाडि भिक्षु नागसेनसित सामना गर्नु बाहेक अर्को उपाय केही थिएन। त्यसैले उनी भिक्षु नागसेनका नगिचै पुगी, उनलाई नमस्कार गरी, एक छेउ बसे। भिक्षु नागसेनले पनि उनलाई उचित आदर सत्कार गरे। भिक्षु नागसेनको त्यस्तो व्यवहार देखी राजा मिलिन्द निकै सन्तुष्ट भए। उनले तब प्रश्न गरे– "भन्ते ! म यहाँलाई कुन नामबाट चिन्न सकूँला ?"

Downloaded from http://dhamma.digital

यसो हेर्दा राजाको प्रश्न अति साधारण देखिन्थ्यो। तैपनि त्यसमा आत्मवादको भावना लुकेको थियो। तर्क-विद्यामा अद्वितीय भएका भिक्षु नागसेनले आत्मवादी सिद्धान्तमा विश्वास गरिआएका राजा मिलिन्दको त्यस प्रश्नमा लुकी बसेको आत्मवादी गन्धको चाल नपाउने त कुरै थिएन। फेरि, तर्कयुद्धमा जित्न चाहनेले आफ्नो प्रतिद्वन्दिलाई आफूमाथि आक्रमण गर्ने मौकै नदिई सधैं आफू नै आक्रमक अवस्थामा रहनुपर्छ भन्ने कुरो पनि भिक्षु नागसेनलाई राम्ररी थाहा थियो। त्यसैले उनले एकैपल्ट आत्मवादमाथि धावा गरे– "महाराज ! मानिसहरू मलाई नागसेन नामबाट चिन्ने गर्दछन्। मेरा सब्रह्मचारीहरू पनि मलाई यसै नामबाट बोलाउने गर्दछन्। तर महाराज ! कसैको आमा, बाबु या कसैले कसैलाई नागसेन, सूरसेन, वीरसेन, सिंहसेन आदि कुनै एउटा नाम दिने गरे तापनि त्यो खाली व्यवहारको लागि दिइएको संज्ञा मात्र हुन्छ। वास्तवमा त्यस्तो नामको कुनै एक व्यक्ति हुँदैन।"

भिक्षु नागसेनले त्यसरी एकैपल्ट आत्मवाद माथि आक्रमण गर्लान् भन्ने कुरो राजा मिलिन्दले चिताउँदै चिताएका थिएनन्। त्यसैले केही विचलित हुँदै स्रोताहरूलाई आफ्नो पक्षमा पार्ने विचारले उनले भने– "सुन्यौ अस्सीहजार भिक्षुहरू हो ! सुन्यौ मेरा पाँचसय यवनहरू हो ! 'वास्तवमा कुनै एक व्यक्ति छैन' यही होइन त आयुष्मान नागसेनको

Downloaded from http://dhamma.digital

भनाइ ? के तपाई–हामी त्यस कुरोमा सहमत हुन सक्छौं ?" आवेसमा यति भनिसकेपछि अलिकति सह्मलिंदै उनले फेरि आपनै ढंगले भिक्षु नागसेनमाथि तर्कवाण चलाए– "भन्ते नागसेन ! जसले तपाईलाई चिवर, भिक्षा, शयनासन तथा **ग्लानप्रत्यय**[35] दान दिएको छ, त्यो को हो ? एक व्यक्ति होइन ? अनि ती वस्तुहरूको उपभोग गर्ने फेरि को हो त ? त्यो पनि एक व्यक्ति नै हो । होइन र ? यदि कुनै एक व्यक्ति नभएको भए कसले शीलको पालना गर्दछ ? कसले ध्यान-भावनाको अभ्यास गर्दछ ? कसले **आर्य अष्टाङ्गिक मार्गमा**[36] लागी निर्वाणफलको साक्षात्कार गर्दछ ? अनि फेरि कसले चोरी गर्दछ ? कसले भूटो बोल्दछ ? कसले जाँड-रक्सी पिउँछ ? कसले प्राणीको हिंसा गर्दछ ? को काम-वासनामा आशक्त हुन्छ ? कसले पाँच **अन्तरायीक पापकर्महरू**[37] गर्छ ? . . . तपाई भन्नुहुन्छ कुनै एक व्यक्ति छैन । जब कुनै एक व्यक्ति नै छैन भनी तपाई भन्नुहुन्छ त, पाप र पुण्य पनि त केही हुने भएन नि तपाईको लागि । किन भने व्यक्ति नै नभएपछि पाप गर्ने पनि हुने भएन । पुण्य गर्ने पनि हुने भएन । पाप गराउने पनि हुने भएन । पुण्य गराउने पनि हुने भएन । पाप कर्मको फल भोग्ने पनि भएन, पुण्य कर्मको फल भोग्ने पनि भएन । अनि त भन्ते ! कसैले तपाईलाई मारे पनि त कसूर लाग्ने भएन नि. . . ।"

Downloaded from http://dhamma.digital

राजा मिलिन्द तर्कबाजीमा भिक्षु नागसेनलाई एक पल्ट पछार्न मात्र होइन उठ्नै नसक्ने गरी थचार्न चाहन्थे। त्यसैले भिक्षु नागसेनलाई उम्कने कुनै मौका नै नदिइकन लगातार आफ्नो तर्कपासोमा कस्दै जाने अभिप्रायले राजा मिलिन्दले सोधे– "भन्ते ! तपाई भन्नुहुन्छ तपाईका सब्रह्मचारीहरू तपाईलाई नागसेन भनी बोलाउँछन्। त त्यो नागसेन हो के रहेछ ? के त्यो, तपाईको कपाल नागसेन हो ?"

"होइन महाराज !" आयुष्मान नागसेनले उत्तर दिए।

"त्यो, तपाईको शरीरमा उम्रिएका भूसहरू नागसेन हुन् त ?"

"होइनन्, महाराज !"

"तपाईको नङ, दाँत, छाला, मासु, नसा, हाड, मासी, मुटु, कलेजा, जालो, फियो, फोक्सो, बोसे आन्द्रा, मसीनो आन्द्रा, भुँडी, गू, गिदी, पित्त, खकार, पीप, रगत, पसिना, चिल्लो, आँसु, बोसो, थुक, सिङ्गान, र्याल, पिसाब नागसेन हुन त ?"

"होइनन् महाराज !"

"के त, तपाईको रूप नागसेन हो ?"

"होइन महाराज !"

"तपाईको वेदना नागसेन हो ?"

"होइन महाराज !"

"तपाईको संज्ञा नागसेन हो ?"

Downloaded from http://dhamma.digital

"होइन महाराज !"

"तपाईको संस्कार नागसेन हो ?"

"होइन महाराज !"

"तपाईको विज्ञान नागसेन हो ?"

"होइन महाराज !"

"भन्ते ! के त, रूप, वेदना, संज्ञा, संस्कार, विज्ञान, सबै एकै साथ नागसेन हो ?"

"होइन महाराज !"

"अनि रूप, वेदना, संज्ञा आदि भन्दा वेग्लै अरू नै कुनै 'नागसेन' भन्ने छ त ?"

"छैन महाराज !"

"भन्ते ! म तपाईसंग सोध्दा सोध्दै थाकिसकेको छु । तर पनि नागसेन को हो, थाहा पाउन सकेको छैन । भन्ते नागसेन ! जब तपाईको शरीरको कुनै पनि भौतिक अंगका साथै तपाईको चित्तमा हुने कुनै मनोगत वेदना आदि पनि नागसेन होइन भनेपछि नागसेन भन्ने आखिर हो के रहेछ ? के त, 'नागसेन' यो एउटा विना कुनै मतलबको, खोक्रो शब्दै मात्र हो त ? . . . . होइन भन्ते ! नागसेन त्यस्तो खोक्रो शब्द होइन, त्यो तपाईको शरीर भित्र बसिरहेको व्यक्ति हो । हो भन्ते ! नागसेन उही व्यक्ति नै हो ! म त यही कुरो ठोकेर भन्छु । भन्ते ! 'नागसेन' भनिने कुनै एक व्यक्ति छैन भनेर तपाईले अगि जुन कुरो भन्नुभएको छ त्यो वास्तवमा

Downloaded from http://dhamma.digital

सफेद भूट नै हो।"

यसरी राजा मिलिन्दले बडो चलाकिपूर्ण ढंगले आफ्ना प्रतिद्वन्दि भिक्षु नागसेनलाई खण्डन-प्रतिखण्डनको प्रक्रिया चलाउने कुनै मौका नै नदिइकन घुमाई-फिराई, चारैतिरबाट तर्कजालले घेर्दै घेर्दै अन्तमा भिक्षु नागसेनको अनात्मवादी सिद्धान्त, एउटा चोखो भूट सिवाय, अरू केही होइन भन्ने कुरो आफ्नो तर्फबाट साबित गरेरै छोडे। यति गरी सकेपछि, बल्ल उनले, एक छिन सन्तोषको सास फेरे। उनी तब गर्वकासाथ शिर ठाडो पारी भिक्षु नागसेनको प्रतिक्रियाको प्रतिक्षामा बसे।

सागर जस्तो गम्भीर स्वभाव तथा हिमालय जस्तो स्थिर चित्त भएका, वादविवाद गर्नमा अद्वितीय ठहरिएका, भिक्षु नागसेन आफूलाई कसैले जस्तोसुकै तर्कपासोमा फसाए पनि सजिलैसंग त्यसबाट फुत्की, उल्टो त्यसको त्यो पासो उसैमाथि फालनमा अति सिपालु थिए। उनी अब त्यस्तै गर्नतिर लागे– "महाराज! तपाई क्षत्रीय हुनुहुन्छ। ज्यादै सुकुमार हुनुहुन्छ। दिनको दोस्रो पहरको यो बल्दो घाममा त्यो तातिएको बालुवा र कङ्कटले भरिएको बाटोमा हिंडेर पाल्नुभएकोले तपाईको खुट्टा गलेका होलान्। जिउ दुखेको होला र मन खिन्न भएको होला। होइन र? . . . .त्यसो त तपाई हिंडेर पाल्नु भएको नभई सवारीमा पाल्नु भएको पनि हुन सक्छ। सवारीमा पाल्नु भएको भए कुन किसिमको

Downloaded from http://dhamma.digital

सवारीमा पाल्नु भएको हो क्यारे ?"

अकस्मात् भिक्षु नागसेनले यसरी विषयवस्तु बदलेकोले राजाको मनमा कता कता एक किसिमको चिसो त अवश्य पनि पर्न गएकै थियो । तर राजाले उठाएको बञ्चरो राजाकै खुट्टामा बजार्ने सूरसारमा त्यो भिक्षु छ भन्ने कुरो राजा मिलिन्दले चिताएकै थिएनन् । त्यसैले एक छिनको अकमकाइ-पछि राजाले तथ्य कुरो भने– "भन्ते ! म पैदल आएको होइन । रथमा आएको हुँ ।"

राजाले के जवाफ देलान् भन्ने कुरो भिक्षु नागसेनलाई पहिलेबाटै थाहा थियो । वास्तवमा राजाबाट त्यस्तो जवाफ पाउनु नै भिक्षु नागसेनको लक्ष्य थियो । त्यसैले राजाको मुखबाट उत्तर निस्कने बित्तिकै भिक्षु नागसेनले फेरि अर्को प्रश्न तेर्साइहाले– "महाराज ! तपाईको त्यो रथ कहाँ छ त ? के मलाई देखाउन सक्नु हुन्छ ? के त्यो दण्डी रथ हो ?

"होइन भन्ते !"

"के घोडा रथ हो ?"

"होइन भन्ते !"

"के चक्का रथ हो ?"

"होइन भन्ते !"

"के पालकी रथ हो ?"

"होइन भन्ते !"

"के त, ती डोरीहरू रथ हुन् ?"

Downloaded from http://dhamma.digital

"होइनन् भन्ते !"

"लगाम रथ हो त ?"

"होइन भन्ते !"

"कोर्रा रथ हो ?"

"होइन भन्ते !"

"त्यसो भए, के ती दण्डी, घोडा, चक्का आदि सबै संगै रथ हो ?"

"होइन भन्ते !"

"अनि के त, महाराज ! दण्डी, घोडा, चक्का इत्यादि भन्दा वेग्लै अरू नै कुनै रथ छ त ?"

"छैन भन्ते !"

"महाराज ! यहाँसंग प्रश्न गर्दागर्दै म त बिलकुल थाथिसकेको छु। तर पनि अहँ, रथ भन्ने के चीज हो थाहा पाउन सकेको छैन । के त, रथ खाली एउटा शब्दै मात्र हो त ? जब रथ भनिने कुनै एक वस्तु नै छैन भने, तपाईले फेरि किन 'म रथमा आएँ' भनेर झूटो बोल्नुहुन्छ ? महाराज ! सारा जम्बुद्वीपमा तपाई सबैभन्दा ठूला राजा हुनुहुन्छ, फेरि पनि तपाई कसको डरले झूटो बोल्नुहुन्छ ?" यसरी राजाले खनेको खाल्डोमा राजालाई नै खसालिसकेपछि, त्यसको जानकारी सबैलाई दिलाउन फेरि यसरी भने भिक्षु नागसेनले–"पाँच सय यवन तथा मेरा अस्सी हजार भिक्षुहरू हौ। तपाईहरू सबैले सुन्नु भएकै हो, भर्खरै हाम्रा राजा मिलिन्दले,

Downloaded from http://dhamma.digital

आफू रथमा सवारी भएर आएको हुँ भनी दावी गर्नु भएको थियो। तर अहिले मैले उहाँको त्यो रथ कहाँ छ भनी सोध्दा, उहाँ आफू बसिआएको रथ देखाउनमा असमर्थ हुनु भएको छ। तैपनि उल्टो उहाँ नै फेरि के भन्नुहुन्छ भने, नागसेन भन्ने कुनै एक व्यक्ति छैन भनी मैले भूटो बोलें रे ! के तपाईंहरू उहाँले ममाथि लगाउनु भएको त्यो आरोपलाई सही मान्न सक्नुहुन्छ ?"

यसरी आयुष्मान नागसेनले बडो कुशलतापूर्वक, राजा मिलिन्दले आफूमाथि प्रयोग गरेका एक एक हतियार फेरि उही क्रममा उनैमाथि फर्काउँदा फर्काउँदै अन्तमा राजाको पासो राजाले जुन रूपमा आफ्नो घाँटीमा अँठ्याएका थिए ठीक त्यही रूपमा त्यो पासो फेरि उनैको घाँटीमा अँठ्याइदिएका थिए। भिक्षुको यस किसिमको निपुर्णता देखी, राजाले तीन छक खाए। अब राजा मिलिन्दको अगाडि, आफ्नो स्थिति सुधार्नलाई 'रथ' शब्दको परिभाषा स्पष्ट रूपमा पेश गर्नु सिवाय अर्को कुनै उपाय नै थिएन। उनी अब रथ शब्दको यथार्थ प्रष्ट्याउनमा लागे– "भन्ते नागसेन ! म कुरो लुकाउन्न। भूटो पनि बोल्दिन। वास्तवमा दण्डी, घोडा, पालकी, डोरी, लगाम आदि विभिन्न वस्तुहरूको कुनै एक विशेष समूहलाई दिइएको नाम नै मात्र रथ हो।"

राजाको मुखबाट त्यस्तो किसिमको उत्तर पाएपछि राजा अब बुद्धधर्मको परमार्थ सत्यलाई बङ्ग्याउने वा त्यसको

Downloaded from http://dhamma.digital

उल्टो अर्थ लाउने अवस्थामा छैनन् भन्ने कुरो भिक्षु नागसेनले बुझे। त्यसैले उनले राजालाई बुद्धधर्मको परमार्थ ज्ञान संझाउन थाले– "महाराज ! तपाईले ठीकै भन्नु भएको छ। रथ भनेको अरू केही होइन, वास्तवमा दण्डी, घोडा, पालकी लगाम आदि विभिन्न वस्तुहरूको कुनै एक विशेष अनुपातको संयोगै मात्र हो। त्यसै संयोगलाई नै व्यवहारको सुविधाको निम्ति 'रथ' त्यस्तो एउटा नामकरण गरिएको हो। ठीक त्यस्तै नै महाराज ! मेरो कपाल, भूस, नङ, दाँत, हाड, छाला, मासु आदि विभिन्न अङ्गहरूको आधारमा तिनीहरूको विशेष संयोगले बनिरहेको मेरो यो शरीरलाई व्यवहारिक सुविधाको निमित्त दिइएको नाम नै नागसेन हो। बुद्धको परमार्थ धर्म अनुसार नागसेन भनिने कुनै त्यस्तो विशेष र अलग अस्तित्व भएको "व्यक्ति" छैन। एकपल्ट कुनै एक भिक्षुणी बज्राले भगवान् बुद्धकै सामुन्ने यस्तै प्रसंगमा यसरी भन्नु भएको थियो– "जसरी विभिन्न अङ्गहरूको आधारमा रथ भन्ने नामकरण गरिन्छ ठीक त्यस्तै प्रकारले विभिन्न स्कन्धहरू भएको हुनाले, त्यसलाई एउटा प्राणी मान्नु पर्दछ।"

विद्वान् राजा मिलिन्दले आत्मवाद तथा अनात्मवाद, दुवै किसिमका दर्शनशास्त्रहरूको निकै नै अध्ययन गरिसकेका थिए। तैपनि त्यस विषयमा यस्तै हो भन्ने कुरो यकीन गर्न सकेका थिएनन्, उनले। तर भिक्षु नागसेनले, त्यो छोटो तर्कवार्तामा, त्यस्तो गम्भीर कुरोलाई पनि, जाबो एउटा रथ

Downloaded from http://dhamma.digital

जस्तो, साधारण वस्तुको उदाहरणसंग तुलनात्मक रूपमा प्रस्तुत गरेर, आत्मा किन छैन र यथार्थमा आत्मा भन्ने कुनै तत्त्व हुँदै नभएको भए तापनि व्यवहारले त्यो आत्मा भनिने कुनै तत्त्व साँच्चै भएको जस्तो भ्रम, मनमा किन पर्न जाँदो-रहेछ भन्ने कुरो छर्लङ्ग्याएका थिए। त्यसैले राजा निकै नै खुसी भए। उनले अति सन्तोष हुँदै, मनमनै भिक्षु नागसेनको ठूलो सराहना गरे। तैपनि त्यस विषयमा अझ बढी स्पष्ट हुनाका साथै नागसेनको योग्यताको एक अर्को पनि परीक्षा लिने विचारले राजा मिलिन्दले पुनः अर्को प्रश्न गरे–

"भन्ते ! यहाँ कति वर्षको हुनु भयो होला ?"

"महाराज ! म (उपसम्पदा भएको हिसाबले) सात वर्ष पुग्दै छु।"

"भन्ते ! यो सात के हो ? तपाईं नै सात हो वा खाली गणना मात्रै सात हो ?"

राजाको प्रश्न निकै अलमल्याउने खालको हुनुका साथै सोझो किसिमले जवाफ दिन नमिल्ने खालको पनि थियो। तर तर्क-विद्यामा पारङ्गत भएका, अति प्रत्युत्पन्नमति भएका, भिक्षु नागसेनलाई यस्तो बाङ्गो-टिङ्गो प्रश्नको जवाफ कसरी दिनुपर्छ भन्ने कुरो राम्ररी थाहा थियो। संयोगले त्यस वेला, बाहिर घाम चम्किरहेको थियो। त्यस भव्य सभागृहका झ्याल-ढोकाबाट पसिरहेका प्रकाशको कारणले उत्पन्न भएको राजाको छाँया, भुईंमा परिरहेको थियो। फेरि राजा र

Downloaded from http://dhamma.digital

भिक्षुकै बीचमा रहेको जलपात्रको पानीमा पनि राजाको छायाँ प्रतिबिम्बित भइरहेको थियो । भिक्षु नागसेनले त्यही छायाँ र प्रतिबिम्बलाई औंल्याउँदै सोधे– "महाराज ! तपाईंको छायाँ भुइँमा परिरहेको छ र त्यो जलपात्रको पानीमा पनि प्रतिबिम्बित भइरहेको छ । अब तपाईं नै भन्नु-होस् महाराज ! मैले यहाँलाई राजा मानुँ कि ती छायाँहरू मध्ये एकलाई राजा मानुँ ?"

"भन्ते ! राजा त मै मात्र हुँ । ती छायाँहरू कसरी राजा हुन सक्लान् ? ती छायाँहरू त खाली मेरो उपस्थितिको कारणले मात्र उत्पन्न भइरहेका छन् !" राजाको मुखबाट अनायासै जवाफ निस्क्यो ।

तब भिक्षु नागसेनले पनि राजाको त्यो अनौठो प्रश्नको जवाफ यसरी दिए– "महाराज ! ठीक त्यसरी नै तपाईंले अघि सोध्नु भएको, त्यो सात पनि मैले भिक्षु भएर बिताएका वर्षहरूको गणना मात्र हो । म नै सात होइन । तर तपाईंकै कारणले मात्र तपाईंको छायाँ उत्पन्न भएझैं ती सात वर्षहरू-को गणना पनि मेरै कारणले मात्र गरिन्छन् ।"

भिक्षु नागसेनले आफ्नो दोस्रो प्रश्नको उत्तर पनि त्यतिकै खूबीकासाथ दिएको सुन्न पाएपछि राजा मिलिन्द उनीदेखि निकै प्रभावित भए । यो भिक्षु साँच्चै नै पण्डित हुन् र यिनीसंग शास्त्रार्थ गरेर आफ्ना शंका तथा द्विविधाहरू जम्मै सुल्झाउन सकिनेछ भन्ने कुरो राजाले मनमनै निधो गरे । उनले त्यहीं वेला भिक्षुसंग शास्त्रार्थ गर्ने अनुमति मागे

Downloaded from http://dhamma.digital

पनि । भिक्षु नागसेनले राजासंग शास्त्रार्थ गर्न मान्न त माने तर साथमा एक शर्त पनि हाले । त्यस शर्त अनुसार भिक्षुले, राजाको कुनै पनि किसिमको मत या विश्वासलाई शास्त्रार्थको सिलसिलामा, तर्कद्वारा जस्तोसुकै किसिमले आघात पारे पनि त्यसमा राजा अलिकति पनि रिसाउन नपाउने भन्ने थियो । राजाले भिक्षुको त्यस शर्तलाई खुसीसाथ स्वीकार गर्नुका साथै भिक्षुलाई शास्त्रार्थको दौरानमा कुनै पनि कुरोमा कति पनि नहिचकिचाउन अनुरोध समेत गरे ।

यसरी राजा मिलिन्द र भिक्षु नागसेन दुवैजना, आपसमा शास्त्रार्थ गर्नमा पूर्ण सहमत भइसकेपछि राजा मिलिन्दको मन हर्षले प्रफुल्लित भयो । राजा मिलिन्द जतिको बुद्धिमान थिए उत्तिकै छट्टू पनि थिए, जतिको गम्भीर थिए उत्तिकै ठटचौलो पनि थिए । अति प्रफुल्ल मनवश राजा मिलिन्दले अनायास आफ्नो दोस्रो व्यक्तित्व प्रकट गर्न लागे– "भन्ते ! त्यसो भए म एक प्रश्न सोधुँ त ?"

"हुन्छ । सोध्नुस् !" भिक्षुले अनुमति दिए ।

"लौ ! मैले त सोधिसकें !"

"महाराज ! मैले पनि जवाफ दिएँ ।" भिक्षुले पनि भनिहाले । भिक्षु नागसेन चतुराइमा पनि राजा मिलिन्दभन्दा कत्ति पनि कम थिएनन् । उनले उत्तिनैख्जेर राजाको चलाकीको चाल पाइसकेका थिए ।

"खै ? के उत्तर दिनुभयो त ?"

"महाराज ! तपाईंले के सोध्नु भएको त ?"

Downloaded from http://dhamma.digital

भिक्षु नागसेन चलाक्याइँमा पनि आफूभन्दा कति पनि कम नभएको पाएपछि, राजा मिलिन्द उनीसंग शास्त्रार्थ गर्नमा अति उत्सुक हुन थाले । तर त्यस वेलासम्ममा दिन निकै ढल्किसकेको थियो। सिंगै पृथ्वीलाई एकपल्ट फेरि अग्नि गोलामै परिणत गरिएला जस्तो आफ्नो त्यो मध्याह्नको प्रचुर शक्ति त्यति चाँडै शिथिल भएकोले लाजले सरमाएको सूर्य, रातो मुख पारी, दूर क्षितिजमा लुक्न लम्किसकेको थियो । थता राजा मिलिन्दको मनमा पनि सूर्यको चमकमा आएको परिवर्तनभन्दा बढी नै परिवर्तन आइसकेको थियो । अन्य थुप्रै पण्डित कहलाइएका श्रमण ब्राह्मणहरूलाई लज्जित पारी पठाएझैं, आफ्ना तर्कपूर्ण तथा तीखा तीखा प्रश्नहरूले भिक्षु नागसेनको पण्डित्याइँलाई घायल पारी, उनको टाउको पनि निहुराई पठाउने राजाको जोश अब बिलकुलै सेलाइसकेको थियो । अब त उनी भिक्षु नागसेनसंग सत्सङ्ग गरी आफ्ना अधुरो ज्ञानभण्डार पूर्ण गर्ने सूरसारमा थिए । आफ्ना शंका तथा द्विविधाहरूबारे यो यस्तै हो भनी थाहा पाउने विचारमा थिए । तर त्यसको लागि सबैको ध्यानकेन्द्र भएको एउटा सार्वजनिक विहारको सभागृह जस्तो ठाउँ उपयुक्त थिएन । त्यस कारणले पनि राजा मिलिन्दले विवश भई, भिक्षु नागसेनसंग अर्को दिन बिहान सबेरै उनकै दरवार वैठकमा बसेर मात्र शास्त्रार्थ गर्ने स्वीकृति मागे । भिक्षु नागसेनले पनि त्यस्तै गर्नु उचित सम्झी, राजा मिलिन्दलाई सो कुरोमा स्वीकृति दिए ।

Downloaded from http://dhamma.digital

खण्ड–२

# २–मिलिन्द–प्रश्न

## (क) लक्षण प्रश्न

भोलिपल्ट बिहान सबेरै राजाका यवन सल्लाहकारहरू-मध्ये देवमन्त्री, अनन्तकाय, मंकुर र सब्बदिन्न, भिक्षु नागसेनलाई निमन्त्रण गर्न सम्बन्धमा सल्लाह गर्न राजासामु उपस्थित भए। सब्बदिन्नले सुरक्षाको दृष्टिकोणले भिक्षु नागसेनका साथमा अन्य कुनै दश जना भिक्षुहरूलाई मात्र निमन्त्रण गर्नुपर्ने राय प्रकट गरे। तर राजा त्यस कुरोमा सह-मत भएनन्। सुरक्षाको दृष्टिकोणले हेर्नुभन्दा जसरी हुन्छ भिक्षु नागसेनप्रति आफ्नो असीम श्रद्धा र विश्वास प्रकट गरी उनीसंग दिल खोलेर शास्त्रार्थ गर्न पाउनाको लागि अनुकूल वातावरण पैदा गर्नु नै राजा मिलिन्दले बढी महत्त्वपूर्ण सम्झे। त्यसैले उनले, भिक्षु नागसेनलाई आफूले चाहेजति भिक्षुहरू साथमा लिई राजदरबारमा पाल्नुहोस् भनी निमन्त्रण गर्ने काममा देवमन्त्री, अनन्तकाय र मंकुरलाई खटाई पठाए।

राजा मिलिन्दबाट त्यस किसिमको निमन्त्रणा गरी पठाएको कुरो थाहा पाएपछि भिक्षु नागसेन आफ्नो असी

Downloaded from http://dhamma.digital

हजार भिक्षुहरूको पूरै परिषद् साथमा लिई सागलपुर नगर-तिर प्रस्थान गरे। बाटोमा अनन्तकायले अघिल्लो दिन राजा र भिक्षुको सम्वादबाट आफूलाई अझै त्यति स्पष्ट हुन नसकेको कुरो स्पष्टसंग बुझ्ने अभिप्रायले भिक्षु नागसेनसंग सोधे– "भन्ते ! जब हामी 'नागसेन' भन्छौं त त्यो नागसेन भनिने वास्तवमा के चिज हुँदो रहेछ ?"

अनन्तकायको प्रश्न गराईबाट उनको पुरानो आत्मवादी धारणा अघिल्लो दिनको सत्सङ्गले लड्खडाएको त रहेछ, तर त्यसको ठाउँ भने वास्तविक तथ्यले अझै दह्रोसंग ओगट्न सकेको रहेनछ भन्ने कुरो नागसेनले बुझे। उनको पुरानो मिथ्या धारणालाई बिलकुलै ढाल्ने विचारले भिक्षु नागसेनले उल्टो उनैसंग यसरी प्रश्न गरे– "तपाई केलाई 'नागसेन' भनी सम्झने गर्नुहुन्थ्यो त ?"

"भन्ते ! जुन 'जीव–वायु' शरीरमा बाहिर–भित्र गरिरहन्छ म त्यसैलाई नागसेन भनी सम्झने गर्दथें।"

"तपाईले भन्नुभएको त्यो 'जीव–वायु' शरीरभित्र गएर फेरि बाहिर निस्केन अथवा बाहिर गएर फेरि भित्र फर्केन भने के हुन्छ ? त्यो शरीरधारी व्यक्ति मर्छ रे ! होइन ?"

"हो भन्ते ! त्यस्तै भनिन्छ।"

"कसैले शंख बजाउँदा, शंखमा फुकेको सास के फेरि पनि त्यसै भित्र फर्कन्छ र ?"

"फर्किन्न भन्ते !"

Downloaded from http://dhamma.digital

"के, कसैले बाँसुरी बजाउँदा बाँसुरीमा फुकेको सास फेरि पनि त्यसैभित्र फर्कन्छ त ?"

"फर्किन्न भन्ते !"

"कसैले तुरही फुक्दा तुरहीमा फुकेको सास फेरि पनि त्यसभित फर्कन्छ त ?"

"फर्किन्न भन्ते !"

"त्यसो भए तिनीहरू किन मर्दैनन् त ?"

आफ्नो लड्खडाइसकेको आत्मवादी मिथ्या धारणालाई भिक्षु नागसेनले त्यसरी बिलकुलै पछारेपछि अनन्तकायले पूर्ण समर्पित हुँदै भने– "म यहाँसंग शास्त्रार्थ गर्ने धृष्टचाइँ गर्न सक्दिन। कृपासाथ वास्तविक तथ्य सम्झाउनु हुन प्रार्थना गर्दछु।

अनन्तकायले त्यसरी अनुरोध गरेपछि भिक्षु नागसेनले अनन्तकायलाई भगवान् बुद्धको अभिधर्मानुसारको अनात्मवादी सिद्धान्त सम्झाउँदै भने– "हाम्रो शरीरमा 'जीव-वायु' भन्ने त्यस्तो अलग अस्तित्व भएको कुनै सत्व, जीव या आत्मा छैन। लगातार सास तान्नु र छोड्नु हाम्रो शरीरको एउटा स्वभाव धर्म मात्र हो।"

भिक्षु नागसेनले त्यस तथ्यलाई अझ बढी विस्तृत रूपमा सम्झाउँदै उदाहरणहरू सहित व्याख्या गरी सुनाएपछि अनन्तकायले भगवान् बुद्धको अनात्मवादी सिद्धान्तलाई राम्रोसंग अंगिकार गर्न सके। त्यस पछि उनी सदाको लागि

Downloaded from http://dhamma.digital

बुद्धधर्मको उपासक बने ।

आफूले चाहेजति भिक्षुहरू सहित भोजन गर्न पाल्नुस् भनी बोलाइपठाउदा भिक्षु नागसेन आफ्नो अस्सी हजार भिक्षुहरूको पूरै परिषद् नै साथ लिई आउनेछन् भन्ने कुरो राजा मिलिन्दलाई थाहा थियो । त्यसैले उनले अस्सी हजार भिक्षुहरूकै निमित्त भोजन व्यवस्था मिलाइराखेका थिए । राजदरबारमा पुगेपछि भिक्षु नागसेन तथा अन्य अस्सी हजार भिक्षुहरू सबै आ-आफ्नो लागि निर्दिष्ट गरिएको स्थानमा भोजन गर्न बसे । राजाले भिक्षु नागसेन सहित अन्य सबै भिक्षुहरूलाई भोजन दान गरी खुवाए । खाना पछि राजाले प्रत्येक भिक्षुलाई एकजोड चिवर र भिक्षु नागसेनलाई चाहिं तीनजोड चिवर दान दिए ।

त्यस किसिमले भोजन गराउने र दान दिने सम्पूर्ण कार्य सकिसकेपछि राजा मिलिन्दले भिक्षु नागसेनसंग आफ्नो परिषद्का अस्सी हजार भिक्षुहरूमध्ये कुनै दशजना भिक्षुहरू मात्रै आफ्नो साथमा राखी अन्य भिक्षुहरूलाई फर्काइदिनुहोस् भनी प्रार्थना गरे । भिक्षु नागसेनले पनि सो अनुरोधलाई उचित सम्झी आफ्ना भिक्षुहरूलाई त्यस्तै गर्न आज्ञा दिए । नागसेनले निर्दिष्ट गरेका दशजना भिक्षुहरू बाहेक अन्य सबै फर्किगए । त्यसपछि राजा मिलिन्दले भिक्षु नागसेनसंग कुन विषयमा सम्वाद सुरु गर्ने भनी सोधे । भिक्षु नागसेनले भिक्षु-हरूलाई धर्मार्थमै मात्र प्रयोजन हुने भएको हुनाले त्यही

Downloaded from http://dhamma.digital

विषयमा सम्वाद सुरु गर्ने अनुरोध गरे।

## १. प्रव्रज्या विषयक प्रश्न

"भन्ते नागसेन ! मानिसहरू किन प्रव्रजित हुन्छन् ? प्रव्रजित भइसकेपछि उनीहरूको परम उद्देश्य के हुन्छ ?"

"महाराज ! उत्पन्न भइसकेका दुःखहरू निवारण गर्नुकासाथै फेरि अर्को नयाँ दुःख सृजना हुन नदिनुका लागि मानिसहरू प्रव्रजित हुन्छन्। प्रव्रजित भइसकेपछि उनीहरूको परम उद्देश्य फेरि जन्मनु नपर्ने गरी निर्वाण पाउनु हुन्छ।"

"के सबैजना त्यसैको लागि प्रव्रजित भएका हुन्छन् त ?"

"होइन महाराज ! कोही कोही मात्र त्यसको लागि प्रव्रजित भएका हुन्छन्। अरूहरूमा कोही राजादेखि डराएर प्रव्रजित भएका हुन्छन् त कोही चोरदेखि डराएर पनि प्रव्रजित भएका हुन्छन्। कोही ऋण तिर्न नसकी प्रव्रजित भएका हुन्छन् त कोही खाली पेट भर्नको लागि पनि प्रव्रजित भएका हुन्छन्। जे होस्, यदि कसैले उचित दृष्टिकोण लिई प्रव्रजित हुनु छ भने त्यसैको लागि प्रव्रजित हुनु पर्छ।

"तपाईं त त्यसैको लागि प्रव्रजित हुनु भएको होला, होइन ?"

"होइन महाराज ! म सानै उमेरमा प्रव्रजित भएको थिएँ। केको लागि प्रव्रजित होइन्छ भन्ने कुरो त्यस वेला मलाई पनि थाहा थिएन। म त्यस वेला– 'बौद्ध भिक्षुहरू

Downloaded from http://dhamma.digital

पण्डित छन् र उनीहरूले मलाई पनि केही शिक्षा देलान् भन्ने सोचेर प्रव्रजित भएको थिएँ। वास्तवमा केको लागि प्रव्रजित होइन्छ भन्ने कुरो अहिले उनीहरूबाट सिकेर मात्र मैले थाहा पाएको हुँ।"

## २. जन्म र मृत्यु बारेको प्रश्न

"भन्ते नागसेन ! मरेपछि फेरि नजन्मने पनि कोही हुन्छन् ?"

"हुन्छन् महाराज !"

"भन्ते ! कस्ताले फेरि पनि जन्म लिन्छ र कस्ताले फेरि जन्म लिदैन ?"

"क्लेशबाट मुक्त भइसकेकाले फेरि जन्म लिने छैन, तर क्लेशबाट मुक्त हुन नसकी त्यसैमा अलिझरहनेले फेरि पनि जन्म लिनु पर्ने हुन्छ।"

"भन्ते ! तपाई फेरि अर्को जन्म ग्रहण गर्नुहुन्छ कि गर्नुहुन्न ?"

"महाराज ! संसारप्रति आसक्त भइरहें भने फेरि जन्म लिउँला। यदि संसारप्रतिको आसक्तिबाट छुट्न गएँ भने फेरि जन्म नलिने हुँला।"

## ३. ज्ञान र विवेक बारेको प्रश्न

"भन्ते ! तिनीहरू, जो फेरि जन्म नलिने हुन्छन्, उनीहरूले विवेक लाभ गरेका हुन्छन् के ?"

Downloaded from http://dhamma.digital

"महाराज ! उनीहरूले विवेक लाभ गरेका हुन्छन्, ज्ञान लाभ गरेका हुन्छन् र अरू पनि धेरै पुण्यधर्महरू लाभ गरेका हुन्छन् ।"

"किन ? विवेक र ज्ञान दुवै एउटै कुरो होइन र ?"

"होइन महाराज ! विवेक र ज्ञान दुइ वेग्ला वेग्लै कुराहरू हुन् । भेंडा–बाख्रा तथा गाई–गोरु जस्ता पशुहरूमा विवेक त हुन्छ तर ज्ञान भने हुँदैन ।"

"भन्ते ! विवेकको चिह्नारी के हो र ज्ञानको चिह्नारी के हो ?"

"महाराज ! बुझ्न सक्नु विवेकको चिह्नारी हो र ज्ञानको चिह्नारी चाहिं काट्न सक्नु हो ।"

"कुनै उपमाद्वारा प्रस्ट्याउनु हुन्छ कि ?"

"कुनै वेला जौको बाला कटानी भएको त देख्नु भएकै होला महाराजले ?"

"देखेको छु, भन्ते !"

"कसरी काट्दो रहेछ त ?"

"जौको बालोलाई बायाँ हातले समाती, दायाँ हातले हँसिया समाई काट्ने गर्दछ ।"

"ठीक त्यही किसिमले, महाराज ! योगीहरू विवेक-द्वारा आफ्नो चित्तलाई संयमित गरी, ज्ञानद्वारा त्यस चित्तमा हुने क्लेशलाई काटी फाल्ने गर्दछन । यही अर्थमा मैले विवेकको

Downloaded from http://dhamma.digital

चिह्नारी बुझ्नु र ज्ञानको चिह्नारी काट्न सक्नु हो भनेको हुँ।"

## ४. पुण्य धर्म के के हुन् ?

"भन्ते ! अघिको प्रसंगमा तपाईंले 'पुण्य धर्महरू' भनेर भन्नु भएको थियो। पुण्य धर्महरू भन्नाले हामीले के बुझ्नु पर्छ ?"

"शील, श्रद्धा, वीर्य, स्मृति र समाधि, यी नै पुण्य धर्म-हरू हुन्, महाराज !"

### (क) शीलको महत्त्व

"भन्ते ! शीलको महत्त्व के हो ?"

"आधार हुनु नै शील हो। शील नै **इन्द्रिय**[38], **बल**[39], **बोध्यङ्ग**[40] मार्ग, **स्मृति प्रस्थान**[41] **सम्यक प्रधान**[42], **ऋद्धिपाद**[43], **ध्यान**[44], **विमोक्ष**[45], **समाधि**[46] र **समापत्ति**[47] यी असल धर्महरू सबैको एक मात्र दिगो आधार हो। उपरोक्त धर्महरू शीलको आधारमा उठाएर नै परन्तुसम्म टिकाइएका हुन्छ।"

"यस कुरोलाई अझ बढी खुलस्तसंग बुझ्ने गरी एउटा उदाहरण दिनुभए हुन्थ्यो।"

Downloaded from http://dhamma.digital

"महाराज ! जसरी यस पृथ्वीमा रहेका सबै प्राणी तथा वनस्पतिहरू यस पृथ्वीकै आधार लिएर जन्मन्छन् र हुर्कन्छन् ठीक त्यसरी नै योगीहरू शीलमै दृढ भएर मात्र श्रद्धेन्द्रिय, वीर्येन्द्रिय, स्मृतिन्द्रिय, समाधिन्द्रिय र प्रज्ञन्द्रिय यी पाँच इन्द्रियको ध्यान भावना गर्न सक्ने हुन्छन् ।"

"अर्को उपमा पनि पाउन सक्छु कि ?"

"जसरी बल लगाएर गर्नु पर्ने जुनसुकै काम गर्नलाई दह्रोसंग भुइँमा उभेर भुइँकै आड लिएमा मात्र गर्न सकिने हुन्छ ठीक त्यसरी नै अघि भनिएका असल धर्महरू उपलब्ध गर्नुलाई पनि योगीहरूले शीलकै आधार लिनु पर्ने हुन्छ ।"

"अझै पनि अर्को उपमाको आशा गर्दछु ।"

"महाराज जसरी नयाँ नगर बसाउने कालिगडहरूले नगर बसाउनु भन्दा पहिले जहाँ नगर बसाउनु पर्ने हो त्यहाँका झारपातहरू हटाउँछन् र त्यहाँको भूमि समतल तुल्याउँछन् र त्यसरी समतल पारिसकेको भूमिमा मात्र आवश्यक सडक, बजार, चोक आदिको नक्सा खिची, नक्सा अनुसार मिल्ने गरेर घरहरू उठाउन लगाई नयाँ नगर बसाउने गर्दछन् । योगीहरू पनि ठीक त्यसरी नै सबैभन्दा पहिले कडाइकासाथ शीलहरूको पालना गर्दछन् र त्यसरी आफूले पालना गर्दै आएका शीलहरूकै आधारमा मात्र अरू असल धर्महरूको उत्थान गर्न गर्दछन् ।"

Downloaded from http://dhamma.digital

"फेरि पनि एउटा अर्को उपमा दिने कष्ट गर्नुहोला कि ?"

"महाराज ! जब कुनै खेलाडीलाई आफ्नो खेल कर्तै देखाउनु पर्ने हुन्छ, तब उसले सबैभन्दा पहिले त्यहाँको कडा माटोलाई कोदालोले खनी निकाल्न लगाउँछ। माटोमा मिसिएका इँटा, कङ्कर र ढुङ्गाहरू छानेर मिल्काउन लगाउँछ। यसरी छुटचाइएको नरम माटो मात्रले त्यो खाल्टो पुर्न लगाउँछ। यसरी अति नरम पारिसकेको भूमिमा मात्र त्यो खेलाडीले आपना कठीन खेलहरूको प्रदर्शन गर्ने गर्छ। त्यसरी नै महाराज ! योगीहरू सबैभन्दा पहिले विभिन्न शीलहरूको पालनाद्वारा आपनो चित्तलाई शुद्ध पार्दछन्। परिशुद्ध गरिएका चित्तलाई, फेरि ती अघि भनेका पाँच इन्द्रियहरूको ध्यान भावनाद्वारा पूर्ण वशमा लिन्छन्। यसरी शुद्ध एवं संयमित भएको चित्तले मात्र क्रमशः असल धर्महरूको उपलब्धि प्राप्त गर्दागर्दै अन्तमा कुशलताकासाथ सम्पूर्ण तृष्णाको जरा काटी निर्वाण समेत पाउन सक्ने हुन्छ।

शीलको बारेमा स्वयं भगवान् बुद्धले पनि यसरी भन्नु भएको छ–

"ज्ञानीहरू शीलको पालनामा अडिग भएर, ध्यान भावनाको अथक अभ्यासद्वारा चित्तलाई वशमा पार्छन् र यसरी संयमित चित्त भएका बुद्धिमानहरू नै तृष्णा रूपी जटालाई काटी फाल्नमा सफल हुन्छन्।

Downloaded from http://dhamma.digital

शील, यो पृथ्वीझैं सबैको आधार हो । कुशल धर्महरूको अभिवृद्धिको मूल हो । बुद्धशासनको इज्जत हो । अनि स्वयं मोक्ष प्राप्तिकै लागि पनि एउटा अति उत्तम मार्ग हो ।"

## (ख) श्रद्धाको कार्य

"भन्ते ! श्रद्धाको कार्यबारे पनि केही सुनाउनु हुन्छ कि ?"

"मनमा प्रसन्नता ल्याउनु र ठूलो आकांक्षा पैदा गर्नु यी नै श्रद्धाका कार्यहरू हुन्, महाराज !"

"श्रद्धाले कसरी मनमा प्रसन्नता ल्याउँदो रहेछ, भन्ते !"

"महाराज ! जब कुनै कुरोप्रति श्रद्धा उत्पन्न हुन्छ, तब त्यस प्रति भएका शंकाहरू, त्यसका अवगुणहरू, त्यसबाट उत्पन्न हुनसक्ने डर-भयहरू जम्मै चटक्कै बिर्सिने हुन्छ । मन स्वच्छ, निर्मल र प्रसन्न होइन्छ । त्यसरी मनमा प्रसन्नता ल्याउनु श्रद्धाको काम हो ।"

"भन्ते ! कुनै उपमाद्वारा कुरो छर्लङ्ग पारिदिने कृपा गर्न हुन्छ कि ?"

"महाराज ! भनौं कुनै एउटा चक्रवर्ती राजाले आफ्नो चतुरङ्गिणी सेना सहित कुनै एउटा खोला तरेछन् । चतुरङ्गिणी सेनाका हात्ती, घोडा, रथ तथा पैदल-सिपाही आदि सबैले त्यसरी खोला तर्न थालेपछि के त्यो खोलाको पानी धमिलो हुन्न र ! हुनसम्म धमिलो हुन्छ । यसरी खोलाको

Downloaded from http://dhamma.digital

पानी धमिलो भइराखेकै वेलामा भनौं राजालाई प्यास लागेछ र आफ्ना दासहरूलाई तुरुन्त पानी ल्याउन अह्राएछ। राजाका दासहरूसंग पानी सफा गर्ने फिट्किरी भएकाले तिनीहरूले खोलाको त्यही धमिलो पानीमै फिट्किरी हालिवरी त्यसमा भएका धूलो र कसिगर आदिलाई फटाई स्वच्छ र निर्मल पारी राजालाई टक्र्याएछन्।

यहाँ पानीलाई चित्त, पानीमा भएका कसिगरहरूलाई मनमा हुने डर, घृणा आदि क्लेश, धमिलो पानी सफा पारी ल्याउने दासहरूलाई योगी, अनि पानी सफा गर्ने फिट्किरी-लाई चाहिं श्रद्धाको रूपमा सम्झनु पर्दछ। जसरी फिट्किरी हाल्ने बित्तिकै पानीमा भएका सबै किसिमका कसिगरहरू जम्मै फाटी पानी स्वच्छ र निर्मल हुन्छ, त्यसरी नै कुनै कुरो-प्रति श्रद्धा उत्पन्न हुनासाथ त्यसप्रति भएका शंका, घृणा, डर आदि सबै किसिमका अड्चनहरू जम्मै स्वतः हट्न गई चित्त प्रसन्न हुन्छ। त्यसरी मनमा प्रसन्नता ल्याउनु श्रद्धाको विशेषता हो।"

"अनि श्रद्धाले मनमा ठूलो आकांक्षा चाहिं कसरी पैदा गर्दा रहेछन् त, भन्ते !"

"महाराज ! कुनै योगीले उनको श्रद्धा प्राप्त गरेका कुनै अर्को योगीको श्रोतापत्ति, **सकृदागामी**[48], **अना-गामी**[49] अथवा अर्हत् फलामा पुगेको चित्तलाई देखेपछि उनको मनमा, आफ्नो चित्तलाई पनि ती फलहरूमा पुर्‍याउने

Downloaded from http://dhamma.digital

ठूलो आकांक्षा उत्पन्न हुन्छ। यसरी मनमा ठूलो आकांक्षा उत्पन्न हुनु पनि श्रद्धाकै लक्षण हो।"

"कुनै उपमा छ कि भन्ते, यसमा पनि।"

"मानौं, कुनै एउटा खोलाको मुहान रहेको पहाडी इलाकामा ठूलो मुसलधारे पानी परेछ। यसरी मुहानमा पानी परेकोले, तल खोलामा अकस्मात् बाढि आएछ। खोलामा बाढि बढेको देखेर, खोला तरी जानुपर्ने यात्रुहरू डरले खोला तर्न नसकी किनारमै पर्खिबसेछन्। त्यसै वेला कुनै एकजना जवाँमर्द त्यहाँ आइपुगेछ र उनीहरू सबैले देख्दादेख्दै उसले खोला तरी गएछ। त्यसले त्यसरी खोला तरेको देखेपछि, पहिलेबाट डरले त्यहाँ खोलाको किनारमा पर्खिबस्नेहरूमा पनि त्यस जवाँमर्दलेझैं खोला तरी जाने ठूलो आकांक्षा पैदा नहोला र! हुन्छ महाराज! ती मानिसहरूले अवश्य पनि त्यो जवाँमर्दको देखासिखीमा आफूहरूले पनि त्यसरी नै खोला तरी जाने हिम्मत गर्नेछन्। ठीक त्यसरी नै महाराज! कुनै योगीले, कुनै अर्को योगीको चित्त, श्रोतापन्न, सकृदागामी, अनागामी या अर्हत् जस्ता श्रद्धापूर्ण पदहरूमा प्रवेश भएको थाहा पाएपछि उनको मनमा आफ्नो चित्तलाई पनि ती पद-हरूमा प्रवेश गराउने ठूलो आकांक्षा उत्पन्न हुन्छ। त्यसरी मनमा ठूलो आकांक्षा पैदा हुनु पनि श्रद्धाकै विशेषता हो।

संयुक्त निकायमा तत्सम्बन्धी भगवान् बुद्धको वचन संकलन गरिएको छ, जो यस प्रकारको छ–

Downloaded from http://dhamma.digital

"श्रद्धा उत्पन्न भएपछि धारा प्रवाहलाई काटेर जाने हिम्मत आउँछ। त्यही हिम्मत लिएर निरन्तर प्रयत्नमा लागी नै रहे पूरै सागरलाई पनि पार गर्न समर्थ होइन्छ। वीर्यले दुःख, कष्टदेखि डराई विमुख हुनुबाट बचाइदिन्छ र प्रज्ञाले दुःख, कष्ट आदिबाट सधैंको लागि मुक्ति दिलाइदिन्छ।"

## (ग) वीर्यको विशेषता

"वीर्यको विशेषता के हो नि भन्ते ?"

"पुण्यधर्महरूलाई दिगो गरिदिनु नै वीर्यको विशेषता हो। वीर्यद्वारा दृढ गरिएका पुण्यधर्महरू कहिल्यै डगमगिने छैन, महाराज !"

"कुनै उदाहरण दिएर सम्झाउनुहोस् न, भन्ते !"

"महाराज ! कसैको घर कमजोर भएर ढल्नै लागेको देखेपछि कुनै एउटा दह्रो खम्बाको टेवा दिएर, त्यसलाई ढल्नुबाट जसरी बचाइन्छ त्यसरी नै वीर्यको टेवा दिएर, अभिवृद्धि गरेका पुण्यधर्महरूलाई कति पनि नडगमगिने पारिन्छ।"

"एउटा अर्को उपमा पनि दिनुहुन्छ कि ?"

"पल्टनको कुनै एउटा अंग शत्रुसेना अगाडि टिक्न नसकी भाग्न लागेमा अरु थप सिपाही पठाएर त्यसै अंगलाई बढी बलियो बनाई शत्रुसेना भगाउनमा प्रयोग गर्न सकिन्छ।

Downloaded from http://dhamma.digital

त्यसरी नै महाराज, वीर्यको आडमा कुनै पनि पुण्यधर्मलाई दिगो बनाउन सकिन्छ। यस बारेमा एकपल्ट भगवान् बुद्धले पनि यसरी भन्नुभएको छ– "भिक्षुहरू हो ! वीर्यवान् **आर्य श्रावकहरू**[50] पापलाई त्यागी पुण्य ग्रहण गर्ने हुन्छन्। दोषपूर्ण कुराहरू छाडी दोषरहित कुराहरू अपनाउने हुन्छन्। त्यस किसिमले उनीहरू आफैंले आफूलाई शुद्ध गर्नमा लाग्ने हुन्छन्।"

## (घ) स्मृतिको देन

"भन्ते नागसेन ! स्मृतिको देनबारे पनि केही भन्नु हुन्छ कि ?"

"समय समयमा सम्झने गर्नु र स्वीकार गर्ने गर्नु यी दुइ नै स्मृतिका मुख्य देनहरू हुन्।"

"स्मृतिले कसरी बारम्बार सम्झने गराइन्छ ?"

"महाराज ! स्मृति भएपछि यो कुरो कुशल हो, यो कुरो अकुशल हो, यो दोषयुक्त छ, यो दोषरहित छ, यो खराब हो, यो असल हो, यो अन्धकारमय छ, यो उज्ज्वल छ आदि कुराहरू बारंबार मनले सम्झिरहने हुन्छ। योगीहरूमा स्मृति भएकै कारणले उनीहरू यी चार स्मृति प्रस्थान हुन्, यी चार **सम्यक चेष्टा**[51] हुन्, यी चार किसिमका **ऋद्धि**[52] हुन्, यी पाँच इन्द्रियहरू हुन्, यी पाँच किसिमका बलहरू हुन्, यी सात बोध्यङ्ग हुन्, यी आर्य अष्टाङ्गिक मार्ग

Downloaded from http://dhamma.digital

हुन्, यो **सम्मथ**[53] हो, यो **विदर्शना**[54] हो, यो विद्या हो र यो विमुक्ति हो भन्ने कुराहरू समय समयमा सम्भने हुन्छ । यसरी उपरोक्त कुराहरू वारंवार सम्भेपछि ती योगीहरू चर्या गर्न लायकका धर्महरू मात्र चर्या गर्ने भई चर्या गर्न नहुने कुराहरू परित्याग गर्ने हुनमा सधैं समर्थ हुन्छन् । त्यसैले वारंवार सम्भने गर्नु स्मृतिको देन मानिन्छ ।

"कुनै गृहस्थ व्यवहारको उपमा दिनुभएमा बढी स्पष्ट बुझ्न सकिएला कि ?"

"ठीक छ, महाराज ! म एउटा राज-व्यवहारकै उपमा-द्वारा तपाईले सहजै बुझ्न सक्ने गरी सुनाउने छु । अँ त, महाराज ! एउटा चक्रवर्ती राजाको हात्ती, घोडा, रथ, सैन्य-सिपाही तथा सुन, चाँदी, हीरा, मोती जस्ता अन्य सम्पत्ति साह्रै बढी हुन्छन् । फेरि तिनीहरूको संख्यामा समय समयमा थप-घट पनि भइरहने हुन्छ । तर पनि त्यस चक्रवर्ती राजाले चाहेको वेलामा उनको कुन किसिमको सम्पत्ति कति छ भन्ने कुरो सहजै थाहा पाउन सक्ने हुन्छ, किनभने उनका भण्डारीले उनका लागि उनका सबै किसिमका सम्पत्तिहरूको हरहिसाब राखी त्यसका ठीक ठीक संख्याहरू दिनदिनै उनलाई सम्भाइदिराखेको हुन्छ । ठीक त्यस्तै नै महाराज, कुनै योगीको स्मृतिले उनलाई दिनदिनै यो कुशल धर्म हो, यो अकुशल धर्म हो, यो दोषपूर्ण छ, यो दोषरहित छ आदि कुराहरू सम्भना गराइरहने हुन्छ । यसरी समय समयमा

Downloaded from http://dhamma.digital

सम्झना गराइरहनु स्मृतिको देन हो ।"

"अनि स्मृतिले कसरी स्वीकार गर्ने गराउँछ त ?"

"अघि भनें नि महाराज ! स्मृतिले योगीहरूलाई यो कुशल र यो अकुशल, यो दोषपूर्ण र यो दोषरहित, यो चर्या गर्न योग्य र यो चर्या गर्न नहुने भन्ने कुरो सम्झाइदिने गर्छ। यसरी योग्य र अयोग्य, हितकर र अहितकर भनी छुटचाउन सकेपछि ती योगीहरू अहितकरलाई त्यागेर हितकर कुरो मात्रै स्वीकार गर्ने र अयोग्य कुरोलाई पन्छाएर योग्य कुरो मात्रै अपनाउने हुन्छन् । त्यसैले स्वीकार गराउनु पनि स्मृतिकै देन हो ।"

"कुनै दृष्टान्त दिएर सम्झाउनहोस् न, भन्ते ।"

"महाराज ! जसरी कुनै एउटा राजाको प्रधानमन्त्रीको मुख्य काम नै कुन काम हितकर छ र कुन काम अहितकर छ, कुन व्यक्ति विश्वासिलो छ र कुन व्यक्ति विश्वासिलो छैन भन्नेबारे राजालाई ठीक ठीक जानकारी दिनुकासाथै अहितकर काम छोडी हितकर काममा लाग्ने तथा अविश्वासिलो व्यक्तिलाई छोडी विश्वासिलो व्यक्तिलाई अँगाल्ने कुरोमा सिफारिस गर्नु हो, ठीक त्यस्तै नै स्मृतिले योगीलाई यो कुरो कुशल र यो कुरो अकुशल, यो कुरो सेवन गर्न योग्य र यो कुरो सेवन गर्न नहुने भन्ने कुरो सम्झाउनकासाथै अकुशल धर्मलाई त्याग्न लगाई कुशल धर्म मात्र अपनाउन लगाउने काम समेत गरेको हुन्छ । त्यसरी स्वीकार गराउनु पनि स्मृतिकै देन हो । यस

Downloaded from http://dhamma.digital

बारेमा भगवान् बुद्धले पनि यसरी भन्नु भएको छ– "भिक्षुहरू हो ! स्मृति नै अरू सबै कुशल धर्महरू प्राप्त गराउने एकमात्र शक्ति हो ।"

## (ङ) समाधिको महत्ता

"भन्ते ! समाधिको महत्ता के हो नि ?"

"प्रमुख हुनु नै समाधिको महत्ता हो महाराज ! जति पनि पुण्यधर्महरू छन् ती सबैको अग्रणी समाधि हो । पुण्यधर्महरू समाधितिर नै निर्दिष्ट छन् । सबै पुण्यधर्महरू समाधिमै पुगी अवस्थित हुन्छन् ।"

"कुनै उपमा दिनुहुन्छ कि ?"

"महाराज ! जसरी कुनै धरहराका प्रत्येक खुड्किलाहरू धरहराको टुप्पोतिरै निर्दिष्ट हुन्छन्, त्यतैतिर लैजाने हुन्छन्, त्यहीं गएर टुङ्गिन्छन् र त्यसैलाई सर्वोपरी गरिरहेका हुन्छन्, त्यसरी नै सबै पुण्यधर्महरू जम्मै समाधितिरै निर्दिष्ट भै समाधिमै गई अवस्थित हुन्छन् ।"

"एउटा अर्को उदाहरण पनि पाउन सकिएला कि ?"

"महाराज ! जसरी कुनै एउटा राजा युद्धक्षेत्रतिर जाँदा उनका चतुरङ्गिणी सेनाका सबै जवान, सबै हात्ती, सबै घोडा, सबै रथहरू जम्मै युद्धक्षेत्रतिरै लम्कन्छन्, ठीक त्यसरी नै जति पनि पुण्यधर्महरू छन्, ती सबै समाधितिरै निर्दिष्ट भई समाधिमै गई अवस्थित हुन्छन् । त्यसैले प्रमुख

Downloaded from http://dhamma.digital

हुनु नै समाधिको महत्ता हो भनी भनिन्छ। यस बारेमा भगवान् बुद्धले पनि यसरी भन्नु भएको छ– "भिक्षुहरू हो ! तिमीहरू सबैले समाधिको अभ्यास गर्ने गर, किनभने कुनै पनि ज्ञानको प्रादुर्भाव समाधिष्ट भएपछि मात्रै हुने हुन्छ।"

## (त्र) ज्ञानको महानता

"भन्ते ज्ञानको महानता विषय पनि केही प्रकाश पार्नुहुन्छ कि ?"

"मैले अघि नै भनिसकेको छु महाराज ! काट्न सक्नु नै ज्ञानको महानता हो। ज्ञानको एउटा अर्को महानता सही मार्ग देखाइदिनु पनि हो।"

"ज्ञानले कसरी सही मार्ग देखाउँदो रहेछ भन्ते !"

"महाराज ! ज्ञान उत्पन्न भएपछि अविद्यारूपी अन्धकारको अन्त भई विद्यारूपी प्रकाश फैलिने हुन्छ। विद्यारूपी प्रकाशको उदय भएपछि चारैओटा आर्यसत्यहरू उदाङ्ग देखिने हुन्छ। यसरी चतुआर्यसत्यलाई देख्न सकेपछि अनित्य, दुःख, अनात्मलाई पनि राम्ररी भित्री ज्ञानले बुझ्न सक्ने हुन्छ।"

"हामी गृहस्थले पनि बुझ्ने खालको एउटा व्यवहारिक उपमा दिनुहोस् न भन्ते।"

"महाराज ! कुनै मानिसले, कुनै एउटा अँध्यारो कोठामा बत्ती लिएर गएको खण्डमा त्यो बत्तीले जसरी

Downloaded from http://dhamma.digital

त्यहाँको अन्धकारलाई हटाई प्रकाश फैलाउने काम गरेर त्यस कोठामा भएका सबै सामानहरू देखाइदिने काम गर्छ, ठीक त्यसरी नै ज्ञानको उदय भएपछि अविद्यारूपी अन्धकार हट्न गई विद्यारूपी प्रकाश फैलेर चारैओटा आर्यसत्यहरू उदाङ्ग देखिने हुन्छ। यसरी चतुआर्यसत्यको दर्शन भएपछि अनित्य, दुःख र अनात्मलाई भित्री ज्ञानले अनुभव गर्न सकिने हुन्छ। त्यसैले सही कुरो देखाइदिनु पनि ज्ञानकै महत्ता हो।"

## (छ) सबै पुण्यधर्मको संयुक्त लक्ष्य

"भन्ते ! यी अनेक किसिमका पुण्यधर्महरू सबै एकसाथ मिलेर पनि कुनै काम गर्छन् ?"

"महाराज ! यी पुण्यधर्महरू सबै एकसाथ मिलेर तृष्णासमूहलाई नाश गर्ने काम गर्छन्।"

"कुनै दृष्टान्त दिनुहुन्छ कि ?"

"महाराज ! हात्ती, घोडा, रथ र पैदल सिपाही आदि अनेक किसिमका सेनाहरू भए तापनि तिनीहरू सबैको एउटै काम जसरी हुन्छ शत्रुलाई हराउनु हुन्छ, त्यसरी नै अनेक प्रकारका पुण्यधर्महरूको एकमात्र काम पनि तृष्णासमूहलाई नाश गर्नु हो।"

## ५. जन्म र मरणको प्रवाह

"भन्ते ! मरेर फेरि जन्मने प्रक्रिया जो छ, त्यसमा

Downloaded from http://dhamma.digital

नयाँ जन्मने प्राणी उही पहिले मर्ने प्राणी नै हुन्छ कि वा कुनै अर्कै नयाँ प्राणी हुन्छ ?"

"महाराज ! नयाँ जन्मने प्राणी उही पहिलेबाट मर्ने प्राणी नै त होइन तर त्यसलाई बिलकुल नयाँ एउटा अर्कै प्राणी पनि भन्न मिल्दैन ।"

"तथ्य के हो त ? कुनै दृष्टान्त दिनुभई सम्झाउनुहुन्छ कि ?"

"पहिले तपाई सानो बच्चा हुनुहुँदा कसैले तपाईलाई खाटमा उत्तानो पारी सुताइदिएपछि तपाई कोल्टो फेर्नसम्म पनि सक्नुहुन्न थियो । अहिले पनि तपाई के उही बच्चा हुनुहुन्छ र ?"

"होइन भन्ते ! अहिले म अर्कै भइसकेको छु ।"

"महाराज ! यदि अहिले तपाई पहिलेको त्यो बच्चा-भन्दा वेग्लै, अर्कै भइसक्नु भएको छ भन्ने हो भने अहिले तपाई-को आमा पनि कोही हुने भएन, तपाईको बाबु पनि कोही हुने भएन । कोही गुरु पनि त नहुने भए नि तपाईको महाराज ! यदि हामीले यस्तै ढङ्गले तर्क गर्दै जाने हो भने गर्भमै रहँदा पनि भिन्नाभिन्नै अवस्थाका भिन्नाभिन्नै आमाहरू सम्झिदिए भएन र ! जन्माउने आमा अर्कै र जन्मेपछि हुर्काउने आमा फेरि अर्कै नै सम्झे भयो । शिल्प-विद्याहरू सिक्ने अर्कै र शिल्प-विद्या सिकी आउने फेरि अर्कै भनिदिए पनि हुने भयो । अपराध गर्ने अर्कै र त्यस अपराधको सजाय स्वरूप हात-खुट्टा

Downloaded from http://dhamma.digital

काटिने चाहिं फेरि अर्कै हुने भयो । तर वास्तवमा त्यसरी मानिन्न र मान्न पनि सकिन्न । त्यसैले महाराज ! कुनै व्यक्ति सानो छँदा अर्कै र पछि हुर्केपछि फेरि अर्कै नै हुने भए तापनि ती भिन्नाभिन्नै अवस्थाहरू एउटै शरीरमा विकास हुने भएकाले उही एउटै मान्छेको रूपमा लिइन्छ ।"

"कुरो अझै स्पष्ट बुझ्न सकिएन, भन्ते ! एउटा अर्को पनि उपमा दिनुहोस् ।"

"महाराज ! कुनै दियोभरि तेल हालेर बाल्यो भने के त्यो दियो रातभरि नै बली नरहला र ?"

"हावाले ननिभाए त्यो दियो तेल नसकुन्जेलसम्म बलि-रहनेछ ।"

"रातको प्रथम पहरमा त्यो दियोको जुन तेल बलेको हुन्छ के रातको दोस्रो र तेस्रो पहरमा पनि त्यही नै तेल बलिरहेको हुन्छ र ?"

"हुन्न भन्ते ! जति बल्दै गएको हुन्छ, तेल पनि त्यतिकै घट्दै गएको हुन्छ ।"

"त्यसो भए के त महाराज ! सुरुमा बलेको तेलले भरेको दियो अर्कै र अन्तमा थोरै मात्र तेल भएको दियोचाहिं फेरि अर्कै नै भन्न मिल्छ त ?"

"त्यो त कसरी भन्न मिल्ला र ? दियोमा भएको तेलको मात्रामा परिवर्तन भए तापनि, बलिरहेको दियोचाहिं त उही न हो ।"

Downloaded from http://dhamma.digital

"तपाईले ठीक भन्नु भएको छ महाराज ! बलिरहेको दियोको तेलको मात्रामा निरन्तर परिवर्तन भइरहे पनि दियो चाहिं एउटै हो । यही कुरोलाई फेरि अरू शब्दहरूमा भन्ने हो भने बाहिरबाट हेर्दा बलिरहेको दियो उही जस्तो देखिए तापनि त्यसको तेलको मात्रामा निरन्तर परिवर्तन भइरहेको हुन्छ । त्यो दियोमा मात्र होइन अन्य कुनै पनि वस्तुको अस्तित्वको सिलसिलामा पनि यही कुरो लागू हुन्छ । कुनै पनि वस्तुको अवस्थामा निरन्तर परिवर्तन भइरहेकै हुन्छ । अवस्था परिवर्तनको प्रवाहमा क्रमानुसारका कुनै पनि दुइ भिन्न अवस्था बीच एकछिनको पनि अन्तर रहन्न । एउटा अवस्थाको लय नटुङ्गिदैमा दोस्रो अवस्थाको लय उत्पन्न भइसकेको हुन्छ । त्यस्तै नै प्राणीको जन्म र पुनर्जन्मको क्रममा पनि एक जन्मको अन्तिम **विज्ञानको**[55] लय नटुङ्गिदैमा दोस्रो जन्मको प्रथम विज्ञानको लय उत्पन्न भइसकेको हुन्छ । त्यसैले जन्म र पुनर्जन्मको प्रवाहमा नयाँ जन्मने प्राणी न त उही मर्ने प्राणी हो, न त नयाँ, बिलकुलै नयाँ, कुनै अर्कै प्राणी नै हो ।"

"अझै अर्को उपमा दिनुहुन्छ कि ?"

"महाराजलाई थाहा भएकै कुरो हो दूध जमाएर दही बनाइन्छ । दहीबाट मक्खन र मक्खनबाट फेरि घिउ पनि बनाइन्छ । तैपनि दूध, दही र घिउ यी सबै एउटै चीज होइनन्, हुन् त ?"

Downloaded from http://dhamma.digital

"होइनन् भन्ते ! दूध र दही यी दुइ वेग्ला वेग्लै वस्तु-हरू हुन् ।"

"महाराज ! जसरी दूधबाट दही, दहीबाट मक्खन र फेरि मक्खनबाट घिउ बन्दछ, ठीक त्यसरी नै कुनै पनि वस्तुको अस्तित्वको प्रवाहमा एक अवस्थाबाट अर्को अवस्था र अर्को अवस्थाबाट फेरि अर्कै अवस्थामा परिवर्तन हुने क्रम सधैं चलिरहेको हुन्छ । त्यस प्रवाहमा कुनै पनि दुइ क्रमिक अवस्थाका बीचमा एक क्षणको पनि अन्तर रहन्न । किनभने एक अवस्थाको लय हुँदैमा अर्को लय उत्पन्न भइसकेको हुन्छ । त्यसरी नै जन्म र मरणको प्रक्रियामा पनि पहिलो जन्मको अन्तिम विज्ञानको लय नटुङ्गिदैमा दोस्रो जन्मको पहिलो विज्ञानको लय उत्पन्न भइसकेको हुने हुनाले नयाँ जन्मने प्राणीलाई न त उही मर्ने प्राणी नै भन्न मिल्छ, न त अर्कै कुनै नयाँ प्राणी नै भन्न मिल्छ ।"

## ६. जन्म-मरणबाट मुक्तिको जानकारी

"भन्ते ! जो मरेपछि फेरि अर्को जन्म लिनु नपर्ने भइ-सकेका छन् उनले सो कुरो जानेको हुन्छ ?"

"अवश्य जानेको हुन्छ । राम्ररी नै जानेको हुन्छ ।"

"कसरी जान्दा रहेछन् ?"

"कसरी अब ! फेरि जन्मनु पर्ने हेतु र प्रत्यय सबै शान्त भई नष्ट समेत भइसकेको देखेर नि ।"

Downloaded from http://dhamma.digital

"ल ! कुनै उपमा सहित सम्झाउनु भए न बुझ्न सकुँला नि मैले ।"

"भनौं, कुनै एउटा किसानले एकपल्ट बाली काटी भकारी भरेपछि फेरि अर्को बालीको लागि जमीन जोट्ने र बिउ रोप्ने जस्ता कुनै पनि झंझटिया कामहरू गर्न नचाही हात बाँधी बस्यो रे । काम नगरे पनि नखाई बस्न सक्ने त कोही पनि हुँदैन । त्यो किसान चाहिं अब त्यही पहिलेबाट भरेकै भकारीको भरमा बसीबसी खान लागे रे । अब तपाई नै भन्नुस् महाराज ! के त्यो किसानलाई उसको भकारी दिनदिनै सुक्दै गइरहेछ भन्ने कुरो थाहा नहोला र ?"

"किन थाहा नहुनु ? राम्ररी नै थाहा होला ।"

"कसरी थाहा होला त ?"

"कसरी अब ! फेरि पनि भकारी भर्दै जानलाई गर्नुपर्ने जुन उद्योग छ, त्यो नै आफूले नगरी खाली त्यस भकारी रित्याउने कामै मात्र निरन्तर गरिरहेकाले नि ।"

"कुरो त्यस्तै हो महाराज ! फेरि नजन्मनेले पनि फेरि जन्मनु पर्ने हेतु र प्रत्यय सबैलाई उनी आफैले शान्त पारी सधैंभरिलाई नष्ट समेत गरिसकेका हुनाले, उनले अब फेरि अर्को जन्म लिनुपर्ने छैन भन्ने कुरो राम्ररी नै जानेको हुन्छ ।"

Downloaded from http://dhamma.digital

## ७. प्रज्ञा र ज्ञान विषयमा

"भन्ते ! के ज्ञान भएकासंग प्रज्ञा पनि भएकै हुन्छ ?"

"हुन्छ महाराज !"

"के ज्ञान र प्रज्ञा एउटै कुरो हो ?"

"ज्ञान र प्रज्ञा एउटै कुरो त होइन, तर एकदेखि अर्को बिलकुलै प्रथक पनि छैन ।"

"ज्ञान या प्रज्ञा भएकालाई कुनै विषयमा मोह हुन्छ कि हुन्न त ?"

"कुनै विषयमा मोह हुन्छ त, कुनै विषयमा हुन्न पनि ।"

"कुन विषयमा मोह हुन्छ र कुन विषयमा हुन्न ?"

"जुन विषय उसले प्रत्यक्ष अनुभव गरेको हुँदैन त्यस विषय उसलाई मोह हुन्छ त जुन विषय उसले आफ्नो प्रज्ञा-द्वारा अनित्य, दुःख र अनात्म भनी अनुभव गरिसकेको हुन्छ त्यस विषय उसलाई कुनै किसिमको मोह हुँदैन ।"

"जुन विषय उसलाई कुनै किसिमको मोह नहुने भइ-सकेको छ, त्यस विषय पहिले भएको उसको मोह त्यस विषयबाट हटी कहाँ गएको हुन्छ ?"

"जुन विषय प्रज्ञाद्वारा अनित्य, दुःख र अनात्म भन्ने ज्ञान उत्पन्न भएको हुन्छ, त्यस विषय पहिलेबाट भएको उसको मोह, त्यो ज्ञान उत्पन्न हुने बित्तिकै स्वतः नष्ट भइ-सकेको हुन्छ ।"

Downloaded from http://dhamma.digital

"सो कसरी नष्ट हुँदो रहेछ, कुनै उपमाद्वारा संझाउनु हुन्छ कि ?"

"जसरी कुनै अँध्यारो कोठामा दियो बालेर प्रकाश फैलाउने बित्तिकै त्यस कोठाको अन्धकार स्वत: नष्ट भएको हुन्छ, त्यसरी नै कुनै विषयमा प्रज्ञाद्वारा अनित्य, दु:ख र अनात्म भन्ने ज्ञान उत्पन्न हुने बित्तिकै त्यस विषयमा पहिलेबाट भइआएको मोह स्वत: अन्त भएको हुन्छ ।"

"कुनै विषय ज्ञानको उदय भएपछि, त्यस विषय भएको मोह कसरी खत्तम हुँदो रहेछ भन्ने कुरो त बुझें । तर प्रज्ञाद्वारा ज्ञानको उदय भई मोह नाश भएपछि प्रज्ञाको के हाल हुन्छ भन्ने कुरो सुन्न पाएको छैन । त्यस बारे पनि केही प्रकाश पार्नु हुन्छ कि ?"

"कुनै विषय प्रज्ञा उत्पन्न हुनाको कारणले अनित्य, दु:ख र अनात्म भन्ने जुन ज्ञान उदय भएको हुन्छ त्यही मात्र परन्तुसम्म रहिरहन्छ । यसरी ज्ञानको उदय गर्ने आफ्नो काम टुङ्ग्याएपछि प्रज्ञा पनि त्यसै बिलाएर जाने हुन्छ ।"

"यस कुरोलाई पनि कुनै सुहाउँदो खालको उदाहरणद्वारा प्रष्टयाउनुहुन्छ कि ?"

"भनौं, कसैले कुनै रात एउटा चिट्ठी लेख्न भनी बत्ती बालेछ र बत्ती बाली पत्र लेखी सिद्ध्याएछ पनि । उसले बत्ती बालेकै खाली त्यो चिट्ठी लेख्नको लागि मात्र हो । त्यसैले पत्र लेखी सिद्ध्याएपछि बत्तीको कुनै अर्को प्रयोजन नरहेकोले

Downloaded from http://dhamma.digital

उसले बत्ती निभाइदिएछ । यसरी बत्ती निभाइदिंदा, पहिले त्यही बत्तीको प्रकाशमा लेखिएको त्यो पत्रमा कुनै किसिमको असर पर्छ त ? अवश्य पर्दैन । बत्ती निभाए पनि ननिभाए पनि त्यो पत्र बत्तीभन्दा बिलकुल अलग आफ्नै स्वतन्त्र अस्तित्व बोकेर यथावत् नै रहेको हुन्छ । ठीक त्यसरी नै महाराज ! प्रज्ञाकै सहारामा अनित्य, दुःख र अनात्म भन्ने ज्ञानको उदय हुन जान्छ र त्यो ज्ञान, प्रज्ञाभन्दा अलगै आफ्नो स्वतन्त्र अस्तित्व लिएर परन्तुसम्म दिगो रहिरहन्छ । यसरी परन्तुसम्म दिगो रहने ज्ञानको उदय भएपछि प्रज्ञाको कुनै अर्को प्रयोजन नरहने हुनाले प्रज्ञा आफै बिलाएर जाने हुन्छ ।"

"एउटा अर्को उपमाको पनि आशा गर्दछु, भन्ते !"

"महाराज ! पूर्वतिरका गाउँहरूमा कतै आगो लाग्यो भने निभाउनलाई भनी घरैपिच्छे पाँच पाँच गाग्री पानी साँची राख्ने चलन छ । अब भनौं, कुनै दिन त्यस गाउँको कुनै एउटा घरमा आगो लाग्यो रे । त्यो आगोलाई त्यसरी घरघरै साँचिराखेको पानीले नै निभाउन सकियो भने, फेरि के तिनीहरू पानीको खोजमा यत्रतत्र भौंतारिन पर्ला त ?"

"पर्दैन भन्ते ! पानी चाहिने नै घरमा लागेको आगो निभाउनको लागि हो । जब त्यो घरमा लागेको आगो त्यसरी घरघरै संचित पानीले नै निभाइन्छ भने फेरि थप पानी खोज्नाको कुनै प्रयोजन नै रहन्न ।

अब हामीले उक्त उपमाका पाँच गाग्रो पानीलाई

Downloaded from http://dhamma.digital

श्रद्धेन्द्रिय, वीर्येन्द्रिय, स्मृतिन्द्रिय, समाधिन्द्रिय तथा प्रज्ञेन्द्रिय गरी पाँच इन्द्रियहरुको रुपमा मानौं । आगो बुझाउनेहरूलाई योगीको रुपमा मानौं । आगो लागेकोलाई तृष्णा समूहको रुपमा मानौं । अनि त्यस्तै संचित पानीले आगो निभाउने कामलाई पाँच इन्द्रियद्वारा तृष्णा समूह निर्मूल पार्ने कामको रुपमा लिउँ । जसरी आगो निभाएपछि थप पानीको प्रयोजन रहन्न त्यसरी नै तृष्णा समूह नष्ट भएपछि इन्द्रियहरुको कुनै प्रयोजन रहन्न । अब प्रज्ञा र ज्ञानको कुरो पनि यस्तै हो महाराज ! प्रज्ञाको सहारा लिएर अनित्य, दुःख र अनात्म भन्ने ज्ञानको उदय भएपछि, प्रज्ञाको कुनै अर्को प्रयोजन नरहने हुनाले त्यो त्यसै बिलाएर जान्छ र खाली अनित्य, दुःख र अनात्म भन्ने जुन ज्ञान छ त्यही मात्र परन्तुसम्मको लागि टिकिरहने हुन्छ ।"

"अझै एउटा अर्को उपमा पनि चाहन्छु, भन्ते !"

"महाराज ! कुनै एउटा वैद्यले कुनै एक जना रोगीको रोग निको पार्न कुनै पाँच किसिमका जडीबुटीहरू मिलाएर बनाएको औषधि खुवाएछ । केही दिन त्यो औषधिको सेवन गरेपछि त्यो रोगी पूर्ण स्वस्थ भएछ । त्यो रोगी त्यसरी पूर्णतया स्वस्थ भैसकेपछि पनि के त्यो वैद्यले त्यो रोगीलाई फेरि फेरि पनि त्यही औषधि खुवाइरहन्छ र ?"

"जब रोग नै पूरा मात्रामा निको भइसकेपछि के भनेर फेरि फेरि पनि त्यही औषधि खुवाइरहन्थे त !"

Downloaded from http://dhamma.digital

"महाराज ! यहाँ हामीले पाँच किसिमका जडीबुटीहरूलाई पाँच इन्द्रियहरू, वैद्यलाई योगी, रोगीलाई अज्ञानी व्यक्ति तथा रोगीको रोगलाई अज्ञानी व्यक्तिमा हुने क्लेशको रूपमा सम्झनु पर्छ । जसरी रोग निको भइसकेपछि ती पाँच जडीबुटीहरूको कुनै प्रयोजन नरहने हो त्यसरी नै क्लेश निर्मूल भइसकेपछि ती पाँच इन्द्रियहरूको पनि कुनै प्रयोजन रहन्न । प्रज्ञा तथा ज्ञानको कुरोमा पनि प्रज्ञाको कारण अनित्य, दुःख र अनात्म भन्ने ज्ञानको उदय भएपछि प्रज्ञाको फेरि अर्को प्रयोजन नहुने भएकाले त्यो प्रज्ञा पनि स्वतः नै बिलाएर गएको हुन्छ ।"

"फेरि पनि एउटा उपमा पाउँछु कि भन्ते ?"

"महाराज ! कुनै एक जना तीरन्दाजले हानेका पाँच बाणहरूबाटै उसको सामु आइलागेको शत्रु छेरभालु भई भागेछ भने, के उसले फेरि पनि अर्को बाण हान्न चाहला ?"

"चाहँदैन भन्ते ! बाण हान्नु परेको नै शत्रुलाई भगाउन हो । जब शत्रु नै भागिसके भने फेरि किन बाण हानिरहन्थे !"

"यहाँ पाँचवटा बाणलाई पाँच इन्द्रियहरू, तीरन्दाजलाई योगी, शत्रुलाई क्लेश तथा पाँचवटा बाणहरूद्वारा शत्रु भगाउने कामलाई इन्द्रियहरूद्वारा क्लेश नाश गर्ने कामको रूपमा सम्झनु पर्छ । शत्रु भागेपछि फेरि बाण हान्ने कार्य निरर्थक भएझैं क्लेश नाश भएपछि पाँच इन्द्रियहरूको पनि कुनै प्रयोजन रहन्न । त्यसरी नै महाराज ! अनित्य, दुःख र

Downloaded from http://dhamma.digital

अनात्म भन्ने ज्ञानोदय भएपछि प्रज्ञाको कुनै प्रयोजन रहन्न।"

## ८. अर्हत्ले अनुभव गर्ने वेदना बारे

"भन्ते ! फेरि जन्मनु नपर्ने भइसकेकाले सुख, दुःख आदि वेदनाहरूको अनुभव गर्नेछ कि छैन ?"

"कुनै वेदनाको अनुभव गर्नेछ त कुनैको गर्ने छैन।"

"कस्तो वेदनाको अनुभव गर्नेछ र कस्तो वेदनाको अनुभव गर्ने छैन।"

"शरीरमा हुने वेदनाको अनुभव गर्नेछ र मनमा हुने वेदनाको अनुभव गर्नेछैन।

"किन ?"

"किनभने उनको शरीरमा उत्पन्न हुने वेदनाको हेतु र प्रत्यय निर्मूल नभई बाकी नै रहे तापनि उनको चित्तमा उत्पन्न हुने वेदनाको हेतु र प्रत्यय चाहिं सधैंको लागि नष्ट भइसकेको हुन्छ।"

अर्हत्को बारेमा भगवान् बुद्धले पनि यसरी वर्णन गर्नु भएको छ– "उनले अनुभव गर्ने एकमात्र वेदना उनको शरीरमा हुने वेदना हो, चित्तमा उत्पन्न हुने वेदना होइन।"

"भन्ते ! अर्हत् भइसकेकाले उनको शरीरमा हुने थरी-थरीका दुःख वेदनाहरूलाई सहेर पनि किन जिउन चाहेको हुन्छ ? उनी किन त्यो दुःखमय शरीरलाई त्याग गर्दैनन् ?"

Downloaded from http://dhamma.digital

"महाराज ! अर्हत्‌लाई न कुनै कुरोको इच्छा हुन्छ, न कुनै कुरोको अनिच्छा नै हुन्छ । उनले त्यसै त्यसै अतासिएर काँचोलाई जबर्जस्ती पकाउन चाहेको हुँदैन । उनमा अथाह धैर्य हुन्छ । उनले कुनै पनि कुरोलाई कुनै पनि अवस्थामा सधैंभरि सम भावले हेरेको हुन्छ । धर्मसेनापति सारिपुत्रले यस सम्बन्धमा यसरी भन्नु भएको छ– "न मलाई मर्ने इच्छा छ, न त जिउने नै इच्छा छ । आफूले गर्नुपर्ने काम सबै सिद्धयाएर आफ्नो पारिश्रमिक लिन जसरी त्यो ज्यामी पर्खेको हुन्छ, म पनि त्यसरी नै आफ्नो अन्तिम समयको प्रतिक्षामा छु । ज्ञानपूर्वक चनाखो रही आफ्नो बाकी समय बिताउँदै छु ।"

## ६. वेदनाका वर्णभेदहरू

"भन्ते ! सुखवेदना कुशल, अकुशल तथा अव्याकृत यी तीन मध्ये कुन हुन्छ ?"

"कुशल, अकुशल र अव्याकृत यी तीनओटै हुन सक्छ ।"

"किन ! के कुशलले दुःख नहुने र दुःख हुने चाहिं कुशल नहुने होइन र ! अनि त फेरि सुख हुने भएर पनि अकुशल कसरी हुन सक्ला ?"

चनाखो भिक्षु नागसेनले राजा मिलिन्दको यो प्रश्न गराइमा अकस्मात् तर्कबाजीको गन्ध घोलिएको पाए । अनि त उनले पनि त्यही शैलीमा कुरा गर्न थाले– "महाराज !

Downloaded from http://dhamma.digital

कसैले आफ्नो एक हातमा तातेर रातो भएको फलामको गोला र अर्को हातमा एउटा चिसो बरफको ढिक्का लिएछ भने उनको कुन चाहिं हातमा कष्ट होला ?"

"दुवै हातमा कष्ट होला ।"

"किन ? ती दुइ हातमा लिएका वस्तुहरू न त दुवै तातो थिए, न त दुवै चिसो नै थिए. . . . ? दुवै चिसो पनि थिएन, दुवै तातो पनि थिएन । एउटा चिसो त अर्को गरम थियो । यदि चिसोले कष्ट दिने रहेछ भने बरफको ढिक्का लिएको हातमैं मात्र कष्ट हुनुपर्ने हो । होइन तातोले मात्रै कष्ट दिने रहेछ भने फेरि त फलामको तातो गोला लिएकै हातमा मात्र कष्ट हुनुपर्ने हो । दुवै हातमा कष्ट हुने त्यस्तो त कसरी हुन सक्ला र ?"

"तपाई जस्तो तार्किकसंग वारंवार तर्कद्वन्द गरिरहन्न म । वास्तवमा तथ्य कुरो के हो, सो प्रष्टचाउनु होस् भन्ते ।"

यसरी राजा मिलिन्द स्वयंले आफ्नो सोधनीमा अनायास झल्कन गएको तर्कचाइँ मेटाउँदै पुनः विश्वास तथा आदरका-साथ तथ्य ज्ञानको बोध गर्ने गराउने वातावरणको सृजना गरेपछि विद्वान् भिक्षु नागसेनले पनि फेरि धर्मदेशनाकै शैलीमा बुद्धको अभिधर्मानुसार वेदनाको वर्गीकरण गरी सुनाउन थाले– "महाराज ! वेदनालाई विभिन्न अभिप्रायले विभिन्न भेदमा वर्णन गर्न सकिन्छ । विस्तृत रूपमा वेदनाको व्याख्या गर्ने हो भने, सांसारिक जीवनका छवटा सुख वेदना,

Downloaded from http://dhamma.digital

त्यागी जीवनका छवटा सुख-वेदना, सांसारिक जीवनका छवटा दुःख-वेदना, त्यागी जीवनका छवटा दुःख-वेदना, सांसारिक जीवनका छवटा उपेक्षा-वेदना तथा त्यागी जीवनका छवटा उपेक्षा-वेदना गरी जम्मा ३६ किसिमका वेदनाहरू हुन्छन् । फेरि समयको हिसाबले तिनीहरूलाई पनि पुनः वर्गीकरण गर्ने हो भने भूतकालका छत्तीस वेदना, भविष्य-कालका छत्तीस वेदना र वर्तमानकालका छत्तीस वेदना गरी जम्मा एक सय आठ किसिमका वेदनाहरू हुन्छन् ।"

## १०. कर्मभोगबाट मुक्त नहुने बारे

"भन्ते ! पुनर्जन्मको प्रक्रियामा अर्को जन्म ग्रहण गर्ने को हो ?"

"अर्को जन्म ग्रहण गर्ने **नाम**[56] र **रूप**[57] हुन् ।"

"के यस जन्मकै नाम र रूपले अर्को जन्म लिने हुन् र?"

"होइन महाराज ! यस जन्मको नाम र रूपले नै अन्त गई अर्को जन्म लिनजाने होइन । यस जन्मको नाम र रूप-द्वारा मानिसले पाप या पुण्यकर्महरू, जो गरेका हुन्छन्, त्यसका फल अनुसारको नयाँ नाम र रूपको उत्पत्ति भएका हुन्छन् र त्यही नयाँ उत्पत्ति भएको नाम र रूपले नै अर्को जन्म ग्रहण गर्ने हुन् ।"

"त्यसो भए यस जन्मका नाम र रूपचाहिं आफ्ना कर्म-हरूबाट मुक्त हुने हुँदा रहेछन्, होइन त भन्ते ?"

Downloaded from http://dhamma.digital

"मुक्त कसरी हुने हुन्छन्, जब त्यही कर्महरूकै फल अनुसार फेरि अर्को नाम र रूपले जन्म लिदैछन् भने ? हो, यदि कर्महरूको कारणले फेरि अर्को नाम-रूपले जन्म लिनुपर्ने नहुँदो हो त, ती कर्महरूबाट मुक्त भए भन्न मिल्थ्यो। तर वास्तवमा कुरो त्यस्तो छैन। यस जन्मको नाम र रूपले गरेका ती कर्महरूकै कारणले नै फेरि अर्को नाम र रूपले जन्म लिने हुन्। त्यसो हुनाले ती कर्महरूबाट मुक्त भयो भन्न मिल्दैन।"

"कुनै उपमाद्वारा प्रष्टयाउनु हुन्छ कि ?"

"भनौं, कुनै एक जना मानिसले कुनै अर्को मानिसको आँपको बोटबाट केही आँप चोरेछ। त्यसै मौकामा आँपको बोटको मालिकले उसलाई समातेछ र पाता कसेर राजाकहाँ लगेछ। तर त्यो आँप चोर्ने मान्छेचाहिं राजासंग कसरी बिन्ती गर्दा रहेछन् भने– त्यो मान्छेले रोपेको आँप अर्कै हो र उसले टिपेका आँपहरू फेरि अर्कै हुन् रे। त्यसैले उसलाई कुनै किसिमको सजाय हुनु हुँदैन रे। हुन पनि उसको भनाई यसो हेर्दा ठीकै हो। वास्तवमा उसले टिपेका आँपहरू त्यो मान्छेले रोपेकै आँप त कहाँ हो र। त्यो त खाली त्यो मान्छेले रोपेको आँपबाट उम्रे र हुर्केको आँपको बोटमा फलेका आँपहरू मात्र न हुन्। अब तपाई भन्नुहोस् त महाराज ! त्यो आँप चोर्ने मान्छे सजायको भागी हो कि होइन ?"

"ऊ अवश्य पनि सजायको भागी हो, भन्ते !"

"किन ?"

Downloaded from http://dhamma.digital

"किनभने त्यो आँपको बोट र त्यसमा फलेका सबै आँपहरू पहिलेबाट त्यो आँप रोप्ने मानिसले रोपेकै आँपबाट नै हुर्की फलेका हुनाले ती सबै उसैका ठहरिन्छन् ।"

"तपाईले ठीक भन्नु भएको छ महाराज । जसरी ती चोरिएका आँपहरू त्यो आँप रोप्नाले नै फलेका हुनाले, ती जम्मै पहिलेबाट आँप रोप्नेकै अधिकारका हुन्छन् । ठीक त्यसरी नै यो जन्मको नाम र रूपले गरका पाप र पुण्यकर्म-हरूकै कारणले अर्को नाम र रूपको उत्पत्ति हुने भएका हुनाले यो जन्मको नाम र रूपलाई आफ्ना कर्महरूबाट मुक्त नभएको मानिन्छ ।"

"एउटा अर्को उपमा पनि दिनुहुन्छ कि ?"

"मानौं, कसैले जाडो हटाउन कसैको खेतनिरै आगो बाली तापेछ । आगो तापेपछि त्यो आगो ननिभाइकन त्यसै छोडेर गएछ । पछिबाट हावा लाग्नाले त्यो आगो बढ्दै गएछ । बढ्दै बढ्दै गएको त्यो आगोले त्यो नजिकैको खेतको सारा बाली नै भष्म पारेछ । पछिबाट त्यो कुरो त्यो डढेको खेतको मालिकले थाहा पाई सुरुमा आगो बाली ताप्नेलाई समात्न पुगेछ । तर त्यो आगो बाली ताप्ने चाहिं के भन्दो रहेछ भने, उसले त खेत बाहिरै आगो बालेको थियो रे । त्यो खेत धनीको खेत जलाउने आगो चाहिं उसले बालेको आगो-भन्दा भिन्नै नै हो रे । त्यसैले त्यो खेत जल्नुमा उसको कुनै किसिमको दोष छैन रे । अब भन्नुहोस्, महाराजको विचारमा

Downloaded from http://dhamma.digital

त्यो मान्छे दोषी हो कि होइन ?"

"अवश्य दोषी छ, त्यो मान्छे ।"

"किन र ? उसले सोभै अर्काको खेतमा गई आगो बाल्न गएको त छैन नि ?"

"हो, उसले सोभै अर्काको खेतमा आगो लगाउन गएको त देखिंदैन । तैपनि उसैको लापरवाहीले गर्दा नै अर्काको खेत जलेको छ । यदि उसले त्यसरी अर्काको खेतनेर दनदन आगो बालेर खुल्ला हावामा त्यसै छोडेर नआएको भए अर्काको खेत त्यसरी जल्ने थिएन । मौका र मसाला पाएपछि बढ्नु र चारैतिर फैलनु आगोको स्वभाव हो । बल्न सक्ने बालीको नजिकै, त्यो पनि खुल्ला हावामा त्यसरी दनदन आगो बाली आगोलाई बढ्ने र बढ्दै बढ्दै खेतसम्म पुग्ने सजिलो मौका दिएर आउने वास्तवमा त्यो सुरुमा आगो बाली ताप्ने हो । त्यसैले त्यो आगो बाली ताप्ने दोषी ठहरिन्छ ।"

"महाराज ! जसरी आगो बाल्नेले खेत बाहिरै आगो बालेको भए तापनि पछिबाट त्यही आगो बढ्दै गई अर्काको खेत डढाउन पुगेको हुनाले त्यस घटनाको लागि त्यो सुरुमा खेत बाहिर आगो बाल्ने दोषी ठहरिने हो, त्यसरी नै पाप र पुण्यको कर्म भोग गर्ने अर्कै नाम र रूप भए तापनि कर्म भोग गर्ने ती नाम र रूपको उत्पत्ति हुनाको एक मात्र कारण त्यो पहिलो नाम र रूपले गरेको पाप र पुण्यका कार्यहरु भएकाले त्यसरी कर्म भोगबाट मुक्त भयो भन्नु मिल्दैन ।

Downloaded from http://dhamma.digital

"फेरि पनि अर्को उपमा दिने कृपा गर्नुहोस् !"

"सम्झनोस्, कसैले एउटी बालिकासंग विवाह गरेर त्यसलाई पालन-पोषण गरिरहन चाहिने खर्च समेत दिइवरी त्यसलाई माइतमै छोडी आफू कतै टाढा गएछ। केही काल-पछि त्यो केटी तरुनी भई छन्। त्यो तरुनी भएपछि एउटा कुनै अर्कै व्यक्तिले त्यसलाई फकाइवरी आफ्नी स्वास्नी बनाउन लगेछ। पहिलो मान्छेले त्यो कुरो थाहा पाएपछि त्यो दोस्रो मान्छेकहाँ गई जारीखत मागेछ। तर त्यो दोस्रो मान्छे चाहिं के झेलाहा गर्दो रहेछ भने उहिले उसले विवाह गरेर छोडी गएकी त्यो बच्ची अर्कै थिई रे। अहिले उसले ल्याएकी तरुनी फेरि अर्कै भइसकेकी थिई रे। त्यस कारण अब उसले कुनै जारीखत तिर्न पर्ने छैन रे। भन्नुस् ती दुइको त्यस्तो झगडामा तपाई कुन चाहिंको पक्ष लिनुहुन्छ, महाराज ?"

"म अवश्य पनि पहिलो व्यक्तिको पक्ष लिन्छु भन्ते ! किनभने वास्तवमा त्यही सानी केटी नै त हुर्केर तरुनी भएकी छे।"

"महाराज ! जसरी त्यो बालिका हुर्की तरुनी भए पनि त्यो तरुनी पहिलो व्यक्तिकै हककी भई, त्यसरी नै मृत्यु हुने वेलामा अर्कै नाम र रूपको लय अन्त भएर पुनर्जन्म हुने वेलामा फेरि अरू नै नाम र रूपको लय उत्पन्न हुने भए तापनि पछिल्लो नाम र रूपको लय उत्पन्न हुनाको कारण पहिलो नाम र रूपले गरेका पाप र पुण्यका कर्महरू नै भएका हुनाले,

Downloaded from http://dhamma.digital

त्यो पहिलो नाम र रूप आफ्ना कर्म भोगबाट मुक्त नभएको मानिन्छ ।"

"अझै एउटा अर्को उपमा दिनुभए बेस होला ।"

"भनौं, महाराज ! कसैले एक जना गोठालाकहाँ एक कचौरा दूध किनी, त्यो दूधको कचौरा भरे-भोलि लिन आउने छु भनी त्यही गोठालाकहाँ नासो राखी गएछ । त्यो मान्छे चाहिं त्यो दिन नफर्की अर्को दिन मात्र फर्कछ । त्यस वेला-सम्ममा त्यो कचौरामा राखेको दूध फाटेछ । तर त्यो मान्छे भने आफ्नो फाटेको दूधको कचौराको सट्टामा नफाटेको दूधै चाहिन्छ भन्दै गोठालासंग झगडा गर्दो रहेछ । बिचरो गोठाला, केही नलागी अन्तमा तपाईकहाँ न्याय-निसाफ माग्न आएछ भने तपाई कसको पक्षमा निसाफ गर्नु हुन्छ महाराज ?"

"म त सोझै गोठालाको पक्षमा निसाफ गरिदिन्छु । किन भने उसैको दूध न फाटेको हो ।"

"महाराज ! जसरी उसैको दूध फाटेको हुनाले उसलाई त्यही फाटेको दूधको कचौरा दिलाइदिनु न्यायसङ्गत हुन्छ ठीक त्यसरी नै मृत्यु हुने वेलाको नाम र रूपले गरेका पाप–पुण्यका कर्महरूकै कारण मात्र अर्को नयाँ नाम र रूपको उत्पत्ति हुने भएका हुनाले मृत्यु हुँदाको नाम र रूपलाई आफ्नो कर्म भोगबाट मुक्त नभएको मान्नु पर्ने हुन्छ ।"

Downloaded from http://dhamma.digital

## ११. नाम र रूप आपसमा आश्रित छन्

"भन्ते ! तपाई जुन नाम र रूपको विषयमा भन्दै हुनुहुन्छ, त्यो नाम भनेको के हो र रूप भनेको के हो ?"

"महाराज ! यस संसारमा भएका चार महाभूतबाट बनेका, स्थूल वस्तुहरू जति जम्मै रूप हुन् तथा सूक्ष्म मानसिक धर्म जति जम्मै नाम हुन् ।"

"भन्ते ! अर्को जन्म ग्रहण गर्ने एक्लो नाम या एक्लो रूप मात्र किन हुँदैन ?"

"महाराज ! नाम र रूप, यी दुइ आपसमा एकदम आश्रित छन् । एक बिना अर्काको कुनै अस्तित्व नै रहँदैन । त्यसैले यी दुइ सधैं एकसाथ उत्पन्न हुन्छन् र एकसाथ नै नष्ट पनि हुन्छन् ।

महाराज ! जसरी कुखुरोको पेटमा फूल र फूलभित्रको चल्ला एकसाथ, एकमाथि अर्को एकदम आश्रित भएर रहेका हुन्छन्, ठीक त्यसरी नै यस संसारमा नाम र रूप पनि पूर्णतया एकमाथि अर्को आश्रित छन् । अनन्तकालदेखि यस संसारमा यसरी नै चली आइरहेको छ ।"

## १२. कालको अस्तित्व छ कि छैन ?

"भन्ते नागसेन ! काल भनेको के हो ? के साँचै कालको केही अस्तित्व छ ?"

Downloaded from http://dhamma.digital

"कालको अस्तित्व कसैको लागि छ त कसैको लागि छैन पनि । महाराज ! संसारमा त्यस्ता संस्कारहरू पनि छन्, जो बितिसकेका छन् । जो बिलकुल परिवर्तित भई फेरि कहिल्यै उत्पत्ति नहुने गरी अन्तिम लयमा पुगिसकेका छन् । त्यस्ता संस्कारहरूका लागि कालको कुनै अस्तित्व छैन । तर जुन संस्कार धर्महरू लगातार आफ्नो फल देखाउँदै छन्, लगातार कहिले कहाँ त कहिले कहाँ प्रतिसन्धि लिइरहनमा व्यस्त छन् त्यस्ता संस्कारहरूको लागि भने कालको अस्तित्व पनि रहिरहेको हुन्छ । त्यसरी नै जुन प्राणीहरू मरेपछि फेरि पनि अर्को जन्म लिने हुन्छन्, तिनीहरूको लागि कालको अस्तित्व हुन्छ र जुन प्राणीहरू मरेपछि फेरि अर्को जन्म ग्रहण नगर्ने अर्हत् भइसकेका छन्, तिनीहरूको लागि कालको कुनै अस्तित्व हुँदैन । त्यस्तै यस संसारबाट अनुपादिशेष निर्वाण पाएर गइसकेकाहरूको लागि पनि कालको कुनै अस्तित्व रहन्न ।"

## १३. अविद्या नै कालको मूल हो

"भन्ते ! भूतकालको मूल के हो, भविष्यकालको मूल के हो र वर्तमानकालको मूल के हो ?"

"महाराज ! भूत, वर्तमान र भविष्य यी तीनै कालको एउटै मूल अविद्या हो । अविद्या भनेको चार आर्यसत्यको दर्शन गर्न नसक्नु हो । चार आर्यसत्य भनेको दुःख सत्य,

Downloaded from http://dhamma.digital

दुःख समुदय-सत्य, दुःख निरोध-सत्य र दुःख निरोध गामिनि प्रतिपदा सत्य हुन् । दुःख सत्य भनेको ब्रह्मादेखि लिएर चक्रवर्ती राजा र अन्य कुनै पनि प्राणीले कुनै पनि तरिकाबाट पनि छल्न नसक्ने भई भोग्नैपर्ने दुःखहरूले यो संसार व्याप्त छ भन्ने परमार्थ ज्ञान हो । दुःख समुदय-सत्य भनेको यो संसार त्यसरी दुःखै दुःखले व्याप्त हुनमा एउटा खास कारण छ र त्यो एक मात्र कारण तृष्णा-समूह नै हो भन्ने ज्ञान हो । दुःख निरोध-सत्य भनेको यी दुःखहरूबाट मुक्ति पाउने एउटा खास उपाय छ र त्यो एक मात्र उपाय, दुःखहरूको उत्पत्ति गर्ने तृष्णा-समूहलाई निर्मूल पार्न सक्नु सिवाय अरू केही होइन भन्ने ज्ञान हो । अनि दुःख निरोध गामिनि प्रतिपदा-सत्य भनेको चाहिँ तृष्णा समूहलाई निर्मूल पारी यस संसारका दुःखहरूबाट मुक्त भई उम्कने एउटै बाटो आर्य अष्टाङ्गिक मार्ग हो भन्ने ज्ञान हो । यी चार आर्य-सत्यलाई भित्री प्रज्ञा चक्षुले देख्न नसक्नाले प्राणीमा यस संसारप्रतिको मोह उत्पन्न हुन्छ । अनि उसले वर्तमान जीवनभन्दा सुखी र सम्पन्न भनी ठानेको कुनै अर्को जीवनको चाहना गर्न थाल्छ । यसरी संस्कारको सृजना हुन जान्छ । संस्कारको सृजना भएपछि संस्कारको अनुभव गर्ने, संस्कारलाई वास्तविकतामा परिणत गर्ने विज्ञानको उत्पत्ति हुन्छ । विज्ञानको सृष्टि भएपछि विज्ञानको कर्मक्षेत्र याने यो भौतिक संसारको आराधना हुन जान्छ । यसरी नाम र रूपको उत्पत्ति भएपछि नाम र रूपको

Downloaded from http://dhamma.digital

संयोग हुने छवटा स्पर्शद्वारहरू अर्थात् छ आयतनहरूको सृजना हुन्छ । **षडायतन**[58] उत्पत्ति भएपछि **स्पर्श**[59] हुन्छ । स्पर्श भएपछि वेदना हुन्छ । वेदना भएपछि त्यस वेदनालाई स्मृतिले बाँधी प्रज्ञाद्वारा नष्ट गर्न नसकेको खण्डमा तृष्णाको उत्पत्ति हुने हुन्छ । तृष्णाको उत्पत्ति भएपछि तृष्णा पूर्तिको लागि अनेक कर्महरू गर्ने प्रेरणा, अर्थात् **उपादान**[60] उत्पन्न हुन्छ । यसरी पाप या पुण्य, कुशल या अकुशल कर्महरू गर्ने प्रेरणा भएपछि ती कर्महरू गर्न नभई नहुने यो शरीरको उत्पत्ति गर्ने प्रबल इच्छा, याने भव हुन्छ । भव भएपछि जन्म हुन्छ । जन्म भएपछि पुरानो संस्कारद्वारा प्रेरित भएका कर्महरूकासाथै वर्तमान परिस्थितिले धच्चघच्याइएका कर्महरू पनि गर्ने हुन्छ । सुख र दुःखको अनुभव गर्ने हुन्छ । रोगव्याधिको अनुभव गर्ने हुन्छ । रुने र हाँस्ने हुन्छ । नयाँ नयाँ संस्कारहरू बनाउने र अज्ञानतावश अर्थात् अविद्याको कारण ती संस्कारहरूलाई पुनः संचय गर्दै जाने हुन्छ । यस्तैमा एक दिन बुढयौली आउँछ र अन्तमा मृत्यु पनि हुन्छ । मृत्युपछि अविद्याको कारण आजीवन संचय गर्दै गरेका संस्कारहरूलाई बोक्दै फेरि उही अविद्या संस्कार विज्ञान आदिको अर्थात् प्रतीत्य समुत्पादको चक्रमा निरन्तर घुम्न जाने हुन्छ । यो दुःखचक्र आदिकालदेखि निरन्तर घुम्दै आइरहेको छ । यो दुःखचक्र कहाँबाट कहिलेदेखि आरम्भ भई आएको छ भन्ने कुरो हामीले थाहा पाइसक्ने कुरो छैन । जेसुकै

Downloaded from http://dhamma.digital

भए पनि यो दुःखचक्र घुम्दै आउनाको एउटै मूल कारण छ र त्योचाहिँ अविद्या नै हो ।"

"भन्ते ! तपाईले भर्खर दुःख चक्रको आरम्भ कहाँबाट कहिलेदेखि भई आएको छ त्यो थाहा पाइसक्ने कुरो छैन भनी भन्नुभएको छ । कृपया त्यस भनाईलाई बढी स्पष्ट पार्न कुनै उपमाद्वारा सम्झाउनु हुन्छ कि ?"

"महाराज ! तपाईलाई थाहा भएकै कुरो हो, कसैले कुनै एउटा रूखको बिउ रोपेपछि त्यसमा बिस्तारै अंकुर निस्कन थाल्छ । क्रमशः त्यो अंकुर बढ्दै बढ्दै ठूलो रूख हुन्छ र त्यसमा पनि फल लाग्न थाल्छ । त्यसरी लागेको फललाई पनि फेरि रोपिदिंदा, क्रमशः त्यसको पनि अंकुर निस्की, बढ्दै रूख हुन्छ र फेरि पनि फल लाग्छ । फलबाट रूख र रूखबाट फेरि फल हुने यो क्रम यस संसारमा कहिलेदेखि सुरु भयो र कहिले गएर यसको अन्त हुन्छ भन्ने कुरो कसलाई थाहा हुन सक्ला र ?"

"त्यो त कसैलाई पनि थाहा हुने कुरो भएन ।"

"त्यस्तै हो महाराज ! यो कालको आरम्भ, यो सृष्टिको आरम्भ पनि कहिलेदेखि भएको हो, त्यो भन्न सक्ने कुरो होइन ।"

"एउटा अर्को उदाहरण पनि दिनुहुन्छ कि ?

भिक्षु नागसेनले तत्काल एउटा गोलाकार खिची त्यसैलाई औंल्याउँदै भने– "महाराज ! जसरी यो गोलाकारको

Downloaded from http://dhamma.digital

कुनै निश्चित सुरु र अन्त थाहा पाउन सकिन्न, ठीक त्यसरी नै सृष्टि र विनाशको चक्र अर्थात् कालचक्रको कुनै आरम्भ र अन्त थाहा पाउन सकिन्न। भगवान् बुद्धले पनि संसारको सृष्टिचक्रलाई यस्तै गोलाकारको रूपमा वर्णन गर्नु भएको छ।

"महाराज ! आँखा र आँखाले हेरिने भौतिक संसार भएको हुनाले यो संसारका भौतिक पदार्थहरूलाई हेरी अनुभव गर्ने **चक्षु-विज्ञानको**[61] उत्पत्ति हुन्छ। यसरी चक्षु-विज्ञानको उत्पत्ति भएपछि आँखा, आँखाले हेरिने भौतिक पदार्थ र चक्षु-विज्ञान यी तीनै ओटाको संयोग हुन्छ, अर्थात् स्पर्श हुन्छ। स्पर्श हुनाले वेदना र वेदना हुनाले तृष्णाको सृजना हुन्छ। तृष्णाको कारण, याने फेरि पनि हेर्ने प्रबल इच्छा हुनाको कारण पुनः चक्षु र चक्षु-विज्ञानको सृजना हुन जाने हुन्छ। यही क्रम अनन्तकालदेखि चल्दै आइ-रहेको छ। यसको आरम्भको कुनै ठेगाना नै छैन।

त्यस्तै नै मन, मनले अनुभव गर्ने धर्म भएको हुनाले मनोविज्ञानको उत्पत्ति हुन्छ। मन, धर्म र मनोविज्ञानको संयोगले स्पर्श हुन्छ। स्पर्श भएपछि वेदना र वेदना भएपछि तृष्णाको सृजना हुन्छ। तृष्णाको कारणले फेरि पनि अर्को मनको उत्पत्ति हुन्छ। यो सिलसिला कहिलेदेखि कसरी सुरु भई आएको हो यस बारेमा कसैलाई पनि थाहा छैन।

महाराज ! त्यसरी नै कालको आरम्भबारे कसैले पनि केही भन्न सक्दैन।"

Downloaded from http://dhamma.digital

"भन्ते नागसेन ! तपाई भन्दै हुनुहुन्छ नि कालको आरम्भको ठेगाना नै छैन भनेर, त्यो कालको आरम्भ भन्नाको खास तात्पर्य चाहिँ के हो, त्यो बुझ्न चाहन्छु भन्ते !"

"बितेका कुराहरूमध्ये सुरु समयको कुरालाई नै मैले कालको आरम्भ भनेको हुँ ।"

"के त भन्ते ! कुनै पनि आरम्भको ठेगाना छैन ?"

"छ, महाराज ! कुनै आरम्भको ठेगाना छ । तर कुनैको चाहिँ छैन ।"

"भन्ते ! कस्तो आरम्भको ठेगाना छ र कस्तो आरम्भ-को ठेगाना छैन ?"

"महाराज ! कुनै एक अवस्थाको अन्त्यपछि अविद्याको कारण उत्पन्न हुने कुनै अर्को अवस्थाको सुरुवात भएको, अर्थात् कुनै एक जन्मको मृत्युपछि फेरि अर्को जन्म भएदेखिको आरम्भ थाहा पाउन सकिन्छ । तर कहिलेदेखि अविद्याको सृष्टि भयो र त्यो अविद्याको कारण जन्म र मृत्यु तथा त्यो मृत्युपछि फेरि अर्को जन्म र मृत्युको चक्र सुरु भयो भन्ने कुरो थाहा पाउन सकिन्न ।"

"भन्ते ! जन्म-मरण र फेरि अर्को जन्म-मरणको चक्र जुन छ, त्यसमा एक जन्मदेखि त्यो जन्मको मृत्युसम्मको सम्बन्ध त ती सबै एउटै भौतिक शरीरमा हुने भएका हुनाले त्यसबारे सबैलाई स्पष्ट होला । तर एक जन्मको मृत्युपछि फेरि अर्को जन्म हुनासम्मको जुन सम्बन्ध छ त्यो सम्बन्ध

Downloaded from http://dhamma.digital

कसरी जोडिन्छ भन्ने बारेको तथ्य कुरो थाहा नभएको हुनाले त्यस विषयमा केही थाहा पाउन चाहन्छु, भन्ते !"

"महाराज ! एक जन्मको मृत्युपछि फेरि अर्को नयाँ जन्मसम्मको सम्बन्ध त्यो संस्कारले जोडिएको हुन्छ, जुन संस्कार उसको पहिलो जन्मदेखि मृत्युसम्मको समयभित्र निरन्तर उत्पन्न हुँदै संचित पनि हुँदै आइरहेको हुन्छ।"

## १४. संस्कारको उत्पत्ति र त्यसको भूमिका

"भन्ते ! संस्कारको उत्पत्ति कसरी हुँदो रहेछ ?"

"महाराज ! अघि हामीले संसारमा भएको दुःखचक्रको आरम्भबारे विचार-विमर्श गर्दा के भनेका थियौं भने आँखाले हेरिने भौतिक पदार्थहरू भएका हुनाले चक्षु-विज्ञानको उत्पत्ति हुन्छ। यसरी चक्षु-विज्ञानको सृजना भएपछि आँखा, आँखाले देख्ने भौतिक वस्तु र चक्षु-विज्ञान यो तीनैवटाको संयोगबाट स्पर्श हुन्छ। स्पर्शबाट वेदना र वेदनाबाट फेरि तृष्णाको उत्पत्ति हुन्छ। तृष्णाको उत्पत्ति भएपछि तृष्णाको कारण फेरि पनि आँखाको उत्पत्ति भई उही सिलसिला दोहोरिदै जाने हुन्छ। वास्तवमा संस्कारको उत्पत्तिको कुरो यसैमा समावेश छ। तर पनि तपाईंले यस कुरोलाई अझ बढी प्रष्टसंग बुझ्न सकोस् भन्नको लागि अब हामी यसैमाथि अझ बढी विस्तृत रूपमा छलफल गर्नतिर लाग्छौं।

आँखा भएपछि आँखाले हेरेर देख्न सक्ने जुन भौतिक

Downloaded from http://dhamma.digital

पदार्थहरू यस संसारमा अनन्तकालदेखि विद्यमान भइआएका छन्, तिनीहरू र आँखाको संयोग हुन्छ। यसरी आँखा र आँखाले हेरेर देख्न सक्ने भौतिक पदार्थहरूको संयोग भएपछि चक्षु-विज्ञानको उत्पत्ति हुन्छ। यहाँ आँखा तथा आँखाले हेर्दा देखिने जुन भौतिक पदार्थहरू छन् तिनीहरू सबैलाई रूप-वर्गमा समावेश गरिन्छ। तर जुन चक्षु-विज्ञान छ, त्यो अति सूक्ष्म धर्म हो र यसलाई चित्त या नाम-वर्गमा समावेश गरिन्छ। आँखा, आँखाले हेर्दा देखिने भौतिक वस्तुहरू र चक्षु-विज्ञान यी तीनैवटाको संयोग भएपछि, अर्थात् नाम र रूपको संयोग भएपछि स्पर्शको उत्पत्ति हुन्छ। स्पर्शको सृजनापछि, याने नाम र रूपको स्पर्श भएपछि, वेदनाको सृष्टि हुन्छ। यसरी चित्तमा वेदना हुन थालेपछि त्यस वेदनालाई सम्यक्-दृष्टिले ज्ञानपूर्वक हेर्न नसकेको अवस्थामा त्यस वेदनाबाट तृष्णाको सृजना हुने हुन्छ। तृष्णा बढेर विस्तृत हुन गएपछि त्यस तृष्णाले उपादानको रूप लिन्छ र चित्तलाई त्यही तृष्णाको पूर्तिको लागि अनेक कर्महरू गर्नतिर धकेलिदिन्छ। यसरी कुनै कर्महरू गर्ने प्रबल इच्छा भएपछि ती कर्महरू सम्पन्न गर्नाको लागि भौतिक शरीरको आवश्यकता पर्न जान्छ। यही भौतिक शरीरको प्रबल कामनालाई भव भनिन्छ। भौतिक शरीरको प्रबल कामनाले गर्दा, त्योभन्दा पहिलेका जन्महरूमा गरी आएका कर्मअनुसारको जन्म हुने हुन्छ। जन्म भएपछि शरीरमा अनेक किसिमका रोगहरू

Downloaded from http://dhamma.digital

हुन्छन्, आपत विपतहरू आइपर्छन् र त्यसरी नै आइपर्छन्, थरी थरीका सुख-दुःख भनाउँदाहरू पनि । यसरी जीवनमा आइपर्ने तरह तरहका सुख-दुःखहरूलाई सम्यक् दृष्टिले हेर्न नसक्ने व्यक्तिले यस संसारको चार आर्य सत्यलाई पनि आफ्नो प्रज्ञा-चक्षुले हेर्न नसक्ने हुन्छ । चतुआर्य सत्यलाई आफ्नो प्रज्ञा-चक्षुले हेर्न नसक्ने व्यक्ति अविद्या-रूपी अन्धकार-मा जाकेको जाकिएकै हुन्छ । त्यस्तो व्यक्तिले अनेक झूठा सुख-रूपी मृग-तृष्णाहरूको पछि लागी अनेक कर्महरू गर्ने हुन्छ । यसरी जन्मदेखि नमरुन्जेलसम्म मिथ्या दृष्टिपूर्वक त्यसैमा पूर्णतया आशक्त भई गरेका सबै किसिमका कर्महरू-बाट त्यही कर्मानुसारकै संस्कारको उत्पत्ति हुने हुन्छ । यसरी अविद्याको कारणले लगातार उत्पन्न भई संचित हुँदै गएका संस्कार धर्म नै अर्को जन्मको एक मात्र मूल कारण हुन्छ । त्यसैले अर्को जन्मको वास्तविक स्वरूप पनि त्यही लगातार उत्पन्न भई संचित हुँदै गएका संस्कार अनुरूप नै हुन्छ । यसरी एक जन्म र अर्को जन्म बीचको सम्बन्धलाई संस्कारद्वारा जोडिएको हुन्छ ।"

"भन्ते ! पूर्व जन्महरूमा गरिएका कर्महरूको आधार बिना त्यसै उत्पन्न हुने संस्कार पनि कुनै छ कि ?"

"महाराज ! त्यस्तो संस्कार हुनै सक्दैन । कुनै पनि संस्कारको प्रवाह पहिलेबाटै चलिआएको हुन्छ ।"

"भन्ते ! कुनै दृष्टान्त दिएर सम्झाउनु हुन्छ कि ?"

Downloaded from http://dhamma.digital

"महाराज ! तपाई अहिले जुन दरवारमा बस्नु भएको छ के यो दरवार त्यसै सून्यबाटै सृष्टि भएको हो ?"

"होइन भन्ते !"

"त कसरी यसको सृजना भएको छ ?"

"भन्ते ! मानिसहरूले जंगलबाट काठ ल्याए । काठबाट झ्याल, ढोका, खापा, थाम, दलिन आदि बनाए । जमिनबाट माटो झिके । माटो पोलेर ईंट बनाए । पछिबाट ती सम्पूर्ण सामग्रीहरूको उचित संयोगद्वारा यो दरवारको उत्पादन गरे ।"

"महाराज ! जसरी काठ, ईंट, माटो आदि सबै आवश्यकीय सामग्रीहरूको उचित संयोगले मात्रै तपाईको यो दरवारको उत्पत्ति हुन सकेको छ, ठीक त्यसरी नै कुनै पनि संस्कारको सृजना खाली पहिलेबाटै गरिआएका कर्महरूकै आधारले मात्र भएको हुन्छ । कुनै पनि संस्कार पूर्वकर्मको आधार विना त्यसै बनेको हुँदैन ।"

"अर्को उदाहरण पनि पाउँछु कि ?"

"यी रूख, बिरुवाहरू जति पनि छन्, तिनीहरू सबै, कुनै न कुनै तरिकाले उनीहरूको बीउ जमीनमा पुग्नाले मात्रै जमीनबाट उम्रिएका हुन्, त्यसरी नै सबै संस्कारहरू पनि पूर्व जन्महरूमा सम्पन्न गरिआएका कर्महरूकै कारणले मात्र सृजना भई पछि लागी आएका हुन् ।"

"फेरि पनि अर्को उदाहरणको आशा गर्दछु, भन्ते !"

Downloaded from http://dhamma.digital

"के एक जना कुह्मालेको काम काँचो माटोबाट आफूले चाहेजस्ता किसिमका भाँडाकुँडाहरू बनाउनु होइन र? अवश्य हो। तर बिचरो कुह्माले जस्तोसुकै शिल्पी किन नहोस् यदि उसले काँचो माटो नै फेला पार्न सकेन भने उसको नाङ्गो हातबाट केही पनि बन्ने छैन। माटोको भाँडो बन्नलाई कुह्मालेको हातमा काँचो माटो हुनु अनिवार्य छ। त्यसरी नै महाराज ! संस्कार बन्नलाई पहिले आशक्तवश गरिसकेका कर्महरूको आधार हुनु अनिवार्य छ।"

"अझै अर्को उपमा दिने कृपा गर्नुहुन्छ कि ?"

"यदि वीणाको तुम्बा, छाला, तार आदि केही पनि छैन र वीणा बजाउने मानिस पनि छैन भने के कुनै स्वर निस्किएला ?"

"निस्किन्न भन्ते !"

"माथि भनिएका सबै सामग्रीहरू जम्मा भएमा नि ?"

"स्वर अवश्य पनि निस्कन सक्छ भन्ते !"

"त्यस्तै तरिकाले महाराज ! पहिलेबाटै संस्कार बनिने कर्महरू गरी आएकाले नै संस्कारको सृजना भएको हुन्छ।"

"फेरि पनि अर्को उपमाद्वारा सम्झाउने कष्ट गर्नुहुन्छ कि ?"

"यदि आगो बाल्ने काँच नभएको भए, काँचमा पर्ने तेजिलो घाम नभएको भए त्यसरी नै बाल्ने चीज वस्तु पनि नभएको भए के आगो बाल्न सकिएला ?"

Downloaded from http://dhamma.digital

"सक्निन्न भन्ते !"

"यदि यी सबै कुरो जुटाएर आगो बाल्ने सही प्रयत्न भएमा नि ?"

"आगो अवश्य बल्नेछ भन्ते !"

"त्यस्तै नै संस्कार बन्ने कर्महरू भैसकेपछि मात्रै संस्कारको सृजना हुन सक्छ महाराज !"

"अझै अर्को उपमाको आशा गरेमा, भन्ते दिक्क त हुनुहुन्न होला ?"

"यदि ऐना, प्रकाश र प्रकाशको कारणले ऐनामा प्रतिबिम्बित हुने गरी राखिएको कुनै वस्तु आदि नभएको भए के कुनै प्रतिबिम्बको सृजना होला ?"

"हुने छैन, भन्ते !"

"त्यही हिसाबले, आशक्तवश संस्कार बन्नसक्ने गरी कुनै कर्महरू नगरिएमा कुनै पनि संस्कारको सृजना हुने छैन, महाराज !"

## १५. आत्मा छैन

"भन्ते ! तपाई भन्नुहुन्छ कर्मबाट संस्कार बन्छ। अनि त्यही संस्कार अनुसारको जन्म हुन्छ। त यी सबै कुराहरू थाहा पाउने, अर्थात् मैले यो कर्म गरें, यो कर्म गरेको हुनाले यस्तो संस्कारको सृजना भएको छ, यस्तो संस्कार बन्नाको कारणले अब मेरो अर्को जन्म यस प्रकारको हुन्छ आदि

Downloaded from http://dhamma.digital

कुराहरूको चाल पाउने कुनै ज्ञाता छ कि छैन ?"

"महाराज ! तपाईंको विचारमा त्यस्तो ज्ञाता भए त्यो को होला त ?"

"भन्ते ! हामी यो कोठामा बसी यहाँका झ्यालहरूमध्ये पूर्व, पश्चिम, उत्तर, दक्षिण जुन जुन दिशातिरको झ्यालबाट हेर्न चाहन्छौं त्यही त्यही नै झ्यालबाट हेर्न सक्छौं । त्यस्तै नै हाम्रो शरीरभित्र बसी हाम्रो आँखाबाट हेर्न सक्ने, हाम्रो कानबाट सुन्न सक्ने, नाकबाट सुँघ्न सक्ने, जिब्रोबाट स्वाद चाख्न सक्ने, शरीरबाट स्पर्श गर्न सक्ने, मनबाट थाहा पाउन सक्ने, जुन जीव छ त्यसैलाई म उपरोक्त सबै कुराहरूको पनि ज्ञाता हो भन्ने सम्झन्छु ।"

"जसरी यो कोठामा बसी, हामीले यो कोठाको पूर्व, पश्चिम, उत्तर, दक्षिण जुनसुकै दिशाको झ्यालबाट पनि यस कोठा बाहिर भएका वस्तुहरूलाई हेर्न सक्छौं, कोठा बाहिर बोलिएका कुराहरू सुन्न सक्छौं । त्यसरी नै हाम्रो शरीरभित्र बस्ने भनाउँदो त्यो जीवले पनि हाम्रो शरीरमा भएका आँखा, कान, नाक, जिब्रो आदि जुनसुकै इन्द्रियद्वारा पनि वस्तुलाई हेर्न सक्नुपर्छ । आँखा, कान, नाक आदि जुनसुकै इन्द्रियद्वारा पनि स्वरलाई सुन्न सक्नुपर्छ । जुनसुकै इन्द्रियद्वारा पनि गन्ध-लाई सुँघ्न सक्नुपर्छ । जुनसुकै इन्द्रियद्वारा पनि स्वाद लिन सक्नुपर्छ, स्पर्श गर्न सक्नुपर्छ र थाहा पाउन सक्नुपर्छ । होइन त महाराज ?"

Downloaded from http://dhamma.digital

"त्यसो त कसरी हुन सक्ला र, भन्ते !"

"महाराज ! तपाई किन आफ्नो कुरो आफै काट्नुहुन्छ ? जब त्यो जीव कानको सट्टामा नाकबाट सुन्न सक्दैन, जिब्रोको सट्टामा आँखाबाट स्वाद चाख्न सक्दैन भने उसको अलग अस्तित्व नै के रह्यो त ? त्यस्तै हो भने महाराज ! शरीरका इन्द्रियहरू उसको वशका वस्तुहरू नभई, उल्टो त्यो जीव भनाउँदा चाहिँ पो इन्द्रियहरूको वशमा रहने कुरो ठहरियो। होइन त महाराज ?

फेरि अर्को कुरो के छ भने, महाराज ! जसरी ती झ्यालहरूलाई अहिलेभन्दा ठूलो पारिदिनाले अहिले छेकिएर नदेखिने भएका वस्तुहरू पनि देखिने हुन्छ, ती भित्ताहरू फोडिदिनाले भित्ता हुँदा नसुनिने भित्तापारिका स्वर पनि सुनिने हुन्छ, त्यसरी नै आँखाको दुलो ठूलो पारेपछि झन् बढी देख्न सक्नुपर्ने हो त्यो जीवले, कानको दुलो ठूलो हुने गरी छेडिदिनाले झन् बढी सुन्नुपर्ने हो त्यो जीवले, यदि शरीरभित्र साँच्चिकै कुनै त्यस्तो जीव भइदिएको भए। तर वास्तवमा त्यस्तो हुँदैन। त्यसबाट पनि हामी के निष्कर्षमा पुग्छौं भने शरीरभित्र कुनै त्यस्तो, शरीरको बनावट भन्दा पर, आफ्नै अलग अस्तित्व भएको जीव छैन।

महाराज ! तपाईको आत्मवादी धारणा अन्धविश्वास सिवाय अरू केही होइन भन्ने कुरो अझ बढी स्पष्ट पार्न फेरि पनि एउटा अर्को सोधनी गर्दैछु, म तपाईसंग। सवाल के छ

Downloaded from http://dhamma.digital

भने, महाराज ! यदि यो दिन्न नामको तपाईंको सल्लाहकार त्यो बाहिर ढोकैनेर गएर उभियो भने के तपाईंले उनलाई चिन्न सक्नु होला ?"

"त्यति टाढासम्म त पहिलेदेखि चिनिराखेको अङ्ग-प्रत्यङ्गको भरमा अन्दाज गरी, अझै चिनिलिन सक्छु म।"

"यदि उनी त्यहाँबाट यो कोठाभित्र आई तपाईंको सामुन्ने उभिन आएमा नि ?"

"त्यस वेला त म प्रष्टै चिनुँला।"

"ठीक छ। अब हामी त्यो शरीरभित्रको जीवबारे कुरा गर्छौं। त्यो शरीरभित्रको जीवले जिब्रोको माध्यम गरी चीजबीजहरूको स्वाद लिन्छ र तीमध्ये यो तीतो, यो पीरो, यो अमिलो भनी थाहा पाउँछ, होइन र ?"

"हो, भन्ते !"

"त्यसो भए ती चीजबीजहरू जम्मै पेटभित्र पुगेपछि पनि त्यो जीवले ती चीजबीजहरू मध्ये यो तीतो, यो मीठो, यो पिरो, यो अमिलो भनी थाहा पाउनु पर्छ र झन् बढी स्पष्टसंग थाहा पाउनु पर्छ, होइन त ?"

"होइन भन्ते ! पेटमा पुगेपछि कति पनि स्वाद पाउने छैन।"

"लौ महाराज ! तपाई फेरि पनि आफ्नो कुरो आफै काट्दै हुनुहुन्छ। यदि शरीरभित्र कुनै त्यस्तो जीव छ र त्यो जीवले उदेखि टाढा, मुखमा भएको कुनै पिरो चीजलाई त्यो

Downloaded from http://dhamma.digital

चीज पिरो छ भनी थाहा पाउन सक्छ त फेरि त्यही चीज पेटभित्र, त्यो जीवदेखि धेरै नजिक पुग्दा झन् किन कति पनि स्वाद नपाउनु नि ?

महाराज शरीरभित्र कुनै जीव छ भन्ने जुन धारणा छ त्यो कतिको मिथ्या छ भन्ने कुरो अब त तपाईले केही केही बुझ्नु भयो नै होला। यो कुरोलाई अझ बढी स्पष्ट बुझ्नसक्ना खातिर म अझै एउटा उदाहरण प्रस्तुत गर्दछु। महाराज ! हामीले कुनै एक जना व्यक्तिको मुख र आँखा मजासंग बन्द गरी उसलाई एउटा ठूलो भाँडोमा जम्मा गरिएको महमा चुर्लुम्म डुबाइदिउँ। एकछिन उसलाई त्यसरी महभित्र डुबाइसकेपछि उसलाई त्यहाँबाट झिकौं र उसंग उसलाई भर्खर केमा डुबाइएको थियो अथवा जसमा उसलाई डुबाइएको थियो, त्यो गुलियो थियो कि थिएन भनी सोधौं र हेरौं, ऊ सही जवाफ दिनमा समर्थ होला कि नहोला ? दिन दिनको व्यवहारले हामीलाई के बताइरहेको छ भने त्यो मान्छे अवश्य पनि सही उत्तर दिनमा समर्थ हुनेछैन। किन भने जुन महमा उसलाई डुबाइने हो त्यो मह उसको बन्द गरिएको मुखभित्र पुग्न पाएकै हुन्न र मुखभित्र रहेको जिब्रोमा बाहेक अरू इन्द्रियहरूमा स्वाद चाख्ने कुनै क्षमता नै छैन। महाराज ! यो प्रयोगात्मक उदाहरण तपाईले चाहेमा अहिले यहीं पनि गराई हेर्न सक्नु हुन्छ। यस प्रयोगबाट यही कुरो एकदम उदाङ्ग पारिदिनेछ कि वास्तवमा त्यस्तो जीवको कल्पना गर्नु,

Downloaded from http://dhamma.digital

त्यस्तो कल्पनामाथि आँखा चिम्ली विश्वास गर्नु, सिवाय एक किसिमको अविद्या, सिवाय एक किसिमको अन्धविश्वास अरू केही पनि होइन।"

"भन्ते ! म मूर्खहरूभैं छिड्याहातालले अनावश्यक छिपी गरिरहन चाहन्न। म यसबारे तथ्य कुरो बुझ्ने र सम्झने प्रयासमा छु। कृपासाथ सही कुरो सम्झाउने प्रयत्न पनि गर्नुहोस् ।"

"महाराज ! जसरी कुनै दुइ वस्तु आपसमा जुध्नाले आवाजको सृजना हुन्छ, त्यसरी नै हाम्रो शरीरभित्र भएको एक रूपले बाह्य संसारमा भएको कुनै एउटा अर्को रूपसंग टक्कर खाएपछि त्यही अनुरूपको विज्ञानको उत्पत्ति हुन्छ। उदाहरणको लागि हाम्रो आँखाले कुनै वस्तु देख्यो कि चक्षु–विज्ञानको उत्पत्ति भइहाल्छ। कानले कुनै आवाज सुन्नासाथ स्रोत विज्ञानको सृजना हुन्छ। यहाँ आँखा, कान आदिलाई हाम्रो शरीरभित्रको रूप भनिन्छ र वस्तु, आवाज आदिलाई बाह्य संसारको रूप भनिन्छ। यी भित्री र बाह्य रूप दुवै भौतिक तत्त्वहरू हुन्। यिनीहरू स्थूल छन्। यी दुइ किसिमका भौतिक तत्त्वहरूको टक्करबाट उत्पन्न हुने विज्ञान याने चित्त-लाई नाम भनिन्छ। यो अति सूक्ष्म एवं अति चंचल पनि छ। भित्री रूप र बाह्य रूपको टक्करबाट नाम उत्पन्न भएपछि त्यो नामले पनि उपरोक्त रूपहरूसंग एकसाथ टक्कर लिन्छ। यसरी नाम र रूपको टक्कर हुन्छ। यो नाम र रूपको

Downloaded from http://dhamma.digital

टक्करलाई स्पर्श भनिन्छ। स्पर्श भएपछि क्रमशः वेदना, संज्ञा, चेतना र एकाग्रता आदि स्वभाव धर्महरूको उत्पत्ति एकपछि अर्को हुँदै जान्छ। यसरी क्रमशः स्वभाव धर्महरूको उत्पत्ति हुँदै जाने प्रक्रिया स्वतः अनायास नै चल्दै जाने हुन्छ। यस प्रक्रियाको संचालन गर्ने, यसको नियन्त्रण गर्ने अथवा यसको जानकारी लिइरहने कुनै त्यस्तो ज्ञाता, जीव या आत्मा छैन।"

## १६. मनोविज्ञान सम्बन्धी प्रश्न

"भन्ते ! तपाई, भिक्षुहरूले मनोविज्ञानको बारे पनि चर्चा गरेको सुन्दछु। कृपया मनोविज्ञान कहिले कसरी उत्पन्न हुन्छ त्यसबारे पनि केही सम्झाइदिने कष्ट गर्नुहुन्छ कि ?"

"जहिले जहिले चक्षु-विज्ञान आदि उत्पन्न हुन्छ, त्यही वेला मनोविज्ञानको पनि उत्पत्ति हुने हुन्छ, महाराज !"

"भन्ते ! पहिले मनोविज्ञानको उत्पत्ति हुने हुन्छ कि चक्षु-विज्ञान, स्रोत-विज्ञान आदिको उत्पत्ति हुने हुन्छ ?"

"महाराज ! पहिलेबाट चक्षु-विज्ञान, स्रोत-विज्ञान आदिको उत्पत्ति हुने हुन्छ, त्यसपछि मात्र मनोविज्ञानको उत्पत्ति हुने हुन्छ।"

"भन्ते ! चक्षु-विज्ञान आदिले मनोविज्ञानलाई सधैं उसको पछि पछि लाग्न आज्ञा दिएको हुन्छ कि मनोविज्ञानले चक्षु-विज्ञानलाई सधैं उसको अघि अघि लाग्न आज्ञा दिएको

Downloaded from http://dhamma.digital

हुन्छ ? जहिले जहिले चक्षु-विज्ञान आदिको उत्पत्ति हुन्छ ठीक त्यही त्यही नै वेला मनोविज्ञानको पनि उत्पत्ति हुनाको खास कारण के हो ?"

"महाराज ! जहिले जहिले चक्षु-विज्ञान आदिको उत्पत्ति हुन्छ ठीक त्यही त्यही नै वेला मनोविज्ञानको पनि उत्पत्ति हुनुमा कसैलाई कसैको आदेश भएको हुँदैन । यो त एउटा स्वभावैले अनायास नै हुने स्वभावधर्म मात्र हो । यो स्वभावधर्म हुनुको पछाडि केही कारणहरू छन् । ती हुन्– ओरालोपन हुनु, एउटै ढोका हुन्, आदत बसिसकेको हुनु र व्यवहारमा खारिनु ।"

"भन्ते ! कसरी ओरालोपनको कारण जहिले जहिले चक्षु-विज्ञानको सृजना हुन्छ ठीक त्यही त्यही नै वेलामा मनोविज्ञानको पनि उत्पत्ति हुँदो रहेछ भन्नेबारे कुनै उदाहरण दिएर सम्झाउनु हुन्छ कि ?"

"महाराज ! यदि अहिले यहाँ पानी पऱ्यो भने, त्यो पानी कतातिर बग्छ होला ?"

"जतातिर ओरालो छ उतैतिर बग्नेछ, भन्ते !"

"भोलि पनि फेरि पानी पऱ्यो भने, त्यो पानी कतातिर बग्ला त ?"

"उतैतिर नै बग्नेछ ।"

"किन दुवै दिनको पानी एकै ठाउँतिर बग्छन् ? के दोस्रो दिनको पानीले पहिलो दिनको पानीलाई अह्राएको हुन्छ कि

Downloaded from http://dhamma.digital

पहिलो दिनको पानीले दोस्रो दिनको पानीलाई अह्लाएको हुन्छ ?"

"भन्ते ! यहाँ कसैले कसैलाई अह्लाएको हुन्न। दुवै दिनको पानी एकै ठाउँतिर बग्नाको कारण उतैतिर ओरालो हुनु मात्रै हो।"

"महाराज ! ठीक त्यसरी नै जब पनि चक्षु-विज्ञान, स्रोत-विज्ञान आदिको उत्पत्ति हुन्छ ठीक त्यही त्यही नै वेला मनोविज्ञानको पनि सृष्टि हुन्छ। यसरी चक्षु-विज्ञान आदिको उत्पत्ति पछि मनोविज्ञानको उत्पत्ति हुनामा एउटै कारण ओरालोपन हुनु मात्रै हो।"

"भन्ते ! एउटै ढोका हुनाको कारण चक्षु-विज्ञान आदि उत्पन्न हुने बित्तिकै मनोविज्ञानको पनि उत्पत्ति हुने कुरो पनि कुनै उपमासहित सम्झाउनु हुन्छ कि ?"

"भनौं, कुनै एउटा राज्यको ठीक सीमानामै एउटा शहर रहेछ। त्यस शहरको सुरक्षाको लागि त्यस शहरलाई चारैतिरबाट अग्ला अग्ला पर्खालहरूले घेरेको रहेछ। त्यस शहरबाट राज्यका अन्य शहरहरूमा आउन जानको लागि एउटै मात्र ढोका खोलिएको रहेछ। अब कुनै एक जना मान्छेलाई त्यस शहरबाट अन्यत्र जान निस्कनु परेको छ भने उ कतातिर लाग्ला ?"

"एउटै मात्र ढोका भएपछि ढोकातिरै लाग्ला।"

"फेरि अर्को एक जना मान्छेलाई पनि त्यस शहरबाट

Downloaded from http://dhamma.digital

अन्यत्र जानु पर्ने भएमा ऊचाहिँ कतातिर लाग्ला त !"

"ऊ पनि उतैतिर लाग्नेछ।"

"किन ? तिनीहरू दुइ जना बीच दुवै जना एकैतिर लाग्ने सल्लाह भएको त थिएन नि ?"

"उनीहरू आपसमा सल्लाह-साउती गरेर होइन, बरु दुवै जनाको निम्ति एउटै ढोका भएकाले मात्रै दुवै उतै लागेका हुन्।"

"त्यस्तै हो, महाराज ! मनोविज्ञान पनि कुनै सल्लाह-वलाह गरीवरी होइन, बरु दुवै एकै ढोकातिर लाग्नु पर्ने भएरै मात्र चक्षु-विज्ञान आदि उत्पत्ति भएकै ठाउँमा उत्पत्ति हुन पुग्ने हो।"

"भन्ते ! मनोविज्ञान कसरी आदतवश चक्षु-विज्ञान आदि विज्ञानहरूको पछि लाग्ने हो त्यसको पनि कुनै उदाहरण छ कि ?"

"महाराज ! तपाईले व्यापारीहरूका बैलगाडीहरू एक पछि अर्को लाम लागेर गएको देख्नु भएकै होला। जसरी गाडा तान्ने बैलहरूमा पहिलो गाडी जतातिर लाग्छ त्यसैको पछि पछि लाग्ने आदत भएको हुन्छ, त्यसरी नै जहाँ जहाँ चक्षु-विज्ञान आदि विज्ञानहरूको उत्पत्ति हुन्छ ठीक त्यहीं नै मनोविज्ञानको पनि उत्पत्ति हुनु एक किसिमको आदतकै रूपमा सम्झनु पर्छ।"

"अनि भन्ते ! धेरैपल्टको व्यवहारले चक्षुविज्ञान

Downloaded from http://dhamma.digital

आदिको पछाडि मनोविज्ञानको सृजना हुने कुरो पनि कुनै एउटा दृष्टान्तद्वारा छर्लङ्ग पारिदिनू हुन्छ कि ?"

"महाराज ! जसरी हिसाब सिकाउने गुरु, आम्दानी–खर्चको हिसाब राख्ने लेखापाल, हिसाब जाँच्ने लेखापरीक्षक आदि हिसाब सम्बन्धी काम गर्नेहरूले आ-आफ्नो व्यवसायको सुरु सुरुमा बारंबार गल्ती गरे तापनि पछि त्यही व्यवसायमा धेरै वर्षहरू बिताएपछि उनीहरू व्यवहारैले खारिंदै पछिबाट स्वतः बढी होशियार हुने भई त्यस्ता गल्तीहरू नगर्ने हुन्छन्, ठीक त्यसरी नै सबैंका व्यवहारले पनि स्वतः नै चक्षु-विज्ञान आदिको पछादि मनोविज्ञानको उत्पत्ति हुने हुन्छ ।"

## १७. मनोविज्ञानको उत्पत्तिपछि के हुन्छ ?

"भन्ते ! मनोविज्ञानको उत्पत्तिपछि वेदनाको उत्पत्ति पनि त्यस्तै प्रकारले स्वतः नै हुने हुन्छ र ?"

"महाराज ! मनोविज्ञानको उत्पत्तिपछि स्वतः नै स्पर्श हुने हुन्छ । अनि स्पर्श भएपछि वेदना हुन्छ, संज्ञा हुन्छ, चेतना हुन्छ, वितर्क हुन्छ, विचार हुन्छ, स्पर्श भएपछि हुनुपर्ने स्वभावधर्महरू सबै एकपछि अर्को क्रमशः स्वतः नै हुँदै जान्छन् ।"

### (क) स्पर्शको चिह्नारी

"भन्ते ! स्पर्श भनेको के हो ?"

Downloaded from http://dhamma.digital

"एकमा अर्को समावेश हुनु वा एकले अर्कोलाई छुनु नै स्पर्श हो ।"

"कुनै उपमा दिएर स्पष्ट पार्नु हुन्छ कि ?"

"महाराज ! दुइवटा भेंडाहरू लड्दाखेरि एकलाई चक्षु र अर्कोलाई रूप सम्झनु भएमा, ती दुइको भिडाइलाई स्पर्श मान्नु भए हुन्छ ।"

"अर्को उदाहरण पनि सुनौं कि !"

"महाराज ! कसैले ताली बजाउँदा, एक हातलाई चक्षु र अर्को हातलाई रूप सम्झेमा, ती दुइ हातको जुडाइलाई स्पर्श मान्न सकिन्छ ।"

"अझै पनि फेरि अर्को दृष्टान्त पाउन चाहन्छु, भन्ते !"

"महाराज ! कसैले झ्याली बजाउँदा, एक झ्यालीलाई चक्षु र अर्को झ्यालीलाई रूप मानेमा ती दुइ झ्यालीको टक्करलाई स्पर्शको रूपमा चिन्न सकिन्छ ।"

## (ख) वेदनाको चिह्नारी

"भन्ते ! वेदनालाई कसरी चिन्ने त ?"

"महाराज ! कुनै कुरोको अनुभव गर्नु नै वेदना हो ।"

"कुनै उपमाद्वारा सम्झाउनु हुन्छ कि ?"

"महाराज ! कसैले कुनै राजालाई रिझाएर कुनै ठूलो पद पाई ऐशआरामको जिन्दगी बिताउन पाएमा, उसको मनमा के कुरो उठ्छ भने उसले राजालाई रिझाएको हुनाले

Downloaded from http://dhamma.digital

उसले त्यो पद पाई त्यसरी ऐश-आरामको जिन्दगी बिताउने सौभाग्य पाएको छ । त्यसरी अनुभव गर्नु नै वेदना हो ।

महाराज ! अझै अर्को उदाहरणको लागि भनौं, कुनै एक जनाले पुण्यकर्महरू गरेर स्वर्गमा उत्पन्न भई दिव्य **पाँच कामगुणको**[62] उपभोग गर्न पाएछ रे । तब उसको मनमा के लाग्नेछ भने, उसले पूर्व-जन्ममा त्यति पुण्य-कर्महरू गरेका हुनाले उसले त्यसरी दिव्य पाँच कामगुणको भोग गर्न पाइरहेको छ । त्यसरी अनुभव गर्नु पनि वेदना हो ।"

## (ग) संज्ञाको चिह्नारी

"भन्ते ! संज्ञाको चिह्नारी बारे पनि केही भन्नुहुन्छ कि ?"

"महाराज ! चिन्नु नै संज्ञा हो । सेतोलाई सेतो भनेर, नीलोलाई नीलो भनेर, पहेंलोलाई पहेंलो भनेर, रातोलाई रातो भनेर, जे जस्तो छ त्यसलाई त्यस्तै भनेर चिन्नु नै संज्ञा हो ।"

"कुनै उपमाद्वा स्पष्ट गर्नुहुन्छ कि ?"

"राजाको भण्डारीले राजाको ढुकुटीमा राखेका सारा सामानलाई चिनेको हुन्छ । कुन सामान कस्तो हो र त्यो सामान कुन प्रयोजनको लागि कहिले, कहाँ र कसरी प्रयोग गरिन्छ भन्ने कुरो सबै नै उसलाई राम्ररी थाहा भएको हुन्छ । यसरी जान्नु र चिन्नु नै संज्ञा हो ।"

Downloaded from http://dhamma.digital

## (घ) चेतनाको चिह्नारी

"भन्ते ! चेतनाको चिह्नारी के हो त ?"

"महाराज ! कुनै कुरो बुझेर त्यसको लागि तयार हुनु चेतनाको चिह्नारी हो ।"

"कृपया कुनै दृष्टान्तसहित प्रष्टचाउनु हुन्छ कि ?"

"कुनै मानिसले कुनै किसिमको विष तयार गरी त्यो विषलाई आफूले पनि पिउने र अरूलाई पनि पिलाउने काम गरेमा, उसलाई के कुरो राम्ररी थाहा हुनेछ भने उसले आफूले पनि कष्ट भोग्नुपर्नेछ र अरूले पनि कष्ट भोग्नुपर्नेछ। कुनै मान्छे पापकर्महरूको चेतना लिएर मरेमा, उसले नरकको दुर्गति भोग्नुपर्ने हुन्छ र उसका अनुयायीहरू पनि त्यसरी नै नरकमा जाने हुन्छन् ।

कुनै व्यक्तिले घिउ, मक्खन, तेल, मह र सक्खर मिलाएर आफूले पनि खाने र अरूलाई पनि खुवाउने काम गरेमा उसले आफूले पनि सुखको अनुभव गर्न पाउने छ र अरूले पनि सुखको अनुभव गर्न पाउने छ। कसैले जीवनभर पुण्यकर्महरू गरी मर्ने वेलामा पनि त्यसैको चेतना लिएर मरेमा उसले निश्चय पनि स्वर्गलोकमा उत्पन्न भई सुख भोग गर्न पाउने छ र उसका अनुयायीहरू पनि त्यसरी नै सुगति पाउने हुन्छन् ।

माथि भनिएका उदाहरणहरूमाझैं कुनै कुरो राम्ररी बुझेर त्यसैको लागि तयार हुनु नै चेतना हो ।"

Downloaded from http://dhamma.digital

## (ङ) वितर्कको चिह्नारी

"भन्ते ! वितर्क भनेको के हो त ?"

"महाराज ! कुनै काममा संलग्न हुनु वितर्कको चिह्न हो। उपमाको रूपमा हामीले काठका सामानहरू बनाउने सिकर्मीलाई लिन सक्छौं। जसरी सिकर्मी काठका टुक्राहरू जोडेर काठको कुनै सामान बनाउनमा संलग्न हुन्छ, ठीक त्यस्तै नै कुनै कुरोमाथि आफ्नो निश्चित विचार प्रकट गर्ने बारे त्यसै कुरोमाथि सोच्नमा संलग्न हुनु वितर्कको लक्षण हो।"

## (च) विचारको चिह्नारी

"भन्ते ! विचारलाई कसरी चिन्न सकिन्छ ?"

"अनुमार्जन विचारको लक्षण हो। उदाहरणको लागि काँसको थाल बजाउँदा निस्कने आवाजलाई लिन सकिन्छ। यहाँ काँसको थाल बजाउने उद्देष्यले त्यसमा हातले वा कुनै अर्को चीजले पिट्नुलाई वितर्क र त्यसरी पिट्दा निस्किने आवाजलाई विचारको रूपमा सम्झन सकिन्छ।"

## (छ) विज्ञानको चिह्नारी

"भन्ते ! हामीले स्वयं विज्ञानलाई चाहिँ कसरी चिन्नु पर्ला त ?"

Downloaded from http://dhamma.digital

"महाराज ! अनुभूति हुनु नै विज्ञानको लक्षण हो ।"

"कुनै दृष्टान्तद्वारा प्रष्टचाउनु हुन्छ कि ?"

"महाराज ! कुनै शहरको रक्षकले जसरी त्यस शहरको मुख्य इलाकाको चौबाटोमा बसी त्यस शहरमा आउने-जाने प्रत्येकलाई राम्ररी ध्यानपूर्वक नियालेर हेर्ने गर्दछ, त्यसरी नै हाम्रो आँखाले देखेको वस्तुलाई, कानले सुनेको शब्दलाई, नाकले सुँघेको गन्धलाई, जिब्रोले चाखेको स्वादलाई शरीरले स्पर्श गरेको चीजलाई र त्यसरी नै मनले अनुभव गरेका कुरोहरू समेतलाई पनि विज्ञानद्वारा नै अनुभव गरेको हुन्छ । यसरी कुनै पनि कुरोको अनुभव गर्नु विज्ञानकै काम हो ।

## १८. स्वभावधर्महरू मिसिएपछि फेरि छुट्याउन सकिन्न

"भन्ते ! स्पर्श भएपछि अनायास क्रमशः उत्पत्ति हुँदै जाने वेदना, संज्ञा, चेतना आदि स्वभाव धर्महरू जुन छन्, तिनीहरू आपसमा समावेश भइसकेपछि फेरि यो वेदना हो, यो संज्ञा हो, यो चेतना हो, यो वितर्क हो, यो विचार हो भनी अलग अलग छुटचाई हेर्न सकिन्छ ?"

"त्यसरी अलग अलगै छुटचाएर हेर्न त सकिन्न, महाराज ! तैपनि जसरी भान्छेले सूप तयार गरिसकेपछि त्यस मध्येबाट फेरि यो दहीको स्वाद हो, यो नूनको स्वाद हो, यो जीराको स्वाद हो, यो चाहिँ मरीचको स्वाद हो भनी छुटचाउन नसके तापनि ती सबै चीजहरूको स्वाद चाहिँ आ–

Downloaded from http://dhamma.digital

आफ्नै ढंगले त्यस रूपमा भएको अनुभव भने गर्न सकिन्छ, ठीक त्यस्तै, स्पर्श भएपछि उत्पन्न हुने सबै स्वभाव धर्महरू आपसमा समावेश भइसकेपछि फेरि छुट्याएर यो वेदना हो, यो चेतना हो आदि भनी देखाउन नसके तापनि तिनीहरूको आ-आफ्नो स्वभाव चाहिँ आ-आफ्नै ढंगले देखिनैरहने हुन्छ।

महाराज ! यस कुरोलाई अझ बढी प्रष्टसंग बुझ्न सक्नाको लागि म तपाईसंग एउटा प्रश्न सोध्दैछु। त्यो प्रश्न के छ भने, के नूनलाई त्यसै आँखाले हेरेकै भरमा त्यो नून नै हो भनी यकीन गर्न सकिन्छ ?"

"किन नसक्नु ? सकिन्छ भन्ते !"

"महाराज ! एकछिन राम्ररी सोचेर मात्र जवाफ दिनुहोला।"

"के त, खाली जिब्रोले चाखेरै मात्र चिन्न सकिन्छ त ?"

"हो, महाराज ! नूनलाई जिब्रोले चाखेरै मात्र निर्धक्कसंग ठहर गर्न सकिन्छ।"

"भन्ते ! त्यसो भए मानिसहरू किन त्यो गह्रौं नून गाडामा हालेर ल्याउने गर्छन् ? खाली नूनिलोपन न चाहिने हो ? त्यही मात्र ल्याए हलुङ्गो हुने थिएन र ?"

"महाराज ! नूनिलोपन र गन्हुँगोपन, यी दुइ स्वभाव-धर्महरू यसरी मिसिएका छन् कि तिनीहरूलाई फेरि अलग छुट्याउन सकिन्न।"

"भन्ते ! यस कुरोलाई अझ बढी स्पष्ट पार्नुहुन्छ कि ?"

Downloaded from http://dhamma.digital

"महाराज ! नूनमा हुने नूनिलोपनको परिमाणलाई के तराजुमा जोखेर थाहा पाउन सकिन्छ र ?"

"सकिन्छ भन्ते ! मानिसहरू नूनको किन-वेच गर्दा तराजुमा तौलेर नै त्यसको परिमाणको हिसाब लगाउने गर्दछन् ।"

"कुरो त्यसो होइन, महाराज ! तराजुबाट नूनिलोपनको परिमाण नाप्न सकिन्न । तराजुबाट त खाली नूनको गह्रुँगोपन मात्र जोख्न सकिन्छ । तर नूनिलोपन र गह्रुँगोपन यी दुइ स्वभावधर्महरू नूनमा यसरी मिसिएका छन् कि तिनीहरूलाई अलग अलग छुट्याएर हेर्न नसके तापनि तिनीहरूको आ-आफ्नो स्वभावको अस्तित्व आ-आफ्नै ढंगले अलगै देखाई नै रहेका हुन्छन् । यस कुरोलाई बुझेर नै मानिसहरूले नूनलाई तराजुमा जोखेर त्यसको गह्रुँगोपन थाहा पाई त्यसैको अनुपातको हिसाबद्वारा त्यसको नूनिलोपनको परिमाण थाहा पाउने तरिका अपनाएका हुन् ।

महाराज ! जसरी नूनमा नूनिलोपन र गह्रुँगोपन यी दुइ गुणहरू आपसमा मिसिए पनि आ-आफ्नो स्वभावको अस्तित्व आ-आफ्नै ढंगले देखाइरहेका हुन्छन् ठीक त्यसरी नै स्पर्श भएपछि उत्पन्न हुने वेदना, संज्ञा आदि स्वभावधर्महरू पनि आपसमा फेरि छुट्याएर हेर्न नसक्ने गरी मिसिए तापनि तिनीहरूले आ-आफ्नो स्वभावहरू आ-आफ्नै ढंगले देखाई नै रहेका हुन्छन् ।"

Downloaded from http://dhamma.digital

## (ख) विमतिच्छेदन प्रश्न

### १. पाँच आयतनहरूको उत्पत्ति

"भन्ते ! आँखा, कान, नाक, जिब्रो र त्वचा यी पाँच आयतनहरू जो छन्, तिनीहरू के अनेक किसिमका कर्महरू गर्नाले उत्पन्न भएका हुन् कि कुनै एउटा निश्चित कर्म गर्नाले उत्पन्न भएका हुन् ?"

"अनेक किसिमका आयतनहरू एउटै किसिमको कर्म गर्नाले होइन, अनेक किसिमका कर्महरू गर्नाले नै उत्पन्न भएका हुन् ।"

"कुनै उपमाद्वारा सम्झाउनु हुन्छ कि ?"

"जसरी पाँच किसिमका बिउहरू छर्नाले पाँचै किसिमका कोपिलाहरू फुली, पाँचै किसिमका फलहरू फल्ने हुन्छन्, त्यसरी नै पाँच आयतनहरू पनि एउटै किसिमको कर्मको फल नभई अनेक कर्महरूका फल हुन् ।

### २. कर्मको प्रधानता

"भन्ते ! मानिसहरू किन सबै एउटै किसिमका हुँदैनन् ? किन कसैको आयु छोटो हुन्छ त कसैको आयु लामो हुन्छ,

Downloaded from http://dhamma.digital

कोही सधैं रोगी हुन्छन् त कोही हट्टाकट्टा हुन्छन्, कोही अति कुरूप हुन्छन् त कोही अति आकर्षक हुन्छन्, कोही प्रभावहीन हुन्छन् त कोही प्रभावशाली हुन्छन्, कोही गरीब कुलमा जन्मन्छन् त कोही धनी कुलमा जन्मन्छन्, कोही नीच कुलमा जन्मन्छन् त कोही उच्च कुलमा जन्मन्छन्, कोही मूर्ख हुन्छन् त कोही बुद्धिमान हुन्छन् ?"

"महाराज ! सबै वनस्पतिहरू किन एकै प्रकारका हुँदैनन् ? तिनीहरूमध्ये किन कुनै अमिलो, कुनै नूनिलो, कुनै तीतो, कुनै पिरो, कुनै टर्रो र कुनै मिठो हुन्छन् ?"

"भन्ते ! भिन्ना भिन्नै किसिमका वनस्पतिहरूको बिउ नै भिन्ना भिन्नै किसिमका भएकाले त्यसरी तरह तरहका वनस्पतिहरू उम्रेका हुन् ।"

"महाराज ! जसरी भिन्ना भिन्नै बिउहरूबाट भिन्ना भिन्नै किसिमका वनस्पतिहरू उम्रन्छन् त्यसरी नै मानिसहरूले पनि आ-आफूले गरिआएका बेग्ला बेग्लै किसिमका कर्महरू अनुसारकै जिन्दगी बिताउनु पर्ने भएका हुनाले मानिसहरू एउटै किसिमका नहुने हुन् । यसबारे स्वयं भगवान् बुद्धले पनि यसरी भन्नु भएको छ– "सबै जीवहरूले आ-आफ्ना कर्म-हरू अनुसारको फल भोग्नु पर्ने हुन्छ । आ-आफ्ना कर्महरू कसैले बनाएका होइनन्, आ-आफूले नै बनाएका हुन् । प्राणीहरू आफैंले बनाएका कर्महरू अनुसार नै विभिन्न योनीमा जन्मेका हुन् । आ-आफ्नो कर्म नै आ-आफ्नो साथी हो ।

Downloaded from http://dhamma.digital

आफ्नो कर्म नै आफ्नो आश्रय हो। कर्मले नै मानिसहरू ठूला र साना भएका हुन्।"

## ३. उद्योगको महत्त्व

"भन्ते ! तपाईंले सुरुमा के भन्नु भएको थियो भने, हालको दुःखबाट छुट्नाका साथै अर्को दुःख उत्पन्न हुन नदिनका लागि तपाई भिक्षुहरू प्रव्रजित हुन्छन्।"

"हो, मैले त्यसो भनेको हुँ।"

"अनि यो प्रव्रजित हुनु पूर्वजन्मको फल हो कि यसै जन्मको उद्योग मात्र हो ?"

"महाराज ! जुन कुरो गर्न बाँकी छ त्यसको लागि यसै जन्ममा प्रयत्न गर्नुपर्छ। पूर्व जन्ममा गरेका कर्महरूको फल त आफै नै आइपुगिहाल्छ।"

"कुनै दृष्टान्त दिएर छर्लङ्ग पारिदिनुहुन्छ कि ?"

"महाराज ! इनार या कुवा कहिले खनिन्छ ? पानीको प्यास लागिसकेपछि मात्रै कि सुरुबाटै ?"

"पहिलेबाट खनिएका हुन्छन्, भन्ते !"

"त्यस्तै हो, महाराज ! जुन कुरो गर्न बाँकी छ त्यसको लागि यसै जन्ममा प्रयत्न गर्न सक्नु पर्छ। पूर्व जन्ममा गरिसकेका कर्महरूको फल त आफै आइपुगिहाल्छन्।"

"अझै अर्को उपमा दिनुस् न, भन्ते !"

"महाराज ! के तपाई भोक लागिसकेपछि मात्रै खेत

Downloaded from http://dhamma.digital

खन्न र बाली रोप्न लगाउनु हुन्छ र ?"

"होइन भन्ते ! ती कामहरू त पहिलेबाटै गरिएका हुन्छन् ।"

"त्यस्तै हो, जुन कामहरू गर्न बाँकी छन्, तिनीहरूको लागि यसै जन्ममा प्रयत्न गर्न सक्नु पर्छ । पूर्व जन्ममा गरिसकेका कर्महरूको फल त त्यसै आइहाल्छन् ।"

"मैले कुरो अझै त्यति प्रष्ट बुझ्न सकेको छैन, भन्ते !"

"महाराज ! तपाई कहिले खाडलहरू खन्न लगाउनुहुन्छ, कहिले पर्खालहरू उठाउन लगाउनुहुन्छ, कहिले ढोकाहरू बनाउन लगाउनुहुन्छ, कहिले अटारीहरू बनाउन लगाउनुहुन्छ, कहिले रसद जम्मा गर्न लगाउनुहुन्छ र कहिले हात्ती, घोडा, रथ, धनुष, तरवार आदि सामग्रीहरू जम्मा गर्न लगाउनुहुन्छ ? लडाइँ सुरु भइसकेपछि कि पहिलेबाटै ?"

"ती कुराहरूको व्यवस्था त लडाइँ सुरु हुनुभन्दा पहिलेबाटै मिलाइसक्नु पर्दछ । लडाइँ सुरु भएपछि त उनीहरूको सही तरिकाले संचालन मात्र गर्दैमा पनि अति व्यस्त होइन्छ ।"

त्यस्तै हो, महाराज ! पूर्व जन्ममा गरिआएका कर्महरूको फल त स्वतः नै आइपुगिहाल्छन् । यो जन्म त खाली ती पुण्यकर्महरू गर्नामा बिताउन सक्नु पर्छ जुन पुण्यकर्महरू पछिसम्मका लागि हितकर हुनेछन् ।

महाराज ! भगवान् बुद्धले पनि यसरी भन्नु भएको छ–

Downloaded from http://dhamma.digital

बुद्धिमान् मानिसहरूले समयमै आफूलाई हित हुने कर्महरू गरिराख्नसक्नु पर्छ। ती मूर्ख गाडावानहरूझैं हुनु हुँदैन। जसरी ती मूर्ख गाडावानहरूले समतल एवम् फराकिलो सडकलाई छोडी अग्लो-होचो भई एकदम अप्ठेरो भएको बाटोमा लाग्ने मूर्ख्याइँ गरेका हुनाले उनीहरूको गाडीको अक्ष टुट्न गई उनीहरू नराम्रो विपत्तिमा फसेका थिए, त्यसरी नै धर्मलाई छोडी अधर्ममा लाग्ने मूर्खहरू पनि आखिर मरणावस्थामा पुगेपछि अति हतोत्साहित भई भयङ्कर ठूलो शोक गर्नमा विवश हुन्छन्।"

## ४. स्वाभाविक आगो र नरकको आगोमा भेद

"भन्ते ! तपाईहरू के भन्नुहुन्छ भने, नरकको आगो स्वाभाविक आगोभन्दा धेरै गुणा तातो हुन्छ। स्वाभाविक आगोमा एउटा सानो कङ्कट मात्रै पगाल्न पनि कति लामो समय लाग्दछ त नरकको आगोमा कत्रा कत्रा चट्टानहरू पनि एक क्षणमै भष्म भइजान्छन्। फेरि तपाईहरू के पनि भन्नुहुन्छ भने नरकमा उत्पन्न हुने प्राणीहरू त्यहाँको आगोमा हजारौं वर्षसम्म पोलिए तापनि भष्म नभईकन तडपिरहेका हुन्छन्। तपाईहरूको यस्तो दोधारे कुरो म कति पनि बुझ्न नसकी अलमलमा पर्दछु।"

"महाराज ! गोही, हात्ती, कछुवा, मयूर तथा परेवा आदिका माउहरूले कहिलेकाहीं स-साना ढुङ्गाका टुक्राहरू

Downloaded from http://dhamma.digital

निल्दैनन् के ?"

"निल्दछन्, भन्ते !"

"ती स-साना ढुङ्गाहरु के पचेर जाँदैनन् त ?"

"पच्दछन्, भन्ते !"

"अनि उनीहरूको पेटमा हुने बच्चाहरू के हुन्छन् त ? के तिनीहरू पनि ती ढुङ्गाहरूझैं पचेर जान्छन् र ?"

"पेटको बच्चा कसरी पच्ला ? त्यसरी पच्दैन भन्ते !"

"त्यस्तो कङ्कट पचाउनेले पेटको बच्चा किन पचाउन सकेन त ?"

"जहाँसम्म मलाई लाग्दछ, पेटको बच्चा कुनै निश्चित समयसम्म पेटमै बसी हुर्कनलाई नै उत्पन्न भएका हुनाले त्यसरी नपच्ने होला ।"

"तपाईले सही अनुमान लगाउनु भएको छ, महाराज ! जसरी पेटको बच्चा ढुङ्गा पचाउन सक्ने पेटमा रहेर पनि पचेर नगई उल्टो निश्चित समयसम्म त्यहीं रही हुर्केपछि मात्र जन्मने हुन्छ, त्यसरी नै नरकमा उत्पन्न हुने प्राणीहरू पनि त्यहाँको त्यस्तो भयंकर तातो आगोमा हजारौं वर्षसम्म पोलिएर रहे पनि भष्म भएर जाँदैनन् । तिनीहरू त्यहीं उत्पन्न हुन्छन्, त्यहीं बढ्छन् र पछि समय पुगेपछि उनीहरू मर्छन् पनि त्यहीं नै । नरकमा उत्पन्न हुने प्राणीहरू बारे भगवान् बुद्धले पनि यसरी भन्नुभएको छ– तिनीहरू त्यस

Downloaded from http://dhamma.digital

वेलासम्म नरकबाट छुट्‌दैनन्, जबसम्म उनीहरूको पाप भोगी सकिन्न ।"

"फेरि अर्को उपमा दिनुभई सम्झाउनुस् न, भन्ते !"

"सिंह, बाघ, चितुवा या कुकुरका पोथीहरूले साह्रो हाड निल्दैनन् के ?"

"निल्छन्, भन्ते !"

"के त्यसरी निलेको हाड पच्दैनन् त ?"

"पच्दछन् ।"

"तर त्यस्तो हाड समेत पचाउन सक्नेहरूको पेटमा भएका बच्चाहरू किन पच्दैनन् त ?"

"ती बच्चाहरूले त्यही पेटमा उत्पन्न भई हुर्कने कर्म लिइआएका हुनाले नपच्ने होलान् ।"

"त्यस्तै हो, महाराज ! नरकको त्यो भयंकर कडा आगोमा उत्पन्न हुने प्राणीहरूले पनि ती पेटका बच्चाहरूलेझैं त्यस नरकमै उत्पन्न भई, त्यस नरकमै बढ्‌दै गई अन्तमा त्यहीं नै मर्ने कर्म लिइगएका हुनाले उनीहरू त्यहाँको त्यस्तो कडा आगोमा पनि भष्म नभईकन हजारौं वर्षसम्म त्यहाँको त्यो कडा आगोमा पोलिंदै आ-आफ्नो कर्मभोग भोगिरहन्छन् ।"

"फेरि पनि अर्को उपमाको आशा गरौं कि, भन्ते ?"

"के यूनानी सुकुमारीहरू, के क्षेत्रीय सुकुमारीहरू, के ब्राह्मणी सुकुमारीहरू, के वैश्य सुकुमारीहरू, तिनीहरू सबैले कुनै पनि भक्ष पदार्थ चाहे त्यो जस्तोसुकै साह्रो किन नहोस्

Downloaded from http://dhamma.digital

जम्मै खान्छन् र त्यसलाई तपाई हामी लोग्नेमानिसहरूलेझैं सजिलोसंग पचाउँछन् पनि । तर त्यसरी जस्तोसुकै साह्रो खानेकुरो पनि पचाउने उनीहरूको त्यही नै पेटमा उत्पन्न हुने बच्चाहरू नौ-नौ दश-दश महिनासम्म उनीहरूको पेटमा रहन्छन् र त्यहीं उनीहरू दिन प्रतिदिन हुर्कन्छन् पनि । ती बच्चाहरू अरू कडा खानेकुराहरूझैं पेटको पेटमै पचेर जाँदैनन् । किनभने ती बच्चाहरूले त्यही पेटमा उत्पन्न भई हुर्कदै जाने कर्म लिइआएका हुन्छन् । त्यसरी नै, महाराज ! जुन प्राणीहरू नरकमा उत्पन्न हुन्छन्, चाहे त्यो नरकको आगो जस्तोसुकै भयङ्कर तातो किन नहोस् उनीहरू त्यहाँ त्यसै भष्म भएर जाँदैनन् । उनीहरू त्यहीं हुर्कदै जान्छन् र हजारौं वर्षसम्म आ-आफ्नो कर्मको भोग भोगिरहन्छन् । तिनीहरू तबसम्म त्यहाँको त्यो भयङ्कर तातो आगोमा पाक्दै जान्छन्, जबसम्म उनीहरूको कर्मभोग टुङ्गिदैन । उनीहरूको कर्मभोग सकेपछि मात्र उनीहरू त्यहाँबाट उम्की अन्यत्र जन्मन पुग्छन् । भगवान् बुद्धले पनि भन्नु भएको छ– उनीहरू तबसम्म नरकबाट छुटुदैनन् जबसम्म उनीहरूले आ-आफ्ना कर्महरूको भोग भोगी सक्दैनन् ।"

## ५. निर्वाण के हो ?

"भन्ते निर्वाण भनेको के हो ?"

"निरोध हुनु नै निर्वाण हो, महाराज !"

Downloaded from http://dhamma.digital

"कसरी निरोध हुनु नै निर्वाण हुन्छ, भन्ते !"

"संसारका सबै अज्ञानी प्राणीहरू इन्द्रियहरूद्वारा तिनीहरूका विषयहरूको उपभोगमै मात्र सीमित भइरहन्छन् । त्यसैमा आनन्दित हुँदै सदैव त्यसैमा मात्र फँसिरहन्छन् । त्यस्ता प्राणीहरू सधैं जन्म र मरणको धाराप्रवाहमा बगेको बगेकै हुन्छन् । तिनीहरू वारंवार जन्म लिन्छन्, बूढा-बूढी हुन्छन्, शोक गर्छन्, रून्छन्, कराउँछन् र अन्तमा मर्छन् पनि । मरेपछि फेरि पनि अर्को जन्म लिन पुग्छन् उनीहरू । उनीहरू त्यसरी दु:ख, बेचैनी र परेशानीबाट छुट्दै छुट्दैनन र दु:खै दु:खमा अल्भेको अल्भि नै रहन्छन् ।

"तर ज्ञानी आर्य श्रावकहरूले आफ्ना इन्द्रियहरूद्वारा त्यसका विषयहरूको उपभोगमा त्यसरी आनन्द लिने गर्दैनन् । त्यसैले उनीहरूको तृष्णा क्रमशः क्षीण हुँदै अन्तमा निरोध पनि हुने हुन्छ । तृष्णा निरोध भएपछि फेरि उपादान हुने कुरै हुँदैन । यसरी उपादान स्वतः निरोध हुन्छ । उपादान निरोध भएपछि भव पनि निरोध हुन्छ । भव निरोध भएपछि फेरि अर्को जन्म लिनु नपर्ने हुन्छ । फेरि जन्म लिनु नपरेपछि बूढा हुनु, शोक गर्नु, रूनु, कराउनु र फेरि मर्नु नपर्ने हुन्छ । यसरी दु:ख, बेचैनी, परेशानी आदि नाना किसिमका दु:खहरूबाट बच्ने हुन्छ । महाराज ! यसरी निरोध भएपछि मात्रै परम निर्वाणको लाभ हुने हुन्छ ।"

Downloaded from http://dhamma.digital

## ६. कस्ताले मात्र निर्वाण पाउने छ ?

"भन्ते ! के सबै प्राणीहरूले निर्वाणको लाभ गर्न सक्ने-छन् ?"

"सबै प्राणीले त्यसरी निर्वाण पाउन सक्नेछैन, महाराज ! ज-जसले थुप्रै पुण्यकार्यहरू गरेका हुन्छन् स्वीकार गर्न योग्य धर्महरूलाई मात्र स्वीकार गरी, जान्नुपर्ने धर्मलाई मात्र जानी, अनुचित धर्मलाई सधैंको लागि मिल्काउन सकेको हुन्छ र ज-जसले अभ्यास गर्न लायक धर्महरूको अभ्यास गरी साक्षात्कार गर्न लायक धर्मको साक्षात्कार गर्न सकेको हुन्छ, त्यस-त्यसले मात्रै निर्वाणको लाभ गर्न सक्ने हुन्छ।"

## ७. निर्वाण सुख हो भन्ने कुरो कसरी थाहा पाउने ?

"जसले निर्वाण पाएकै छैन, के उसले पनि निर्वाण सुख हो भन्ने कुरो जानेको हुन्छ र ?"

"अवश्य जानेको हुन सक्छ, महाराज !"

"कसरी ?"

"जसको हात या खुट्टा कहिल्यै काटिएको छैन के उसले हात या खुट्टा काटिनु दुःख हो भन्ने कुरो जानेको हुन्न र ?"

"अवश्य जानेको हुन्छ, भन्ते !"

"कसरी जानेको हुन्छ उसले ?"

"हात या खुट्टा काटिएकाले पाएको दुःख, कष्टलाई

Downloaded from http://dhamma.digital

हेरेर हात या खुट्टा काटिनु दुःख हो भन्ने कुरो सजिलै जान्न सकिन्छ, भन्ते !"

"त्यस्तै, महाराज ! आफैले निर्वाणको सुखभोग नगरेकाहरूले पनि, निर्वाण पाउनेहरूले बोलेका संतोष र प्रीतिपूर्ण वाक्यहरू सुनेर निर्वाण बास्तवमा अभूतपूर्ण सुखै हो भन्ने कुरो बुझ्न सकिन्छ।"

## ८. के साँचै बुद्ध थिए होला ?

"भन्ते ! तपाईले भगवान् बुद्धलाई देख्नु भएको थियो ?"

"मैले कसरी बुद्धलाई देख्न पाउनु र महाराज ?"

"के तपाईका आचार्यहरूले देखेका थिए त ?"

"उनीहरूले पनि देख्न पाएका थिएनन् ।"

"त्यसो भए भगवान् बुद्ध छँदै थिएन कि कसो ?"

"तपाईले हिमालय पर्वतको ऊहा नदीलाई देख्नु भएको थियो ?"

"मैले त्यो नदी हेर्न पाएको छैन, भन्ते !"

"तपाईको बुबाले देख्नु भएको थियो त ?"

"अहँ ! उहाँले पनि हेर्न पाउनु भएको थिएन ।"

"के त ऊहा नदी छँदै छैन त ?"

"मैले र मेरा बुबाले हेर्न पाएको छैन भन्दैमा त्यो नदी नै छैन भनेको त कहाँ हुँ र ? त्यो नदी त छ नि ।"

Downloaded from http://dhamma.digital

"महाराज ! मैले या मेरा आचार्यहरूले भगवान् बुद्ध-लाई हेर्न पाउने सौभाग्य नपाउँदैमा, भगवान् बुद्ध किन नहुनु त ? उहाँ अवश्य हुनुहुन्थ्यो ।

## ६. भगवान् बुद्ध अनुत्तर हुनुहुन्छ

"के भगवान् बुद्ध साँचिकै अनुत्तर हुनुहुन्छ र ?

"अवश्यमेव अनुत्तर हुनुहुन्छ ।"

"तपाईले उहाँलाई देख्नु भएकै थिएन तैपनि उहाँ अनुत्तर नै हुनुहुन्छ भन्ने कुरो कसरी त्यति निश्चित रूपमा भन्नुहुन्छ ?"

"गंगा, जनुना, अचिरवती, सरयू, मही जस्ता पाँचवटा ठूल-ठूला नदीहरू खस्न जाँदा पनि कति कम-वेसी नभइकन स्थीर रहने त्यो महासागर कतिको विशाल, गम्भीर र अथाह होला भन्ने कुरो के कहिल्यै महासागर देख्न नपाएकालाई पनि थाहा हुन्न र ?"

"थाहा हुन्छ, भन्ते !"

"महाराज ! भगवान् बुद्ध अनुत्तर छ भन्ने कुरो पनि उहाँका अनुयायीहरूमध्येका ठूल-ठूला श्रावकहरूलाई हेरेर नै थाहा पाएको हुँ ।"

"भन्ते ! भगवान् बुद्ध सर्वश्रेष्ठ हुनुहुन्छ भन्ने कुरो प्रमाण गर्ने अरू कुराहरू पनि छन् कि ?"

"छन्, महाराज !"

Downloaded from http://dhamma.digital

"ती के हुन् ?"

"अतीतकालमा तिष्य स्थवीर नामका एक जना अति महान् लेखक थिए। उनी परलोक हुनुभएको धेरै काल बितिसकेको छ। तापनि अझै मानिसहरूले उनका बारेमा थुप्रै कुराहरू थाहा पाइरहेका छन्। भन्नुहोस्, महाराज ! मानिसहरूले उहाँका बारेमा ती सब कुराहरू कसरी जानेका होलान् ?"

"उनका कृतिहरू पढेर या सुनेर जानेका होलान्।"

"तपाईले ठीक भन्नु भएको छ महाराज ! भगवान् बुद्धले बाहेक अरू कसैले पनि कहिल्यै उपदेश गर्न नसकेको त्यो परमार्थ धर्मलाई पढी या सुनी बुझ्नेहरूले पनि ठीक त्यस्तै तरीकाले भगवान् बुद्धलाई नदेखिकनै पनि उहाँ अनुत्तर नै हुनुहुन्छ भन्ने कुरो सहजै बुझेका हुन्छन्।"

"भन्ते ! के तपाईले त्यो परमार्थ धर्मलाई बुझी सक्नु भएको छ त ?"

"महाराज ! प्रत्येक श्रावकहरूले भगवान् बुद्धका सबै उपदेशहरूकासाथै परमार्थ धर्मलाई पनि झन् झन् बुझ्दै जाने प्रयत्न गरी नै रहनु पर्दछ।"

## १०. अनात्मवाद र पुनर्जन्म

"भन्ते ! त्यसो भए म पनि आफूलाई अझै त्यति स्पष्ट

Downloaded from http://dhamma.digital

नभएका विषयमा एक दुइ प्रश्न फेरि पनि दोहो-याएर सोधौं त ?"

"हुन्छ, सोध्नुस् ।"

"भन्ते ! हाम्रो शरीरमा, हाम्रो शरीरभन्दा बेग्लै, आफ्नै अलग अस्तित्व भएको कुनै त्यस्तो जीव या आत्मा छैन, होइन त ?"

"हो महाराज ! परमार्थ धर्मअनुसार कुनै त्यस्तो आत्मा या जीव छैन ।"

"अनि यो वर्तमान शरीरबाट निक्लेर अर्को जन्म लिन जाने कुनै त्यस्तो जीव या तत्त्व पनि छैन, होइन त भन्ते ?"

"हो, महाराज ! यो शरीरबाट निक्लेर अर्को जन्मको शरीरमा संक्रमण हुन जाने त्यस्तो कुनै तत्त्व पनि छैन ।"

"त्यसो भए संक्रमणविना नै पुनर्जन्म हुन्छ, होइन त भन्ते !"

"हो महाराज ! संक्रमणविना नै पुनर्जन्म हुने हुन्छ ।"

"कसरी संक्रमणविना नै पुनर्जन्म हुँदो रहेछ भन्ने कुरो सम्झाउनाको निम्ति कुनै उपमा दिनुहुन्छ कि ?"

"महाराज ! एउटा बत्तीबाट अर्को बत्ती जलाउँदा के पहिलो बत्ती दोस्रो बत्तीमा संक्रमण भएको हुन्छ र ?"

"हुँदैन भन्ते !"

"त्यस्तै तरिकाले महाराज ! संक्रमणविना नै पुनर्जन्म हुने हुन्छ ।"

Downloaded from http://dhamma.digital

"फेरि पनि अर्को उपमा दिने कृपा गर्नुहुन्छ कि ?"

"महाराज ! के तपाईलाई कुनै त्यस्तो श्लोकको संझना छ जुन श्लोक तपाईले तपाईको गुरुको मुखबाट कुनै वेला सुन्नु भएको थियो ।"

"याद छ, भन्ते !"

"के त महाराज ! त्यो श्लोक तपाईको गुरुको मुखबाट तपाईमा संक्रमण भएको हो ?"

"होइन, भन्ते !"

"पुनर्जन्म पनि ठीक त्यस्तै तरिकाले कुनै पनि तत्त्वको संक्रमणविना नै हुने हुन्छ ।"

## ११. विना संक्रमणको पुनर्जन्म र पूर्वजन्मको कर्मफल

"भन्ते ! जब कुनै पनि तत्त्वको संक्रमणविना नै पुनर्जन्म हुन्छ भने, के त्यो पुनर्जन्म पूर्व जन्ममा गरेका पाप या पुण्य-कर्महरूबाट पूर्णतया मुक्त भएन त ?"

"महाराज ! यदि वर्तमान जन्ममा गरेका पाप या पुण्यकर्महरूको फल अनुसारको कुनै अर्को जन्म हुँदै नहुने भएको भए ती कर्महरूबाट पूर्णतया मुक्त नै भएको मान्नुपर्ने थियो । तर वास्तविकता त्यस्तो छैन । यस जन्ममा गरेका पाप या पुण्यकर्महरूकै कारण अर्को जन्म हुने हुनाका साथै त्यो जन्मको वास्तविक स्वरूप नै पनि यस जन्ममा गरेका कर्महरूको फल अनुसारकै समेत हुने हुनाले, त्यो पुनर्जन्मलाई

Downloaded from http://dhamma.digital

यस जन्ममा गरेका पाप या पुण्यकर्महरूबाट मुक्त भएको मान्न मिल्दैन ।"

"कुनै उपमाद्वारा अझ बढी प्रष्टयाउनु हुन्छ कि ?"

"महाराज ! भनौं कसैले, कुनै अर्कै व्यक्तिले रोपी हुर्काएको आँपको बोटबाट एउटा आँप त्यो बोट रोप्ने व्यक्तिको अनुमतिविना नै त्यसै टिपी खाएछ भने, त्यो व्यक्ति सजायको भागी हुन्छ कि हुँदैन ?"

"अवश्य, सजायको भागी हुन्छ भन्ते !"

"किन ? त्यो अर्को व्यक्तिले रोपेकै आँप त उसले खाएको छैन नि ?"

"उसले खाएको आँप, त्यो आँप रोप्नेले रोपेकै आँप नभए पनि त्यो आँप रोप्नेले रोपी हुर्काएकै कारणले मात्र त्यो आँप लगायत त्यो आँपको बोट र त्यो बोटमा फलेका अन्य सबै आँपहरूको उत्पत्ति हुन सकेका हुन् । त्यसैले त्यो आँपको बोटका साथै त्यसमा फलेका र पछि फल्ने सबै आँपहरू पनि त्यो आँपको बोट रोप्ने मानिसकै सम्पत्ति हुन्छ ।"

"महाराज ! पुनर्जन्मको कुरोमा पनि, वास्तविकता के छ भने, यो जन्मको नाम-रूपबाट पाप-पुण्यका कर्महरू गर्दछ । त्यसरी गरेका पाप-पुण्यका कर्महरूको कारण ती कर्महरूकै अनुरूपको अर्को नाम-रूपको सृष्टि हुने हुन्छ । दोस्रो नाम-रूपको सृष्टि नै पहिलो नाम-रूपले गरेका पाप-पुण्यका कर्महरूको पहिलो फल हो ।"

Downloaded from http://dhamma.digital

"भन्ते ! यस जन्मको नाम-रूपले गरेका पाप या पुण्य-कर्महरूका फलहरू कहाँ बसेका हुन्छन् ?"

"कहिल्यै नछुट्ने छायाँझैं सधैं पछि पछि लागेका हुन्छन् ।"

"के ती कर्म फलहरूलाई देखाउन सकिन्छ ?"

"त्यसरी देखाउन सकिन्न ।"

"किन देखाउन सकिन्न भन्ने कुरो कुनै उपमाद्वारा छर्लङ्ग्याउनु हुन्छ कि ?

"महाराज ! कुनै बोटको त्यो फल, जो अहिले फलेकै छैन, के त्यसलाई कसैले देखाउन सक्ला र ?"

"सकिन्न भन्ते !"

"त्यस्तै हो महाराज ! कर्मविपाकको अटूट प्रवाह निरन्तर बगिरहेको हुन्छ भन्ने कुरो सम्झाउन मात्र सकिन्छ । त्यसलाई यहाँ छ, त्यहाँ छ भनी देखाउन सकिन्न ।"

## १२. पुनर्जन्मको ज्ञान

"भन्ते ! जसले फेरि जन्म लिने हुन्छ, के त्यसले आफू फेरि जन्मनेछ भन्ने कुरो पहिलेबाटै जानेको हुन्छ ?

"अवश्य जानेको हुन्छ ।"

"कसरी जानेको हुन्छ, कुनै उपमा दिनुभए बेस हुने थियो ।"

Downloaded from http://dhamma.digital

"कुनै किसानले धान रोपेपछि मज्जासंग पानी परेमा उसको बाली राम्ररी सप्रनेछ भन्ने कुरो के त्यो किसानलाई थाहा हुन्न र ?"

"थाहा हुन्छ, भन्ते !"

"त्यसरी नै जसले फेरि पनि जन्म लिनुपर्ने कामहरू गरेको हुन्छ, त्यसले उ फेरि जन्मनेछ भन्ने कुरो थाहा पाएकै हुन्छ ।"

## १३. निर्वाण पाएकाको व्यक्तित्व लोप हुन्छ

"भन्ते ! भगवान् बुद्ध साँचै हुनुहुन्थ्यो, होइन त ?"

"हो, हुनुहुन्थ्यो महाराज !"

"अहिले बुद्ध कहाँ हुनुहोला भन्नेबारे तपाईको के राय छ ?"

"भगवान् बुद्धले अनुपादिशेष निर्वाण पाइसक्नु भएको छ । अनुपादिशेष निर्वाणपछि उहाँको व्यक्तित्व राखिरहने कुनै पनि कुरो बाँकी रहेको छैन । त्यसैले अब उहाँ कहीं पनि हुनुहुन्न ।"

"कुनै उपमाद्वारा सम्झाउनुहोस् न !"

"आगो बालेर निभिसकेपछि त्यो आगोको राप कहाँ रहेको हुन्छ ?"

"कहीं पनि हुन्न । त्यो राप त बिलाइसकेको हुन्छ ।"

Downloaded from http://dhamma.digital

"ठीक त्यस्तै तरिकाले भगवान् बुद्धले अनुपादिशेष निर्वाण पाइसक्नु भएको छ। अनुपादिशेष निर्वाणपछि उहाँको व्यक्तित्व बनाइराख्ने कुनै पनि कुरो बाँकी रहेको छैन। त्यसैले उहाँ अब कहीं पनि हुनुहुन्न। अब कुनै कुरो बाँकी छ त उहाँले उपदेश गरी जानु भएको धर्म मात्रै बाँकी छ। हामीले अब त्यही धर्मकै माध्यमबाट मात्र उहाँको व्यक्तित्व-लाई स्वीकार्नु परेको छ।"

## १४. हाम्रो शरीर एउटा खटिरो मात्र हो

"भिक्षुहरूलाई उनीहरूको आ-आफ्नो शरीर निकै प्यारो हुन्छ के?"

"भिक्षुहरू आफ्नो शरीरको मोहमा फँस्दैनन्, महाराज!"

"तब तिनीहरू किन शरीरको त्यस्तो हिफाजत गर्दछन् त?"

"महाराज! लडाईंमा जाँदा कहिले-काहीं तपाईलाई पनि कुनै तीर लाग्छ होला, हकि महाराज?"

"हो, कहिले-काहीं लाग्छ भन्ते!"

"त्यसरी तीर लागी घाउ हुँदा तपाई त्यो घाउमा मलम लगाएर पट्टी बाँध्नु हुन्छ कि हुन्न?"

"लगाउँछु, भन्ते!"

"किन? तपाईलाई त्यो घाउ निकै प्यारो हुन्छ के?

Downloaded from http://dhamma.digital

होइन भने तपाई त्यो घाउमा नरम मलम लगाएर, त्यसमाथि फेरि पट्टी बाँधेर त्यसको त्यस्तो स्याहार-सुसार किन गर्नु-हुन्छ ?"

"मलाई घाउ प्यारो लागेर त्यसो गरेको त होइन नि । त्यो घाउ चाँडै निको होस्, त्यसमा नयाँ मासु पलाओस् भनेर पो मलम पट्टी लगाएको त ।"

"महाराज ! भिक्षुहरू पनि आफ्नो शरीरप्रति मोहित भएर त्यसको स्याहार-सुसार र हिफाजत गर्दैनन्, बरु त्यस शरीरप्रति अलिकति पनि आसक्त नभइकन राम्ररी ब्रह्मचर्य पालन गर्न सक्नाको लागि मात्र त्यसो गर्दछन् । भगवान् बुद्धले हाम्रो शरीर वास्तवमा के रहेछ भन्ने कुरो यसरी सम्झाउनु भएको छ– यो शरीर गिलो छालाले ढाँकेको, एउटा ठूलो खटिरो मात्र हो जसमा नौवटा त्यस्ता प्वालहरू छन्, जुन प्वालहरूबाट निरन्तर अति दुर्गन्धी मयलहरू निस्किरहन्छन् ।"

## १५. भगवान् बुद्ध सर्वज्ञ हुनुहुन्थ्यो

"भन्ते ! भगवान् बुद्ध वास्तवमा सर्वज्ञ नै हुनुहुन्थ्यो के ?"

"अवश्य पनि सर्वज्ञ हुनुहुन्थ्यो !"

"त्यसो भए उहाँले किन आवश्यक भइसकेपछि मात्र क्रमशः पटक पटक गरेर विनयका बुँदाहरूको उपदेश दिनु

Downloaded from http://dhamma.digital

भएको त ? विनयका सम्पूर्ण बुँदाहरूको उपदेश एकै पटकमा किन दिनु भएन ?"

"महाराज ! तपाईका राजवैद्यहरूमध्ये सबै रोगको औषधि गर्न जान्ने पनि छन के ?"

"छन्, भन्ते !"

"उसले तपाईलाई औषधि गर्दा कसरी औषधि दिने गरेको छ ? जुन रोग लागेको छ त्यही रोगसम्बन्धीका औषधि मात्र दिने गर्छ कि उसले जानेजति सबै रोगहरुको औषधि जम्मै खवाउने गर्दछ ?"

"जुन रोग लागेको छ त्यसैको न औषधि दिन्छ । लाग्दै नलागेको रोगको औषधि किन दिन्थे र !

"जसरी त्यो वैद्यले सबै रोगहरू निको पार्ने औषधि-हरूबारे थाहा पाएको भए तापनि जुन वेला जुन रोग लागेको छ त्यो वेला त्यही रोग निको पार्ने औषधि मात्र दिने गरेको छ त्यसरी नै भगवान् बुद्ध सर्वज्ञ एवम् सर्वदृष्टा भए तापनि उहाँले उचित अवसर नआउन्जेलसम्म पर्खी, उचित अवसर आएपछि मात्रै क्रमशः आवश्यकतानुसारका विनयका बुँदाहरू पटक पटक गरी उपदेश गर्नु भएको थियो ।"

## १६. बुद्धको लक्षण

"भगवान् बुद्ध, महापुरुषहरूमा हुने ३२ लक्षणहरूले युक्त भएका, ८० व्यञ्जनहरूले शोभायमान भएका, सुनौला

Downloaded from http://dhamma.digital

वर्णका हुनाकासाथै उहाँको शरीरबाट एक व्यामभर चारैतिर निरन्तर पञ्चरश्मी फैलिरहन्थे रे, हो ?"

"हो, महाराज !"

"के उहाँको आमा-बाबु पनि उस्तै थिए त ?"

"उहाँहरूमा ती लक्षणहरू थिएनन् ।"

"त्यसो भए बुद्धमा पनि ती लक्षणहरू थिएनन् होला । किनभने कुनै पनि बच्चा या त आमाभैं हुन्छ या बाबुभैं हुन्छ ।"

"महाराज ! तपाईलाई कमलको फूलबारे केही कुरो थाहा छ ?"

"थाहा छ, भन्ते !"

"त्यो कहाँ उत्पन्न हुन्छ ?"

"हिलोमा उम्रन्छ र पानीमा बढ्छ ।"

"कमलको फूलको रूप, रंग, गन्ध र रस हिलोको जस्तो छ त ?"

"छैन, भन्ते !"

"के पानीको जस्तो छ त ?"

"त्यस्तो पनि छैन, भन्ते !"

"त्यसरी नै महाराज ! बुद्धका आमा-बाबुमा ती लक्षण-हरू नभए तापनि बुद्धमा ती लक्षणहरू सबै विद्यमान थिए ।"

Downloaded from http://dhamma.digital

## १७. बुद्धको उपसम्पदा

"के उपसम्पदा हुनु असल कुरो होइन र ?"

"हो, महाराज ! उपसम्पदा हुनु निकै असल कुरो हो ।"

"के भगवान् बुद्धको पनि उपसम्पदा भएको थियो ?"

"महाराज ! भगवान् बुद्धले बोधिवृक्षमुनि[63] बोधिज्ञानको लाभ गरी बुद्धत्व पाउनु भएको छ । त्यही नै उहाँको उपसम्पदा हो । उहाँले उहाँका श्रावकहरूलेझैं कुनै अर्को व्यक्तिबाट उपसम्पदा पाउनु भएको होइन । भगवान् बुद्धका श्रावकहरूमा आफ्ना उपाध्यायहरूबाट उपसम्पदा पाउने नियम स्वयम् भगवान् बुद्धकै निर्देशनमा बनिएको हो । त्यसैले यो नियम पछिका श्रावकहरूका लागि बिलकुल अलंघनीय छ ।"

## १८. तातो आँसु र शीतल आँसु

"भन्ते ! एकजना आफ्नी आमा खसेकाले रून्छ र अर्को धर्मको प्रेममा रून्छ भने, ती दुइको आँसुमा कसको आँसु उचित छ ?"

"पहिलो व्यक्तिको आँसु, राग, द्वेष र मोहको कारण तातो र मैलो हुन्छ त दोस्रोको आँसु पवित्र मनको कारण शीतल र निर्मल हुन्छ । जो शीतल छ त्यो ठीक छ र जो शीतल नभई तातो हुन्छ त्यो ठीक छैन ।

Downloaded from http://dhamma.digital

## १९. रागी र वैरागी चित्त

"भन्ते ! राग भएको चित्त र राग नभएको चित्तको बीचमा के फरक हुन्छ ?"

"राग भएको चित्त तृष्णामा डुबेको हुन्छ त राग नभएको चित्त तृष्णाबाट मुक्त भएको हुन्छ ।"

"कुरो बुझिन मैले, भन्ते !"

"एकमा चाहना हुन्छ र अर्कोमा हुँदैन ।"

"म त के देख्दछु भने, भन्ते ! राग भएका र नभएका दुवै असल र मीठो खानेकुरो नै चाहन्छन् । कुहेको नमीठो खानेकुरो चाहने त कोही पनि देख्दिन म ।"

"रागीले मीठो खानेकुरोको स्वाद लिई लिई त्यसैमाथि राग पनि गरेको हुन्छ त वैरागीले मीठो खानेकुरो खाए पनि त्यसमाथि कति पनि राग गरेको हुन्न ।"

## २०. प्रज्ञा कहाँ अड्की बसेको हुन्छ ?

"भन्ते ! प्रज्ञा कहाँ अड्की बसेको हुन्छ ?"

"कहीं पनि अड्की बसेको हुँदैन ।"

"त्यसो भए प्रज्ञा भन्ने कुरो नै छैन होला ।"

"हावा केमा अड्की बसेको हुन्छ, महाराज ?"

"कहीं पनि अड्की बसेको हुन्न ।"

त्यसो भए के हावा पनि छँदै छैन भन्ने हो त ?"

Downloaded from http://dhamma.digital

## २१. संसार भनेको के हो ?

"भन्ते ! 'संसार' शब्दबाट हामीले के कुरोलाई बुझ्नु पर्दछ ?"

"महाराज ! प्राणीहरू जन्मन्छन् र मर्छन् । मरेपछि फेरि कुनै अर्को ठाउँमा जन्मन्छन् र फेरि पनि मर्छन् । यसरी जन्मनु-मर्नु र मरेपछि फेरि जन्मनु-मर्नु, यस्तो जन्म र मरणको जुन भुमरी छ त्यो नै संसार हो ।"

"कुनै उपमाद्वारा सम्झाउनु हुन्छ कि ?"

"महाराज ! कसैले एउटा पाकेको आँप खाई त्यसको बियाँ रोपिदिएमा त्यसबाट अर्को आँपको बोट हुर्कन्छ र त्यसमा पनि आँप फल्छ । त्यसरी फलेको आँप पनि खाई त्यसको बियाँ पनि रोपिदिएमा, त्यसबाट पनि फेरि अर्को आँपको बोट उम्रन्छ र त्यसमा पनि फेरि आँप फल्छ । यस सिलसिलाको कुनै अन्त नै हुन्न । त्यसरी नै प्राणीहरू जन्मन्छन् र मर्छन्, फेरि जन्मन्छन् र फेरि पनि मर्छन् । यो सिलसिला अटूट रूपमा निरन्तर चलिरहेको छ । यही प्रक्रियालाई नै संसार भनिन्छ ।"

## २२. स्मृतिद्वारा सम्झने हुन्छ

"भन्ते ! बितिसकेका कुराहरू हामी कसरी सम्झन्छौं ?"

"स्मृतिद्वारा सम्झन्छौं ।"

Downloaded from http://dhamma.digital

"स्मृतिद्वारा हो र ? मैले त चित्तद्वारा भनी ठानेको थिएँ ।"

"महाराज ! के तपाईले पहिले आफैले गरिसकेको कुनै कुरो बिर्सेको अनुभव गर्नु भएको छ ?"

"गरेको छु भन्ते !"

"त्यसरी पहिले गरिसकेको कुरो बिर्सेको वेलामा तपाई विना चित्तको हुनुभएको थियो त ?"

"थिएन, भन्ते !"

"अनि कसरी बिर्सनुभएको थियो त ?"

"सम्झने शक्ति कमजोर भएर या भनौं स्मृति नभएर ।"

"अब तपाई नै भन्नोस् त, स्मरण केद्वारा उत्पन्न हुँदो रहेछ, चित्तद्वारा कि स्मृतिद्वारा ?"

"भन्ते ! मैले मानें कि स्मृतिद्वारा स्मरण हुन्छ । तर फेरि स्मृति कहाँबाट उत्पन्न हुन्छ भन्ने कुरोको पछि लाग्दा आखिर कुरो उही चित्तमै आउन्न र ? स्मृति त मनैबाट न उत्पन्न हुन्छ, होइन र ?"

"महाराज ! स्मृति मनबाट पनि उत्पन्न हुन सक्छ र साथै अन्य बाहिरी कुराहरूबाट पनि उत्पन्न हुन सक्छ । यदि बाहिरी कुरोबाट स्मृति उत्पन्न नहुने हुँदो हो त, अरूबाट कुनै सीप सिक्नु, कसैलाई कुनै सीप सिकाउनु आदि कुराहरू सम्भव नै हुने थिएनन् ।"

Downloaded from http://dhamma.digital

## २३. सोन्ह प्रकारबाट स्मृतिको उत्पत्ति हुन सक्छ

"भन्ते ! स्मृति जम्मा कति प्रकारबाट उत्पन्न हुन्छ ?"

"निम्न सोह्र प्रकारबाट उत्पन्न हुन्छ, महाराज !"

(१) **अभिज्ञानबाट**[64] स्मृति उत्पन्न हुन्छ ।

उदाहरणको लागि आयुष्मान आनन्द र उपासिका खुज्जुत्तारा आदिले आफ्नो अभिज्ञानद्वारा आ-आफ्ना पूर्व-जन्महरूका कुराहरू पनि सम्भने गरेकालाई लिन सकिन्छ ।

(२) बाहिरी वस्तुबाट पनि स्मृति उत्पन्न हुन्छ ।

उदाहरणको लागि कुनै भुलक्कड व्यक्तिलाई कुनै कुराको याद दिलाउनाको खातिर कुनै चिनो लगाई पठाउने चलनलाई लिन सकिन्छ ।

(३) महत्त्वपूर्ण घटनाबाट पनि स्मृति उत्पन्न हुन्छ ।

जस्तो कि राजाको अभिषेकको कुरो र स्रोतापत्तिफलमा प्रतिष्ठित भएको कुरो परन्तु नम्म स्मरण हुने हुन्छ ।

(४) कुनै अति आनन्ददायक कुरोबाट पनि स्मृति उत्पन्न हुन्छ ।

(५) अति दुःखदायक कुरो पनि चीर स्मरण हुन्छ ।

(६) कुनै समान कुरो देख्दा पनि स्मृति उत्पन्न हुन्छ ।

उदाहरणको रूपमा आफ्ना आमा, बाबु, दिदी, बहिनी आदिको अनुहारसंग मिल्दोजुल्दो कुनै अरू मानिस देख्दा आफ्नो त्यो बन्धुको सम्भना आउनेलाई लिन सकिन्छ ।

Downloaded from http://dhamma.digital

(७) त्यस्तै विपरीत वस्तुलाई देख्दा पनि स्मृति उत्पन्न हुन्छ ।

(८) कसैले सम्झाउँदा पनि स्मृति जाग्न सक्छ ।

(९) कुनै खास चिह्न देख्दा पनि स्मृति उत्पन्न हुन सक्छ ।

(१०) सम्झने कोसिस गर्नाले पनि स्मृति जाग्न सक्छ ।

(११) विचार गर्नाले पनि स्मृति उत्पन्न हुन सक्छ ।

(१२) हिसाब लगाएर पनि स्मृति जगाउन सकिन्छ ।

उदाहरणको रूपमा हिसाब गरेर कुनै प्रश्नको उत्तर निकाल्ने गणित शास्त्रलाई लिन सकिन्छ ।

(१३) वारंवार रटेर पनि स्मृति जगाउन सकिन्छ ।

उदाहरणको लागि घोकेर कण्ठ गर्ने चलनलाई लिन सकिन्छ ।

(१४) भावनाको शक्तिले पनि स्मृति जगाउन सकिन्छ ।

जस्तो कि भिक्षुहरू ध्यानशक्तिको आधारमा आफ्ना अनेक पूर्वजन्महरूका कुराहरू सम्झने गर्दछन् ।

(१५) किताब पढेर पनि स्मृति जगाउन सकिन्छ ।

(१६) पहिले भोगिसकेका कुराहरू त्यसै पनि झ्वाट्ट सम्झना हुन सक्छ ।

## २४. मर्ने वेलामा बुद्धलाई सम्झन सके देवत्व पाउने छ

"भन्ते ! तपाईहरू के भन्नुहुन्छ भने सय वर्षसम्म पापमय जीवन बिताए पनि यदि मर्ने वेलामा बुद्धको स्मृति गर्न सकेमा देवलोकमा उत्पन्न हुनेछ । फेरि तपाईहरू के पनि

Downloaded from http://dhamma.digital

भन्नुहुन्छ भने एउटै प्राणीको हिंसा गर्नाले पनि नरक गइन्छ। जहाँसम्म मलाई लाग्दछ यो दुइग्रोटै कुराहरू विश्वासनीय छैनन्। तैपनि यी द्वन्दात्मक भनाइहरू बारे तपाईंको स्पष्टिकरण सुन्न चाहन्छु।"

"के एउटा सानो ढुङ्गालाई नाउ या त्यस्तै कुनै अर्को साधनको सहायता नपाइकन त्यसै पानीमा उतार्न सकिएला?"

"सक्दैन, भन्ते !"

"तर के सय गाडी ढुङ्गाहरूलाई पनि एउटा सुहाउँदो नाउको सहायताले पानीमा उतार्न सकिन्न र?"

"सकिन्छ, भन्ते !"

"महाराज ! सबै किसिमका पुण्यकर्महरूलाई पापकर्महरू उतार्ने डुङ्गाको रूपमा सम्झनु पर्दछ।"

## २५. दुःख निवारणको निम्ति उद्योग

"भन्ते ! तपाईहरू अतीतकालका दुःखहरू नाश गर्न उद्योग गर्नुहुन्छ के?"

"होइन, महाराज !"

"के वर्तमान कालका दुःखहरू नाश गर्न उद्योग गर्नुहुन्छ त?"

"होइन महाराज !"

"के अनागत कालका दुःखहरू नाश गर्न उद्योग गर्नुहुन्छ त?"

Downloaded from http://dhamma.digital

"होइन, महाराज !"

"तपाईहरू अतीत, अनागत र वर्तमान यी तीन काल-मध्ये कुनै पनि कालका दुःखहरू नाश गर्न उद्योग गर्नुहुन्न भने आखिरकार केको लागि उद्योग गर्नुहुन्छ त ?"

"महाराज ! हामी अहिले भइरहेको दुःख बन्द होस् र साथै पछि हुन सक्ने दुःख उत्पन्न नहोस् भन्नाको खातिर उद्योग गर्दछौं।"

"भन्ते ! अनागत दुःख पनि हुँदो रहेछ त ?"

"अनागत दुःख हुँदैन, महाराज !"

"अनि त तपाईहरू बडा पण्डित हुनुहुँदा रहेछन् र पो तपाईहरू त्यस्ता त्यस्ता दुःखहरू पनि नाश गर्न उद्योग गर्दा रहेछन्, जो कि छँदै छैनन्।"

"महाराज ! तपाईका कुनै शत्रु राजाहरू कुनै वेला तपाईको विरुद्ध उठेका थिए ?"

"थिए, भन्ते !"

"महाराज ! ती शत्रुराजाहरू तपाईको विरोधमा उठेपछि तिनीहरूलाई डबाउनाको निम्ति गरिने युद्धहरूका लागि आवश्यक पर्ने ती खाडलहरू खन्ने, पर्खालहरू उठाउने, ढोकाहरू बनाउने र रसद जम्मा गर्ने जस्ता कामहरू के ती शत्रुराजाहरू तपाईको विरोधमा उठेपछि मात्रै गर्न लगाउनु भएको थियो र तपाईले ?"

"होइन, भन्ते ! ती सब व्यवस्था त पहिलेबाटै मिलाइ-

Downloaded from http://dhamma.digital

एका थिए ।"

"के हात्ती, घोडा, रथ, पैदल सिपाही आदिको तालिम दिने काम ती शत्रुराजाहरू तपाईंको विद्रोहमा उठेपछि मात्रै सुरु गर्नु भएको थियो त ?"

"तिनीहरू पनि पहिलेबाटै तालिम भएका थिए ।"

"ती सब्ब कामहरू किन पहिलेबाटै गरिएका थिए त ?"

"पछि कुनै वेला त्यस्ता खतराहरू आइपरेमा त्यसको सामना गर्न भनेर ती व्यवस्थाहरू पहिलेबाटै मिलाइएका थिए ।"

"त्यसो भए अनागत भयचाहिँ हुँदो रहेछ त, होइन, महाराज ?"

"छैन, भन्ते ! अनागत भय भनेको छैन ।"

"अनि त तपाई पनि कम विद्वान् हुनुहुँदो रहेनछ र त्यस्तो भयबाट बच्ने तयारी गर्नुभयो, जो कि छँदै छैन ।"

"भन्ते ! कुरो कतिपनि सुझेन । अरू उपमा चाहन्छु ।"

"महाराज ! प्यास लागेपछि मात्रै ईनार या तलाउ खनिन्छ र ?"

"होइन, भन्ते ! ईनार या तलाउ आदि त पहिलेबाटै खनिएका हुन्छन् ।

"किन खनिएका हुन्छन् ?"

"प्यास लागेमा पानी खान भनेर ।"

"अनागत-प्यास भनेको पनि छ के ?"

Downloaded from http://dhamma.digital

"छैन, भन्ते !"

"मानिसहरू किन त्यस्तो तिर्खा मेटाउने तर्खरमा लाग्दछन् जुन तिर्खा कि छँदै छैन ?"

"कुरो अझै पनि बुझिएन, भन्ते !"

"महाराज ! मानिसहरू भोक लागेपछि मात्रै खेत खनी अन्न रोप्दछन् कि पहिलेबाटै ती कामहरू गरी राख्दछन् ?"

"ती कामहरू पहिलेबाटै गरिएका हुन्छन्, किन भने हरेक दिन भोक लाग्दछ र त्यसरी भोक लागेपछि केही कुरो खानु पर्दछ भन्ने कुरो सबैलाई थाहा छ ।"

"त्यसरी नै महाराज ! यो संसार चक्रमा घुमिरहुन्जेल कुनै न कुनै किसिमको दुःखमा फँसेकै हुनेछ र दुःखबाट मुक्त हुन विशेष उद्योग र मेहनत गर्नु सिवाय अर्को कुनै उपाय छैन भन्ने कुरो हामीले बुझेका छौं र हामी त्यसैको लागि मेहनत गर्दछौं ।"

## २६. ब्रह्मलोक यहाँबाट कति टाढा छ ?

"भन्ते ! ब्रह्मलोक यहाँबाट कति टाढा छ ?"

"धेरै टाढा छ, महाराज ! यदि एउटा ठूलो चट्टानलाई एक दिन-रातमा अठचालीस हजार **योजनको**[64] वेगमा चल्ने गरी त्यहाँबाट यतातिर छोडिएमा त्यो चट्टान यहाँ पुग्न चार महिना लाग्ने छ ।"

"तर पनि तपाईहरू के भन्नुहुन्छ भने कुनै संयमी भिक्षु

Downloaded from http://dhamma.digital

आपनो ऋद्धिबलले चुट्की भरमा यो जम्बूद्वीपबाट अन्तर्धान भई ब्रह्मलोकमा प्रकट हुन सक्छ। आखिर त्यति छोटो समयभित्र ती पचासौं लाख योजनहरू कसरी पार गर्दा हुन् ? त्यो हुन सक्ने कुरो जस्तो लाग्दैन मलाई ।"

"महाराज ! तपाईको जन्मभूमि कुन हो ?"

"म अलसन्द नामको टापुमा जन्मेको हुँ, भन्ते !"

"अलसन्द टापु यहाँबाट कति टाढा छ ?"

"दुइ सय योजन टाढा छ ।"

"अहिले यहीं बसीकन तपाईले पहिले त्यहाँ गर्नु भएको कुनै एउटा कामलाई सम्झन सक्नुहुन्छ ? सक्नुहुन्छ भने सम्झने प्रयत्न गर्नुहोस् ।"

"ठीक छ, मैले एउटा कुरो सम्झें ।"

"तपाईले यति छिटो दुइ सय योजन पार गर्नुभयो त !"

## २७. मरेर अर्को जन्म लिनजान कति समय पनि लाग्दैन

"भन्ते ! एकै समयमा मरेका दुइ जनामध्ये एक जना ब्रह्मलोकमा र अर्को काश्मीरमा जन्मन गएमा, ती दुइमध्ये कुनचाहिँ चाँडो उत्पन्न हुन पुग्छ ?"

"दुइटै एकसाथ जन्मन पुग्छन्, महाराज !"

"सो कसरी हुँदो रहेछ ? कुनै उपमाद्वारा प्रष्टयाउनु हुन्छ कि ?"

Downloaded from http://dhamma.digital

"तपाई कुन बस्तीमा जन्मनुभएको थियो ?"

"कलसी नामको एउटा गाउँमा जन्मेको थिएँ ।"

"कलसी गाउँ यहाँबाट कति टाढा छ ?"

"करीब दुइ सय योजन ।"

"काश्मीर यहाँबाट कति टाढा छ त ?"

"लगभग बाह्र योजन ।"

"तपाईले अहिले कलसी गाउँको कुनै कुरो सम्झने चेष्टा गर्नुस् त !"

"ठीक छ, सम्झें ।"

"अब फेरि काश्मीरको याद गर्नुस् त ।"

"लौ गरें !"

"महाराज ! ती दुइमध्ये कुनचाहिँ ठाउँको याद छिटो आएछ ?"

"उस्तै ढंगले, उत्तिकै समयमा दुइवटै ठाउँको सम्झना भयो ।"

"महाराज ! ठीक त्यस्तै किसिमले यहाँ मरेर ब्रह्मलोक या अन्य जुनसुकै लोकमा जन्मन गए पनि एउटै किसिमले उत्तिकै समयमा जन्मने हुन्छ ।"

"अझ अर्को उपमा पनि चाहन्छु, भन्ते !"

"आकाशमा कावा खाइरहेका दुइटा पक्षीहरूमध्ये, दुइटै एकसाथ एउटा अग्लो रूखमाथि र अर्को एउटा होचो झारमा बसेछन् भने ती दुइमध्ये कसको छायाँ पहिलोपल्ट जमीनमा

Downloaded from http://dhamma.digital

पर्ला ?"

"दुवैको छायाँ एकैपल्ट जमीनमा पर्छ ।"

"मरेर फेरि जन्मने प्रक्रिया पनि त्यो छायाँ जस्तै हो, महाराज ! यहाँ मरेर ब्रह्मलोक या अन्य जहाँसुकै जन्मन गए पनि उस्तै तरिकाले एउटै समयमा जन्मने हुन्छ ।"

## २८. बोध्यङ्ग विषयको प्रश्न

"भन्ते ! बोध्यङ्ग कतिवटा छन् ?"

"सातवटा छन् ।"

"कतिवटा बोध्यङ्गबाट धर्मको ज्ञान हुन सक्छ ?"

"धर्मविचय-सम्बोध्यङ्ग नामको एउटै बोध्यङ्गबाट मात्र धर्मको ज्ञान हुन सक्छ ।"

"तब किन बोध्यङ्ग सातवटा छन् भनिन्छन् त ?"

"म्यानभित्र रहेको तलवारलाई म्यानबाहिर ननिकालिएमा के त्यसबाट कुनै चीज काट्न सकिएला ?"

"सकिन्न, भन्ते !"

"जसरी म्यानभित्रको तलवारबाट कुनै पनि वस्तु काटिन्न त्यसरी नै धर्मविचय-सम्बोध्यङ्ग नभएमा अन्य कुनै पनि सम्बोध्यङ्ग निरर्थक हुनेछ ।"

## २९. पापभन्दा पुण्य नै धेरै हुन्छ

"भन्ते ! पाप र पुण्यमा कुनचाहिँ बढी होला ?"

Downloaded from http://dhamma.digital

"पुण्य नै धेरै हुन्छ ।"

"किन ?"

"किन भने पाप गर्नेहरूले अन्तमा आफ्ना पापकर्महरू-लाई स्वीकार्नै पर्ने हुन्छ र त्यसरी आफ्ना पापकर्महरूलाई स्वीकारिसकेपछि उनीहरूले भयङ्कर पश्चाताप गर्नेछ । त्यसैले पाप थपाथप हुँदैन । तर पुण्यकर्म गर्नेहरूलाई कुनै किसिमको पश्चाताप हुँदैन बरु एक किसिमको प्रमोद हुने हुन्छ । प्रमोद भएपछि त्यसैमा प्रीति रहन जान्छ । त्यसैले पुण्यकर्महरू फेरि पनि थपी-थपी गरिन्छ । धेरै पुण्यकर्महरू गर्दै जानाले क्रमशः चित्त शान्त हुँदै जान्छ । शान्त भएको चित्त बिस्तार बिस्तार समाधितिर तानिँदै जान्छ । चित्त समाधित भएपछि अन्तमा यथार्थ ज्ञानकै पनि उदय हुने हुन्छ ।"

कुनै पनि मानिस भगवान् बुद्धलाई, मात्र एक मुट्ठी कमलको फूल दान दिएको भरमा एकान्नब्बे कल्पसम्म दुर्गतीमा जान नपर्ने हुन सक्छ । त्यसरी महाराज ! पापभन्दा पुण्य नै धेरै हुने हुन्छ ।

## ३०. जानाजान गरेको पाप र अनजानमा गरेको पापमा भेद

"भन्ते ! जानाजान पाप गर्ने र अनजानमा पाप गर्ने यी दुइमध्ये कुनचाहिँको पाप धेरै हुन्छ ?"

"अनजानमा पाप गर्नेको पाप नै अधिक हुन्छ ।"

Downloaded from http://dhamma.digital

"किन ?"

"भनौं, एक जनाले एउटा तातेर रातो भएको फलामको डल्लोलाई जानाजान छोएछ र फेरि त्यही डल्लोलाई अर्कोले थाहा नपाइकन छोएछ भने ती दुइमध्ये कसको हात बढी पोलिन्छ ?"

"पोल्छ भन्ने कुरो थाहा नपाइकन छुनेको हात बढ्ता पोलिन्छ ।"

"त्यसरी नै महाराज ! थाहा नपाइकन पाप गर्नेको पाप नै अधिक हुने हुन्छ ।"

## ३१. ऋद्धिबलले देवलोकहरूमा कसरी गइन्छ ?

"जिउँदै देवलोक, ब्रह्मलोक आदि स्वर्गलोकहरूमध्ये कुनै लोकमा जानसक्ने पनि कोही छन् के ?"

"छन्, महाराज !"

"तिनीहरू कसरी जिउँदै त्यहाँ पुग्छन् भन्ते ?"

"के तपाईं जमीनमै एक बित्ता या एक हात नाघ्न सक्नु हुन्छ, महाराज ?"

"म आठ हात पनि नाघ्न सक्दछु भन्ते ! "

"तपाईं कसरी आठ हात नाघ्नहुन्छ, महाराज ?"

"भन्ते ! जहाँसम्म नाघेर पुग्नु पर्ने हो, त्यहाँसम्म नाघ्ने कुरो मनमा ल्याउँछु । मनमा त्यसरी नाघ्छु भन्ने विचार

Downloaded from http://dhamma.digital

आउनेबित्तिकै मेरो जिउ हलुका भए जस्तो हुन्छ र म त्यहाँ-सम्म फाल हालेर पुग्छु ।"

"महाराज ! ठीक त्यस्तै तरिकाले ऋद्धि प्राप्त भएका संयमी भिक्षुहरूले आफ्नो ऋद्धिबलद्वारा आकाशमा उड्न सक्ने चित्त उत्पन्न गर्छन् र उत्तिनैखेर आकाश मार्गद्वारा आफूले चाहेको लोकमा प्रकट हुन जान पुग्छन् ।"

## ३२. श्वास प्रश्वासको निरोध हुनु

"सास तान्ने र छोड्ने प्रक्रिया रोक्न सकिन्छ रे, हो भन्ते ?"

"हो, महाराज !"

"कसरी रोक्दा रहेछन् ?"

"के कसैले निद्रामा घुरेको सुन्नु भएको छ, महाराज ?"

"सुनेको छु, भन्ते !"

"त्यसरी घुरिरहेको वेलामा कसैले उसलाई बिस्तारै घच्घच्याइदिएमा वा उसले आफैले निद्रामै कोल्टो फेरेमा घुर्याइँ स्वतः बन्द हुन्छ, होइन र महाराज ?"

"हो । त्यसरी बन्द हुँदो रहेछ ।"

"महाराज ! जब त्यो अभावित काय, अभावित चित्त, अभावित शील र अभावित प्रज्ञा भएको त्यो मानिसको घुर्याइँ उसको शरीरको एउटा सामान्य चलाइबाट नै स्वतः बन्द हुन सक्छ भने, त्यो भावित-काय, भावित-चित्त, भावित-शील

Downloaded from http://dhamma.digital

तथा भावित-प्रज्ञा भएको भिक्षुले चौथो ध्यानमा पुगेर आफ्नो सास फेर्ने प्रक्रिया बन्द गर्दछ त त्यसमा कुन पत्यार नलाग्ने कुरो हुन्छ ?"

## ३३. धर्म अति सूक्ष्म छ

"भन्ते ! सबैभन्दा सूक्ष्म चीज पनि काटिन्छ र ?"

"काटिन्छ, महाराज !"

"सबैभन्दा सूक्ष्म चीज के हो त ?"

"धर्म नै सबैभन्दा सूक्ष्म छ, महाराज ! त्यसो भन्दैमा सबै धर्म सूक्ष्म पनि होइनन् । सूक्ष्म हुनु र स्थूल हुनु पनि विभिन्न धर्महरूको आ-आफ्नै विशेषता हुन् । कुनै धर्म चाहे जतिसुकै सूक्ष्म या स्थूल किन नहोस् तिनीहरू सबैलाई काट्ने एउटै धर्म प्रज्ञा नै हो र प्रज्ञालाई काट्ने कुनै अर्को धर्म छैन ।"

"त्यति वेलासम्ममा समय निकै गुज्रिसकेको थियो । रातको पहिलो याम बितेर दोस्रो याम सुरु भइसकेको थियो । जताततै झलमल्ल बत्तीहरू बालिसकेका थिए । त्यसैले भिक्षु नागसेनले राजा मिलिन्दलाई उपसंहारको रूपमा भगवान् बुद्धको महानताको छोटो परिचय दिंदै भने– "महाराज ! भगवान् बुद्धले आत्मवादी दृष्टिकोण के कति कारणले मिथ्या छ भन्ने कुरो छर्लङ्ग पारेर आत्मवादी मिथ्या धारणा एक किसिमको अन्धविश्वास मात्र हो भन्ने कुरो प्रमाणित गर्नु

Downloaded from http://dhamma.digital

भएको त छ, छ । त्यसको साथै उहाँले त्योभन्दा निकै गुणा कठीन काम – एउटै वस्तुको आलम्बनमा हुने रूपरहित चित्त र चैतसिक धर्महरूको विश्लेषण गर्नु भई यो स्पर्श हो, यो वेदना हो, यो संज्ञा हो, यो चेतना हो र यो चित्त हो भनी अलग अलग छुट्याएर पनि देखाउनु भएको छ । जसरी समुद्रमा गई त्यहाँको पानी चाख्दै यो पानी गंगाबाट आएको हो, यो जमुनाबाट आएको हो, यो अचिरवतीबाट आएको हो, यो महीबाट आएको हो भनी बताउनु कठीन हुन्छ, एउटै वस्तुको आलम्वनमा हुने रूपरहित चित्त र चैतसिक धर्महरूको विश्लेषण गरी देखाउनु त्योभन्दा पनि कैयौं गुणा कठीन हुन्छ ।"

त्यसरी राजा र भिक्षुको सम्वाद स्थगित भएपछि त्यहाँ उपस्थित सबै यवनहरूले भिक्षु नागसेनको भरपुर प्रशंसा गरे । राजा मिलिन्दले पनि उनीहरूले गरेको त्यो प्रशंसाको हृदयदेखि समर्थन गरे ।

अन्तमा अति खुसी भएका राजा मिलिन्दले भिक्षु नागसेनलाई एकजोड अति मूल्यवान चीवर दान दिंदै भने– "भन्ते ! आउँदो आठ सय दिनसम्म मकहाँ भोजन गर्न पाल्नुहुने निमन्त्रण स्वीकार गर्नुहोला र साथै मेरो यो खोपीमा राखिएका सामानहरूमध्ये तपाईंको प्रयोजनमा आउने जति सबै सामानहरू पनि मेरो तर्फबाट भेटिको रूपमा स्वीकार गर्नुहोला ।"

Downloaded from http://dhamma.digital

"भो । ती सामानहरू यहीं रहोस् । मेरो गुजारा त ती सामानहरूविना पनि यसै भइरहेकै छ ।"

"भन्ते ! तपाईको गुजारा त्यसै पनि भइरहेकै छ भन्ने कुरो मलाई पनि थाहा छ । तैपनि कृपासाथ मलाई र आफूलाई पनि नचाहिंदा अपवादबाट बचाउनु होला । तपाई आफूलाई 'राजालाई सन्तुष्ट पारेर पनि केही पाउन सकेन' भन्ने अपवादबाट बचाउनु होला र मलाई 'भिक्षुबाट सन्तुष्ट भएर पनि भिक्षुलाई केही दिएन' भन्ने अपवादबाट बचाउनु होला ।"

"ठीक छ, महाराज ! त्यसो भए तपाईकै इच्छानुसार होस् ।"

जसरी सुनको खोरमा हालिदिए पनि मृगराज सिंह सधैंभरि जंगलतिरै लाग्ने चाहनाले प्रेरित भएको हुन्छ त्यसरी नै राजा मिलिन्द पनि राजभवनमा रहे तापनि सदैव त्यागी भई श्रमण बन्ने चाहनाले प्रेरित भइरहेका थिए, तर त्यसरी त्यागी भई श्रमण बनी हिंडेमा उनका शत्रुहरूले मौका छोपी मारिदेला भन्ने डरले मात्र उनी तुरन्त श्रमण बनी घुम्नमा हिचकिचाइरहेका हुन् भन्ने कुरो बिदाबाजी हुने वेलामा राजा मिलिन्दले भिक्षु नागसेनलाई सुनाए ।

भिक्षु नागसेन बिदाबाजी भई गइसकेपछि राजा मिलिन्दले, आफूले भिक्षु नागसेनसंग सोधेका प्रत्येक प्रश्नहरू र त्यसका जवाफमा उनीबाट पाएका प्रत्येक उत्तरहरूमाथि

Downloaded from http://dhamma.digital

मनन गर्न थाले। उनले आफ्ना सबै प्रश्नहरूकासाथै तिनी-हरूका जवाफमा पाएका सबै उत्तरहरू पनि उत्तिकै गहन र तथ्यपूर्ण पाए।

अर्को दिन भिक्षु नागसेन राजाको निमन्त्रणानुसार बिहान सबेरै राजा मिलिन्दको दरबारमा पसी आफ्नो लागि बिछाइएको आसनमा बस्न आइपुगे। उनलाई प्रणाम गरी एकछेउमा बसेका राजा मिलिन्दले यसरी भने– "भन्ते ! तपाईंले यो नसम्झनोस् कि आजको रात मैले, हिजो तपाईंसंग खूब प्रश्नहरू सोध्न सकें भन्ने खुसीमा बिताएको छु। भन्ते ! आजको सिङ्गै रात मैले हिजो तपाईंसंग सोधेका प्रश्नहरू र त्यसका जवाफमा तपाईंबाट पाएका उत्तरहरूको गहिरो चिन्तन गर्दैमा बिताएँ। वास्तवमा मेरा सबै प्रश्नहरू उचित र गहन थिए त तपाईंका प्रत्येक उत्तर पनि उत्तिकै तथ्यपूर्ण तथा सन्तोषजनक भएको पाएँ।

आफूले पनि कसरी रात बिताएँ भन्ने कुरो बताउँदै स्थवीर नागसेनले यसरी भने– "महाराज ! मैले पनि आजको रात हिजो कसरी तपाईंका प्रत्येक प्रश्नको जवाफ दिनसकें भन्ने खुसियालीमा बिताएको छैन। हिजो तपाईंले मसंग सोधेका प्रत्येक प्रश्नहरू र त्यसका जवाफमा मैले दिएका प्रत्येक उत्तरहरूको चिन्तन-मनन गर्दैमा आजको रात उदाङ्ग भएको थियो। आँखा झिमसम्म पनि गर्न पाइन, मैले। महाराज ! यसरी रातभर चिन्तन गर्दा मैले पनि

Downloaded from http://dhamma.digital

तपाईंका प्रत्येक प्रश्नहरू साह्रै गहन हुनाकासाथै अति लक्षपूर्ण पनि भएको पाएँ। ती प्रश्नहरूका जवाफमा मैले दिएका प्रत्येक उत्तरलाई पनि मैले उत्तिकै सारयुक्त तथा सन्तोषजनक नै भएको पाएँ।"

यसरी ती दुवै महापुरुषहरूले आ-आफूले अघिल्लो दिन भनेका प्रत्येक शब्दहरूको अनुमोदन गरे।

Downloaded from http://dhamma.digital

# बोधिनी

1) मिलिन्द– ईशापूर्व १५० वर्षतिर अलसन्द नामको एक टापुको, कलसी नाउँको एउटा गाउँमा जन्मेका कुनै एउटा युनानी राजाले सागल नगर (वर्तमान स्यालकोट) लाई राजधानी बनाई उत्तर-पश्चिमी भारतमा शासन चलाएका थिए। त्यस राजाको नाउँ हो – मिलिन्द । राजा मिलिन्द पछिबाट बौद्धधर्ममा दीक्षित भएका थिए ।

2) बाइस किसिमका टकहरू–विभिन्न ठाउँ मागरिएका उत्खनन्बाट अहिलेसम्ममा राजा मिलिन्दका २२ किसिमका टकहरू फेला परेका छन् । फेला परेका टकहरूमध्ये धेरै जसोमा राजा मिलिन्दको अनुहार अङ्कित भएको छ। दगुरिरहेको – घोडा, उँट, हात्ती आदि अङ्कित भएका टकहरू पनि फेला परेका छन् । धर्मचक्र अङ्कित भएको एउटा टक पनि पाइएको छ । प्रायः सबै सिक्काहरूमा एकापट्टि ग्रीकमा र अर्कोपट्टि पाली भाषामा राजा मिलिन्दको नाउँ कोरिएको छ । एउटा सिक्कामा राजा मिलिन्दलाई 'महारजस् धर्मिकस्' अर्थात् 'धार्मिक राजा' भन्ने टाइटल पनि दिइएको पाएको छ । राजा मिलिन्दको टकमा धर्मचक्र अङ्कित हुनाकासाथै "धार्मिक राजा' भन्ने टाइटल पनि दिइएकाले उनी पछिबाट

Downloaded from http://dhamma.digital

बौद्धधर्ममा दीक्षित भएकै हुन् भन्ने कुरो किटानकासाथ भन्न सक्ने भएको छ ।

3) अर्हत् भिक्षु– सबै किसिमका आस्रवहरू क्षय गरेर कुनै पनि किसिमको आकांक्षाबाट पूर्ण मुक्ति पाएर फेरि अर्को जन्म लिन नपर्ने गरी मोक्ष पाएका भिक्षुलाई अर्हत्भिक्षु भनिन्छ ।

4) बुद्धान्तर– संसारमा बुद्धको प्रादुर्भाव समय समयमा भई नै रहन्छ । वर्तमान भद्र कल्पमै मात्र पनि ककुसन्ध, कोनागमन, काश्यप, गौतम र मैत्रये गरी जम्मा पाँच जना बुद्धहरू उत्पन्न हुने भनिएका छन् । हाल हामीले पुज्दैआएका गौतम बुद्ध यस कल्पका चौथो बुद्ध हुनुहुन्छ । यस कल्पको अन्ततिर पाँचौं बुद्ध मैत्रेय बुद्ध हुनु हुनेछ । एक बुद्धको परिनिर्वाणदेखि फेरि अर्को बुद्धको उत्पत्तिसम्मको अवधिलाई एक बुद्धान्तर भनिन्छ ।

5) काश्यप बुद्ध– यस भद्रकल्पमा उत्पन्न भएका बुद्धहरूमा तेस्रो बुद्ध हुनुहुन्छ काश्यप बुद्ध ।

6) बुद्धशासन– संसारमा एक जना बुद्धको उत्पत्ति भएदेखि उक्त बुद्धले उपदेश गरेको धर्म विशुद्ध रूपमा टिकिरहुन्जेलसम्मको अवधिलाई उक्त बुद्धको शासनकाल भनिन्छ । गौतम बुद्धको शासन अवधि ५०० वर्ष हुनेछ भन्ने कुरो गौतम बुद्धले घोषणा गरी जानुभएको छ । तर यसको मतलब, गौतम बुद्धको महापरिनिर्वाणको ५०० वर्षपछि

Downloaded from http://dhamma.digital

बौद्धधर्म लोप नै हुनेछ भन्ने कुरो होइन। घोषित बुद्धशासनको अवधि न्यूनतम अवधि हो । अधिकतम अवधि कति लामो हुनेछ भन्ने कुरो न्यूनतम अवधि पछिका भिक्षुहरूमा निर्भर रहन्छ। यदि ती भिक्षुहरूले पनि विशुद्ध बुद्धोपदेशानुसार आचरण गर्ने गराउने परम्परा कायम नै गर्दै लगेमा बुद्धशासन तबसम्म टिक्ने छ जबसम्म त्यो परम्परा टुटिने छैन ।

7) श्रामणेर– गृहस्थ जीवन त्यागेर काषायवस्त्र धारणा गरी श्रमण जीवनमा प्रवेश हुनुलाई प्रव्रजित हुनु भनिन्छ । बौद्धधर्ममा प्रव्रजित हुने व्यक्तिले सुरु सुरुमा दश-शीलको पालना गरी आफ्ना आचार्यको निगरानीमा रही बौद्धदर्शन र बौद्धसाहित्यको अध्ययनमा केही समय बिताउनु अनिवार्य छ । यसरी सुरुको अध्ययनमा लागेको बौद्धश्रमण-लाई श्रामणेर भनिन्छ। एक जना श्रामणेरले आफ्ना आचार्य भएका भिक्षुको सक्दो सेवा गर्नुकासाथै आफू बसेको विहारमा रहने अन्य कुनै पनि भिक्षुले अह्राएका सानातिना कामहरू पनि गर्नुपर्ने हुन्छ ।

केही समयका लागि श्रामणेर जीवन बिताइसकेका श्रामणेरहरूमध्ये बीस वर्षको उमेर पार गरिसकेको कुनै पनि श्रामणेरले भिक्षुसंघ बोलाई सो भिक्षुसंघलाई आफ्नो परीक्षा लिन लगाउन सकिन्छ । त्यसरी लिइएको परीक्षामा उत्तीर्ण भएपछि उपस्थित भिक्षुहरूले उनलाई एक जना भिक्षुले पालना गर्नुपर्ने विनयका २२७ वटा नियमहरू बारे

Downloaded from http://dhamma.digital

राम्ररी सम्झाई बुझाई ती नियमहरू आजीवन उलङ्घन नगर्ने शपथग्रहण गराइन्छ। शपथग्रहण गर्ने गराउने प्रक्रियालाई उपसम्पदा गर्नु भनिन्छ। उपसम्पदापछि सो श्रामणेर पनि भिक्षु संघमा गनिन्छ।

8) निर्वाण– सबै किसिमका आस्रवहरू क्षय गरेर अर्हत् फलमा प्रतिष्ठापित हुनुलाई निर्वाण हुनु भनिन्छ। अर्हत् भइसकेपछि पनि बाकी अन्य संस्कारको कारण जीवित रहनुलाई सउपादिशेष निर्वाण र आयु संस्कार खत्तम भइसकेपछि त्यस अन्तिम शरीर त्यागेर जानुलाई अनुपादिशेष निर्वाण भनिन्छ। अनुपादिशेष निर्वाण पाइसकेको व्यक्तिको कुनै पनि किसिमको अस्तित्व बाकी रहन्न।

9) धर्म– बौद्ध दर्शन र साहित्यमा 'धर्म' शब्द विभिन्न अर्थमा प्रयोग गरिन्छ। 'धर्म' को एउटा अर्थ सिद्धान्त हो। अर्को अर्थ स्वभाव या प्रकृति पनि हो। त्यस्तै 'धर्म' शब्दले कर्तव्य, नियम, असलकार्य आदि पनि जनाउन सक्छ।

10) विनय– बुद्धले आफ्ना श्रावक भिक्षुहरूका लागि उनीहरूले जीवनभर कडाइकासाथ पालन गर्नुपर्ने गरी बनाएका नियमहरूलाई विनय भनिन्छ। विनयका नियमहरू जम्मा २२७ वटा छन्। यी नियमहरूबारे सम्पूर्ण कुरा विनय-पिटकमा संकलन गरिएका छन्।

11) आयुष्मान– जसरी गृहस्थीहरूलाई सम्मानपूर्वक श्री, श्रीमान्, माननीय, महामहीम आदि शब्दहरू प्रयोग

Downloaded from http://dhamma.digital

गरिन्छन् त्यसरी नै भिक्षुहरूलाई सम्मानपूर्वक आयुष्मान शब्द प्रयोग गरिन्छ ।

12) तावतिंस भुवन– क्रमशः चातुर्महाराजिक-भुवन, तावतिंस-भुवन, यामा-भुवन, तुषित-भुवन, निर्वाणरति-भुवन र परनिर्मित वसवर्ति-देवलोक उपरोक्त छ किसिमका लोक-हरूलाई कामावचर-देवभुवन भनिन्छ । चातुर्महाराजिक-भुवन र तावतिंस-भुवन देवेन्द्र शक्रको अधीनमा हुन्छ ।

हाम्रो मनुष्यलोकको १०० वर्षको समय बराबर तावतिंस-भुवनको एक दिन-रात हुन्छ । त्यहाँ पनि ३० दिन–रातको एक महिना र बाह्र महिनाको एक वर्ष मान्ने हो भने त्यहाँको एक वर्षको बराबर हाम्रो यहाँको छत्तीस हजार वर्ष हुन्छ । त्यही हिसाबले त्यहाँका देवताहरूको आयु हाम्रो यहाँको तीन करोड साठी लाख वर्ष जति हुन्छ ।

13) विमान– हरेक देवभुवनमा प्रत्येक देवपुत्रको आ-आफ्नै प्रासाद हुन्छ । त्यस्तो प्रासादलाई विमान भनिन्छ । प्रत्येक विमानको नामाकरण गरिएको हुन्छ । महासेन-देवपुत्र रहने विमानलाई केतुमति विमान भन्ने नामकरण गरिएको थियो ।

14) दण्डकर्म– विनयका नियमहरू मध्ये कतिपय नियम-हरूको उल्लंघन भएमा भिक्षुत्वबाटै च्यूत हुने नियमहरू छन् त कतिपय नियमहरू त्यस्ता पनि छन् जुन नियमको उल्लंघन भएमा दण्डकर्म गरी क्षमा पाउन सकिन्छ ।

Downloaded from http://dhamma.digital

15) प्रतिसन्धि– वर्तमान जीवनको अन्त भई अर्को जन्मको लागि उत्पत्ति हुन जाने प्रक्रियालाई प्रतिसन्धि लिनु भनिन्छ ।

16) भिक्षुपरिपाटी– आफूलाई भिक्षा दिने श्रद्धालुहरू-लाई केही बुद्धोपदेशहरू सुनाई शुभाशिर्वादसहित उसले गरेको त्यो दानकार्यको अनुमोदन गर्नु भिक्षुहरूले चलाई आएको एउटा परिपाटी हो ।

17) संस्कार– एउटा प्राणीले उसको जीवनकालमा गरिने सबै किसिमका कुशल एवम् अकुशल कर्महरूको लेखा संस्कारको रूपमा संचित हुँदै जान्छन् । पछिल्लो जन्मको वास्तविक स्वरूप यसरी संचित भएका संस्कारमा भर पर्नुका साथै कहिले-काहीँ पछिल्लो जीवनमा गरिने कतिपय कर्महरू पनि त्यसै संस्कारद्वारा प्रेरित भएका समेत हुन्छन् ।

18) आमा-बाबुको स्वीकृति– बौद्धधर्ममा प्रव्रजित हुन चाहनेले आफ्ना आमा-बाबुको पूर्व स्वीकृति लिएकै हुनुपर्छ । आमा-बाबुको पूर्व स्वीकृति नपाएकालाई प्रव्रजित गर्न नहुने पनि विनयकै एउटा नियम हो ।

19) अभिधर्म– संपूर्ण बुद्धोपदेशहरूलाई सुत्र-पिटक, विनय-पिटक र अभिधर्म-पिटक गरी जम्मा तीन पिटकहरूमा संकलन गरिएका छन् । बोधिसत्व सिद्धार्थ राजकुमारलाई जन्म दिने महारानी महामायादेवीको जुनीबाट मृत्यु भई

Downloaded from http://dhamma.digital

तावतिंस देवभुवनमा उत्पन्न हुन गएका देवता लगायत त्यहाँ रहने अन्य असंख्य देवताहरूलाई धर्मलाभ गराउने उद्देश्य लिएर बुद्धले आफू स्वयं त्यहाँ गई दिनुभएका उपदेशहरूलाई अभिधर्म पिटकमा संकलन गरिएका छन् । अभिधर्म-पिटकमा बौद्ध दर्शनका मूल सिद्धान्तहरू अति सूक्ष्म, विश्लेषणात्मक एवं पारिभाषिक रूपमा वर्णन गरिएका छन् ।

20) कुशलधर्म– अभिधर्मानुसार आठ किसिमका कामावचर कुशल-चित्तहरू पाँच किसिमका रूपावचर कुशल-चित्तहरू र चार किसिमका अरूपावचर कुशल चित्तहरू गरी जम्मा सत्र कुशल-चित्तहरू छन् ।

(क) कामावचर-कुशल-चित्तहरू

| | | | | | |
|---|---|---|---|---|---|
| १) | सोमनस्स | सहगत | ज्ञानसम्प्रयुक्त | ससंस्कारिक | कुशलचित्त |
| २) | " | " | " | असंस्कारिक | " |
| ३) | " | " | ज्ञानविप्रयुक्त | ससंस्कारिक | " |
| ४) | " | " | " | असंस्कारिक | " |
| ५) | उपेक्षा | सहगत | ज्ञानसम्प्रयुक्त | ससंस्कारिक | " |
| ६) | " | " | " | असंस्कारिक | " |
| ७) | " | " | ज्ञानविप्रयुक्त | ससंस्कारिक | " |
| ८) | " | " | " | असंस्कारिक | " |

(ख) रूपावचर कुशलचित्तहरू

१) वितर्क, विचार, प्रीति, सुख र एकाग्रता हुने प्रथम-ध्यानमा पुगेको चित्त

Downloaded from http://dhamma.digital

२) विचार, प्रीति, सुख र एकाग्रता हुने द्वितीय ध्यानमा पुगेको चित्त

३) प्रीति, सुख र एकाग्रता हुने तृतीय ध्यानमा पुगेको चित्त

४) सुख र एकाग्रता हुने चतुर्थ ध्यानमा पुगेको चित्त

५) उपेक्षा र एकाग्रता हुने पंचम ध्यानमा पुगेको चित्त

(ग) अरूपावचर कुशलचित्तहरू

१) आकाशानञ्चायतन ध्यानमा पुगेको चित्त

२) विज्ञानानञ्चायतन ध्यानमा पुगेको चित्त

३) अकिञ्चञ्ञायतन ध्यानमा पुगेको चित्त

४) नैवसंज्ञानासंज्ञायतन ध्यानमा पुगेको चित्त

उपरोक्त सत्र किसिमका कुशलचित्तहरू मध्ये कुनै पनि किसिमको कुशलचित्त उत्पन्न गर्नु र त्यस कुशलचित्तद्वारा प्रेरित कर्महरू गर्नु नै कुशलधर्म हो ।

साधारण भाषामा भन्ने हो भने (१) प्राणी हिंसा हुने, प्राणमा आघात पुग्ने काम नगर्नु (२) अर्काको शुभ र लाभमा हानी नगर्नु ३) काम-मिथ्यामा (व्यभिचारमा) नलाग्नु ४) असत्य, मिथ्या व्यवहारमा नलाग्नु (५) अप्रमादी भई प्रशंसा गर्न योग्य कुरोको मात्र प्रशंसा गर्ने भई झूटो प्रशंसामा नलाग्नु (६) अरूको सेवा (परोपकार) गर्नु (७) सबैसंग मैत्रीपूर्ण व्यवहार गर्नु (८) सारयुक्त कुराहरूमा मात्र चिन्तन-मनन गर्नु (९) सत्य, यथार्थको खोजमा लाग्नु

Downloaded from http://dhamma.digital

(१०) कुनै पनि कुरोमा अनासक्त भई उपेक्षा गर्नसक्नु –यी नै कुशलधर्म हुन् ।

21) अकुशलधर्म– अभिधर्मानुसार आठ किसिमका कामावचर लोभयुक्त अकुशलचित्तहरू, दुइ किसिमका कामावचर द्वेषयुक्त अकुशलचित्तईरू र दुइ किसिमका कामावचर मोहयुक्त अकुशलचित्तहरू गरी जम्मा बाह्र किसिमका अकुशलचित्तहरू छन् ।

(क) कामावचर लोभयुक्त अकुशलचित्तहरू

**१) सोमनस्ससहगत दृष्टिगत सम्प्रयुक्त असंस्कारिक अकुशलचित्त**

२) " " संस्कारिक "
३) " दृष्टिगतविप्रयुक्त असंस्कारिक "
४) " " संस्कारिक "
५) उपेक्षासहगत दृष्टिगतसम्प्रयुक्त असंस्कारिक "
६) " " संस्कारिक "
७) " दृष्टिगतविप्रयुक्त असंस्कारिक "
८) " " संस्कारिक "

(ख) कामावचर द्वेषयुक्त अकुशलचित्तहरू

**१) दोमनस्ससहगत पटिघसम्प्रयुक्त असंस्कारिक अकुशलचित्त**

२) " " संस्कारिक "

Downloaded from http://dhamma.digital

(ग) कामावचर मोहयुक्त अकुशलचित्तहरू

**१) उपेक्षासहगत विचिकिच्छासम्प्रयुक्त असंस्कारिक अकुशलचित्त**

**२) उपेक्षासहगत उद्धच्चसम्प्रयुक्त असंस्कारिक अकुशलचित्त**

उपरोक्त बाह्र किसिमका अकुशलचित्तहरूमध्ये कुनै पनि किसिमको अकुशलचित्त उत्पन्न गर्नु र त्यस अकुशलचित्त-द्वारा प्रेरित कर्महरू गर्नु नै अकुशलधर्म हो।

सामान्य भाषामा भन्ने हो भने (१) प्राणी हिंसा हुने, प्राणमा आघात पुग्ने काम गर्नु (२) अर्कालाई हुने शुभ र लाभमा हानी पुऱ्याउनु (३) काम-मिथ्यामा (व्यभिचारमा) लाग्नु (४) असत्य, मिथ्या व्यवहारमा लाग्नु (५) प्रमादी भई, प्रशंसा गर्न पर्ने कुरोको प्रशंसा नगर्नु वा प्रशंसा गर्न नहुने कुरोको प्रशंसा गर्नु (६) अर्काको हित गर्न सक्ने अवस्था आए पनि हित गर्नबाट पन्छनु (७) चुक्ली लाउनु, पिंढ पछाडि कुरा काट्नु (८) अर्थ नि वर्थका अनावश्यक कुराहरू मनमा चिताउनु (९) मिथ्या र असत्य कुरोमा पूर्वाग्रहित भई टाँसिरहनु (१०) कुनै कुरोमा आसक्त भई त्यसैमा लिप्सिरहनु—यी नै अकुशलधर्म हुन्।

22) <u>अव्याकृतधर्म</u>— सबै किसिमका आस्रवहरू क्षय गर्नमा पूर्ण सफलता पाइसकेको व्यक्तिको चित्तलाई अव्या-कृतचित्त भनिन्छ। उनले जे जति पनि चिताउँछ र गर्छ ती सबै कर्महरू कुनै पनि कुरोमा लेश मात्र पनि आसक्त नभइकन

Downloaded from http://dhamma.digital

खाली कर्तव्यपरायणको दृष्टिले मात्र गरेका हुन्छन् । ती कर्महरूबाट कुनैपनि किसिमको संस्कार बन्ने छैन । त्यसरी संस्कार नबन्ने कर्महरू गर्नु नै अव्याकृतधर्म हो ।

23) उपाध्याय– आफूलाई शिक्षा दिने गुरुलाई आचार्य भन्छ त आफूलाई प्रव्रजित गराइदिने गुरुलाई चाहिँ उपाध्याय भन्छ ।

24) स्थविर– दस वर्ष वा त्योभन्दा बढी लामो समयदेखि भिक्षु जीवनमा लागिरहेकालाई स्थविर भन्छ त बीस वर्षभन्दा बढी लामो समयदेखि भिक्षु जीवनमा लागिरहेकालाईचाहिँ महास्थविर भन्छ ।

25) चारिका– भगवान् बुद्धले प्रत्येक वर्ष असाढ पूर्णिमाको दिनदेखि आश्विन पूर्णिमाको दिनसम्म जम्मा तीन महिनाको समय मात्र उहाँको लागि राजा महाराजा वा साहु सेठहरूले बनाइदिएका सुविधायुक्त विहारहरूमध्ये कुनै एउटामा बास बस्ने गर्नु हुन्थ्यो । उहाँले अधिकतम समय आफू एक्लै वा आफ्ना केही चेलाहरूसहित, गाउँघरका गरीब किसान मजदूरहरूको श्रद्धाले पाउने रूखा-सुखा भिक्षामा मात्र निर्भर रही, गाउँ गाउँमा घुमी, मानिसहरूको दैलो दैलोमा पुगी उनीहरूलाई कुशल र अकुशलधर्महरू सम्बन्धी उपदेशहरू दिँदै हिंड्नमा बिताउनु हुन्थ्यो । उहाँले आफ्ना समर्थ श्रावकहरूलाई पनि उनीहरूका आ-आफ्ना चेलाहरूलाई साथमा लिई त्यस्तै गरी हिंड्न अह्राउनु हुन्थ्यो । यसरी ठाउँ

Downloaded from http://dhamma.digital

ठाउँमा घुमी सबैलाई धर्मोपदेशहरू सुनाउँदै हिंड्ने प्रक्रियालाई चारिका गर्नु भन्दछ ।

26) वर्षावास– प्रत्येक वर्ष अषाढ पूर्णिमाको दिनदेखि आश्विन पूर्णिमाको दिनसम्म, वर्षायामको यी तीन महिना चारिका गर्नमा निकै असुविधा हुन्छ । यस वेला चारिका गर्दा चारिका गर्ने भिक्षुहरूलाई मात्र होइन भिक्षुहरूलाई भिक्षा दिने भनी बस्ने श्रद्धालु किसान मजदूरहरूलाई पनि ठूलो मर्का पर्ने हुन्छ । किनभने खेतमा कामको त्यस्तो घुइँचो हुने बखतमा पनि उनीहरूले भिक्षुहरूलाई भिक्षा दिनको लागि खेतमा नगई घरैमा बस्नुपर्ने हुन्छ । फेरि त्यस वेला जतातत‍ै अनेक किसिमका किराहरू हुने भई अनाहकमा कतिपय किराहरू चारिका गर्दै हिंड्ने भिक्षुहरूले कुल्चेर मर्न पनि सक्ने हुन्छ । त्यसैले भगवान् बुद्धले उपरोक्त तीन महिनाको समयभित्र कुनै पनि भिक्षुले चारिक नगर्नु, एउटा निश्चित विहार या गुफा, त्यस वेला जहाँकहीँ नै पुगेको किन नहोस् त्यस अवधिभर त्यहीं नै बास बस्नु भनी नियम बनाइदिनु भएको छ । त्यसरी वर्षायामका उपरोक्त तीन महिना एकै स्थानमा मात्र बास बसी बिताउनेछु भनी आधिष्ठान गरी बास बस्ने बसाइलाई वर्षावास भन्दछ ।

27) महाउपासिका– बुद्ध, बौद्धधर्म र भिक्षुसंघको लागि सदैव आफूले सक्दो योगदान गर्नेछु अर्थात् आफू यी तीनको शरणमा जान्छु भनी शपथग्रहण गर्ने पुरुषलाई उपासक

Downloaded from http://dhamma.digital

भन्दछ त त्यसरी नै शपथग्रहण गर्ने स्त्रीलाई उपासिका भन्दछ । त्यस्ता उपासक-उपासिकाहरू मध्ये कुनै खास भिक्षुको सेवा-शुश्रूषा र हेरचाह गर्नमा पूर्ण जिम्मेवार लिने उपासक या उपासिकालाई महाउपासक या महाउपासिका भन्दछ ।

28) श्रोतापत्ति– सबै प्रकारका आस्रवहरू क्षय गरिसकेका अर्थात् चित्तमा हुने सबै किसिमका क्लेशहरूबाट पूर्ण मुक्ति पाइसकेकालाई अर्हत् भन्दछ । तर कुनै पनि व्यक्ति सबै किसिमका क्लेशहरूबाट एकैपल्ट मुक्त हुन्न । अर्हत् हुनुभन्दा पहिले उनले क्रमशः स्रोतापत्ति, सकृदागामि र अनागामि यी अवस्थाहरूबाट गुज्रनुपर्ने हुन्छ । स्रोतापत्ति फलमा पुगेको व्यक्तिको चित्त निम्न तीन प्रकारका अवगुण-हरूबाट मुक्त भइसकेको हुन्छ ।

(१) सत्कायदृष्टि– अधर्मलाई धर्म थानी बस्नु, यथार्थ सत्यसंग अपरिचित हुनु ।

(२) विचिकित्सा– यथार्थ सत्यलाई राम्ररी देख्न नसक्नु, त्यसमाथि कुनै किसिमको अनावश्यक शंका गरिबस्नु ।

(३) सीलब्बत–परामास पूर्वाग्रहको कारण कुनै किसिमको अन्धविश्वास या अधर्मबाट पूर्ण मुक्ति पाउन नसक्नु ।

उपरोक्त तीन प्रकारका अवगुणहरूबाट पूर्ण मुक्ति पाई श्रोतापत्ति फलमा प्रविष्ट भइसकेको व्यक्तिलाई श्रोतापत्ति

Downloaded from http://dhamma.digital

वा श्रोतापन्न भनिन्छ, श्रोतापन्न व्यक्तिले अधिक भन्दा अधिक अर्को सात जन्महरू मात्र लिने हुन्छ। त्यसले ती सात जन्महरूभित्र अवश्य पनि अन्य बाकी क्लेशहरूबाट पनि पूर्ण मुक्ति पाउने नै हुन्छ।

29) भन्ते– कुनै भिक्षुलाई सम्बोधन गर्दा प्रयोग गरिने शब्द।

30) प्रतिसंविदाहरू– प्रतिसंविदाहरू निम्न चार प्रकारका छन्।

(१) अर्थप्रतिसंविदा– अर्थ अवबोध गर्न सक्ने ज्ञान।

(२) धर्मप्रतिसंविदा– धर्म अवबोध गर्न सक्ने ज्ञान।

(३) निरुक्तिप्रतिसंविदा– भाषा, व्याकरणादि अवबोध गर्न सक्ने ज्ञान।

(४) प्रतिभानप्रतिसंविदा– कसैको भनाइलाई विविधाकारले बुझ्न बुझाउन सक्ने ज्ञान।

31) त्रिपिटकाचार्य– सुत्रपिटक, विनयपिटक एवं अभिधर्म पिटकमा पारङ्गत भई अरूलाई पनि त्यस सम्बन्धी राम्ररी बोध गराउने क्षमता भएको आचार्यलाई त्रिपिटकाचार्य भन्दछ।

32) पञ्चवर्गीय भिक्षुहरू– महाराजा शुद्धोदनले उनका नवजात छोरा सिद्धार्थ राजकुमारका लक्षणहरुको अध्ययन गर्नका लागि (१) राम (२) धज (३) लक्षण (४) मन्ती (५) कोण्डन्य (६) भोज (७) सुयाम र (८) सुदत्त नाम

Downloaded from http://dhamma.digital

गरेका आठजना त्रिवेद पारङ्गत विशिष्ट ब्राह्मणहरू बोलाएका थिए । कोण्डन्य बाहेक अन्य सातैजना ब्राह्मणहरूले सिद्धार्थ राजकुमार तरुणो भएपछि गृहस्थमा बसेमा चक्रवती राजा हुने र गृहत्याग गरी प्रव्रजित भएमा बुद्ध हुने भविष्यवाणी गरेका थिए । तर कोण्डन्यले भने सिद्धार्थ राजकुमार तरुणो भएपछि गृहत्याग गरी बुद्ध नै हुनेछ भनी भविष्यवाणी गरेका थिए । नभन्दै सिद्धार्थ राजकुमारले २९ वर्षको उमेरमा गृह-त्याग गरे नै । उपरोक्त आठ जना ब्राह्मणहरूमध्ये कोण्डन्य सबैभन्दा कान्छो थियो । सिद्धार्थ राजकुमारले गृहत्याग गरेको वेलामा आठ जना ब्राह्मणहरूमध्ये उनी एक्लै मात्र जीवित थिए । गृहत्याग गरेका सिद्धार्थ राजकुमारले बुद्धत्व पाउनेमा केही सन्देह भएन भन्ने कुरो दिवंगत भइसकेका अन्य ब्राह्मणहरूका छोराहरू क्रमशः भद्रिय, वप्प महानाम र अश्वजीत नाम गरेका ब्राह्मणहरूलाई सम्भाउनमा कोण्डन्य समर्थ भए । उनी ती चारै जनालाई साथमा लिई बोधिसत्व सिद्धार्थका अनुयायी हुनको लागि एकसाथ प्रव्रजित भए । उनीहरू पाँचैजना निकै लामो समयसम्म अटूट रूपमा बोधि-सत्व सिद्धार्थको सेवामा लागे । तर पछिबाट छ महिनासम्म दुष्करचर्या गरेर पनि बुद्धत्व प्राप्त गर्न नसकेका सिद्धार्थ बोधिसत्वले फेरि स्थुल आहार सेवन गर्न थालेकाले उनीहरू सिद्धार्थ बोधिसत्वले बुद्धत्व पाउने छ भन्ने कुरोमा निराश भए । तब उनीहरू बोधिसत्व सिद्धार्थसंग बिदाबारी लिई

Downloaded from http://dhamma.digital

उनीहरू स्वतन्त्र रूपले घुम्दै ऋषिपतन मृगदावनमा गई बसे। तर उनीहरूले छोडी गएको केही समयपछि नै सिद्धार्थ बोधिसत्वले बुद्धगयाको बोधिवृक्षमुनि बुद्धत्व पाए। बुद्धत्व पाएपछि गौतम बुद्धले आफूले अवबोध गरेको धर्मज्ञानको रसपान सबैभन्दा पहिले ती नै पाँच जना ब्राह्मणहरूलाई गराउनु उचित सम्झनु भयो। बुद्धले बुद्धगयादेखि ऋषिपतन मृगदावसम्मको लामो दूरी पैदल यात्रा गर्नुभई सर्वप्रथम उनीहरूलाई नै अमूल्य बौद्धधर्ममा दीक्षित तुल्याउनु भयो। अमूल्य बौद्धधर्मको रसपान गरिसकेपछि उनीहरू पाँचैजना भिक्षु भएका थिए। उनीहरू नै पहिला पाँच भिक्षु थिए। पहिला पाँच भिक्षु हुनाकासाथै उनीहरू पाँचै जना एकसाथ गृहत्याग गरी प्रव्रजित भएका हुनाले उनीहरू पछिबाट 'पञ्चवर्गीय भिक्षुहरू' नामले सुप्रख्यात भए।

33) <u>धर्मचक्र</u>– बुद्धत्व प्राप्त गरिसकेपछि गौतम बुद्धले पहिलो बुद्धोपदेश ऋषिपतन मृगदावनमा पञ्चवर्गीय भिक्षुहरूलाई सुनाउनु भएको थियो। बौद्धधर्मको प्रचार-प्रसार गर्ने काम त्यहाँदेखि नै सुरु भएको हो। बौद्धधर्म प्रचार गर्ने त्यस प्रथालाई धर्मचक्र प्रवर्तन भन्दछ र बुद्धले त्यस बेला दिनु भएको उपदेशलाई धर्मचक्र प्रवर्तन सूत्र भन्दछ।

34) <u>धुताङ्ग</u>– धुताङ्ग त्यस्ता किसिमका शीलहरू हुन् जसको पालनाद्वारा चित्त परिशुद्ध नगरिकन सबै किसिमका आस्रवहरू क्षय गरी अर्हत् फलको साक्षात्कार गर्ने

Downloaded from http://dhamma.digital

सक्ने छैन । धुताङ्ग शील तेह्रवटा छन् ।

(१) पाँसुकूलिक– मृत शरीरमा कात्रोको रूपमा प्रयोग गरी फालेका कपडा वा यत्रतत्र फालिएका अन्य बेवारिसी कपडाका टुक्राहरू बटुली त्यसलाई पहेंलो रंगमा रंगाई सिलाएका चिवर मात्र प्रयोग गर्ने शील पालन गर्ने भिक्षुलाई पाँसुकूलिक भन्दछ ।

(२) तेचिवरिक– विनय अनुसार एक जना भिक्षुले अन्तर्वासिक, उत्तरासंग र संघाटी यी तीन किसिमका लुगाहरू मात्र प्रयोग गर्नुहुन्छ । अन्तर्वासिक भनेको शरीरको तल्लो भागमा लगाइने लुङ्गी जस्तो कपडा हो । उत्तरासंग भनेको पाँचहात लामो र चारहात फराकिलो भएको शरीरको माथिल्ल भागमा लगाइने खास्टो जस्तो लुगा हो । संघाटी भनेको लमाइ र चौडाइमा उत्तरासंग जत्रै पारी दोहरो कपडा राखी सिलाएको हुन्छ । यो कपडा ओछ्याउन वा ओढ्न प्रयोग गरिन्छ । अरू वेला यसलाई राम्रोसंग पट्याएर काँढमा बोकिएको हुन्छ । उपरोक्त तीन प्रकारका लुगाहरूको एक सेटलाई चिवर भन्दछ । उक्त तीनै प्रकारका लुगाहरूको एकै सेट मात्र प्रयोग गर्ने शील पालन गर्ने भिक्षुलाई तेचिवरिक भन्दछ ।

(३) पिण्डपातिक– घरैपिच्छे भिक्षाटन गर्दा कसैले श्रद्धापूर्वक आपनो पात्रमा राखिदिएका रूखा-सुखा भिक्षा जो पाइन्छ त्यसैमा मात्र निर्वाह गरी कसैले सम्मानपूर्वक घरभित्र

Downloaded from http://dhamma.digital

निमन्त्रण गरेर दिएको विशेष भोजन स्वीकार नगर्ने शील पालन गर्ने भिक्षुलाई पिण्डपातिक भन्दछ ।

(४) सपदानाचारिक– बढिया भिक्षा दिने घर र घटिया भिक्षा दिने घर भनी नछुटाइकन क्रमैसंग प्रत्येक घरमा भिक्षाटन गरी पाएको मीठो नमीठो सबै किसिमका भोजन स्वीकार गर्ने शील पालन गर्ने भिक्षुलाई सपदानाचारिक भन्दछ ।

(५) एकासनिक– दिनको एकै छाक मात्र खाने र एकछाक खान बसेपछि त्यहाँबाट नउठीकन जे जति खानको निमित्त पाइने हो त्यतिमै मात्र सन्तोष हुने शील पालन गर्ने भिक्षुलाई एकासनिक भन्दछ ।

(६) पात्रपिण्डिक– भिक्षाटनबाट पाएका मीठा नमीठा सबै किसिमका खाद्य पदार्थहरू जम्मैको एउटै स्वाद हुने गरी छ्यासमिस पारेर मात्र खाने शील पालन गर्ने भिक्षुलाई पात्र-पिण्डिक भन्दछ ।

(७) खलुपच्छाभक्तिक– मुखमा कोचिसकेको कुनै पनि खाद्य पदार्थ फेरि नओकल्ने, केही भएर ओकल्नै परेमा फेरि अर्को गाँस मुखमा नहाल्ने शील पालन गर्ने भिक्षुलाई खलुपच्छाभक्तिक भन्दछ ।

(८) आरन्यक– जङ्गलमै मात्र रात बिताउने शीलको पालन गर्ने भिक्षुलाई आरन्यक भन्दछ ।

(९) रूक्खमूलिक– घर, छाप्रो, पाल आदिको आश्रय

Downloaded from http://dhamma.digital

त्यागी रूखको फेदमा मात्र रात बिताउने शील पालन गर्ने भिक्षुलाई रूक्खमूलिक भन्दछ ।

( १० ) अब्भोकाशिक– रूखको फेदसम्मको आश्रय पनि त्यागेर खुल्ला आकाशमुनि नै रात बिताउने शील पालन गर्ने भिक्षुलाई अब्भोकाशिक भन्दछ ।

( ११ ) सोसानिक– मसानमा मात्र रात बिताउने शील पालन गर्ने भिक्षुलाई सोसानिक भन्दछ ।

( १२ ) यथासन्तलिक– निजी सयनासन नबनाई जहाँ जस्तो सयनासन पाइने छ त्यसैमा सन्तोष हुने शील पालना गर्ने भिक्षुलाई यथासन्ततिक भन्दछ ।

( १३ ) नेसञ्जिक– कहिल्यै पनि नलेटी निदाउँदा पनि बसेरै मात्र निदाउने शील पालन गर्ने भिक्षुलाई नेसञ्जिक भन्दछ ।

35) ग्लान प्रत्यय– विनय अनुसार एक जना भिक्षुले चिवर, पिण्डपात्र, सयनासन र ग्लान प्रत्यय यी चार किसिमका वस्तुहरूसंग मात्र प्रयोजन राख्नुपर्छ । उपरोक्त चार किसिमका वस्तुहरूमध्ये ग्लान प्रत्यय भन्नाले एक जना मानिस बिरामी हुँदा प्रयोग गर्नुपर्ने कुनै पनि किसिमको औषधि यसभित्र पर्दछ ।

36) आर्य अष्टाङ्गिक मार्ग– भगवान् बुद्धले, हामी सबैले पनि आ-आपनो चित्तमा उत्पन्न हुने सबै किसिमका आस्रवहरू क्षय गरी अर्हत् फल साक्षात्कार गर्न सकोस् भनेर

Downloaded from http://dhamma.digital

हाम्रो लागि जुन आठवटा सम्यक मार्गहरू देखाउनु भएको छ, त्यसैलाई आर्य अष्टाङ्गिक मार्ग भन्दछ । यी निम्न प्रकारका छन् ।

(१) सम्यकदृष्टि– निम्न चार आर्य सत्यमार्गमा विश्वस्त हुनु ।

(क) दुःख सत्य– दुःख छ ।

(ख) दुःख समुदय सत्य– दुःख हुनाको एकमात्र कारण क्लेश हो ।

(ग) दुःख निरोध सत्य– क्लेश क्षय गरी दुःखबाट सधैंको लागि मुक्ति पाउन सकिन्छ ।

(घ) दुःख निरोधगामिनी प्रतिपदा सत्य– क्लेश क्षय गर्ने एक मात्र उपाय आर्य अष्टाङ्गिक मार्गमा लाग्नु हो ।

(२) सम्यक संकल्प– कुनै पनि प्राणीलाई कुनै पनि किसिमको अहित हुने कुरो मनमा चिताउनसम्म पनि चिताउने छैन, सबै प्राणीप्रति मित्रता र करुणाको भाव प्रकट गर्नेछु भनी संकल्प गरी त्यसै संकल्पमा दृढ रहनु ।

(३) सम्यक वाचा– सत्य र अरूलाई हित हुने कुरा मात्र बोल्नु । असत्य, अरूलाई अहित हुने बेमतलबका कुरा कहिल्यै नबोल्नु ।

(४) सम्यक कर्म– प्राणी हिंसा नगर्नु । प्राणमा आघात पुग्ने काम नगर्नु । चोरी नगर्नु । व्यभिचार नगर्नु । सकेसम्म परोपकारी हुनु ।

Downloaded from http://dhamma.digital

(५) सम्यक आजिव– निजी हितको लागि अन्य कसैको हानी नहुने गरी जीविका चलाउनु ।

(६) सम्यक-व्यायाम– चित्तमा अकुशलधर्महरू उत्पन्न हुन नदिनु चित्तमा उत्पन्न भएका अकुशलधर्महरू तुरुन्त हटाउनु । चित्तमा कुशलधर्महरू उत्पन्न गर्नु । चित्तमा उत्पन्न भएका कुशलधर्महरूको अभिवृद्धि गर्नु ।

(७) सम्यक-स्मृति– आफ्नो चित्तलाई छाडा साँढेझैं जताततै भौंतारिन नदिई, आफ्नै शरीरमा उत्पन्न हुने प्रत्येक किसिमका वेदना वा शरीरमा हुने प्राकृतिक स्वभावको अनुभव गर्नमा मात्र स्मृतियुक्त रूपले लगाउनु ।

(८) सम्यक-समाधि– शरीर वा मनमा हुने प्रत्येक वेदनामा चित्त स्थिर राखी प्रत्येक वेदनाको उत्पत्ति विकास र विनाशलाई प्रष्ट छुटचाएर देख्न सक्नाको निमित्त समाधिष्ट हुनु ।

37) <u>अन्तरायिक पापकर्महरु–</u> निम्न पाँच प्रकारका पापकर्महरू अन्तरायिक पापकर्महरू हुन् ।

(१) आमालाई मार्नु ।
(२) बाबुलाई मार्नु ।
(३) अर्हत् भिक्षुलाई मार्नु ।
(४) बुद्धको शरीरमा आघात पुऱ्याउनु ।
(५) भिक्षुसंघमा फूट ल्याउनु ।

Downloaded from http://dhamma.digital

अन्तरायिक पापकर्म गर्ने व्यक्ति जिउँदै या मृत्युपछि अभिचि नरकमा पुग्नेछ ।

38) <u>इन्द्रिय–</u> इन्द्रिय निम्न पाँच प्रकारका छन् ।

(१) श्रद्धेन्द्रिय– बुद्ध, बौद्धधर्म र भिक्षुसंघप्रति अटल श्रद्धा उत्पन्न गराउने स्रोत ।

(२) वीर्येन्द्रिय– अकुशलधर्मको क्षय गरी कुशलधर्मको अभिवृद्धि गराउने स्रोत ।

(३) स्मृतिन्द्रिय– शरीरमा उत्पन्न हुने प्रत्येक वेदनाको अनुभव गर्नमा स्मृतियुक्त तरिकाले चित्त स्थिर गराउने स्रोत ।

(४) समाधिन्द्रिय– उत्पन्न भएका कुशलधर्महरूमा समाधिष्ट गराउने साधन ।

(५) प्रज्ञेन्द्रिय– प्रत्येक कुशलधर्मको उत्पत्ति, विकास र विनाशलाई अलग छुटचाएर देखाउने साधन ।

39) <u>बल–</u> बल निम्न पाँच प्रकारका छन् ।

(१) श्रद्धाबल– बुद्ध, बौद्धधर्म र भिक्षुसंघप्रति अटल श्रद्धा उत्पन्न गर्नसक्नु ।

(२) बीर्यबल– अकुशलधर्म क्षय गरी कुशलधर्म अभिवृद्धि गर्नसक्नु ।

(३) स्मृतिबल– शरीरमा उत्पन्न हुने प्रत्येक वेदनाको अनुभव गर्नमा स्मृतियुक्त तरिकाले चित्त स्थिर राख्नसक्नु ।

Downloaded from http://dhamma.digital

(४) समाधिबल– उत्पन्न भएका कुशलधर्महरूमा समाधिष्ट हुनसक्नु ।

(५) प्रज्ञाबल– प्रत्येक कुशलधर्मको उत्पत्ति, विकास र विनाशलाई अलग छुट्याएर देख्नसक्नु ।

40) <u>बोध्यङ्ग</u>– बोध्यङ्ग निम्न सात प्रकारका छन् ।

(१) स्मृति सम्बोध्यङ्ग– स्मृतिलाई चित्त र शरीरको प्रत्येक गतिविधिको पछाडि दगुराउने विधि ।

(२) धर्मविचय सम्बोध्यङ्ग– बिपासना ध्यानका ती दसवटा ज्ञानहरू जसको राम्रो अभ्यास भएपछि परम मोक्ष ज्ञानको अभ्युदय होइन्छ, ती दसैवटा ज्ञानहरूलाई राम्ररी बुझी त्यही अनुसारको व्यवहार गर्ने विधि ।

(३) वीर्यसम्बोध्यङ्ग– शरीर र चित्तको प्रत्येक कदममा अटूट स्मृति राखिरहने उद्योगमा निरन्तर लागिरहने विधि ।

(४) प्रीतिसम्बोध्यङ्ग– चित्तको चंचलता अन्त भई चित्त स्थिर भएपछि अनुभव हुने अभूतपूर्ण मानसिक सुखको उत्पत्ति गरी अनुभव गर्ने विधि ।

(५) प्रश्रद्धिसम्बोध्यङ्ग– संयमित चित्तको आधारमा मानसिक सुखका साथै अनेक प्रकारका शारीरिक सुखको पनि उत्पत्ति गरी अनुभव गर्ने विधि ।

Downloaded from http://dhamma.digital

(६) समाधिसम्बोध्यङ्ग– संयमित चित्तलाई कुनै एक विषय वस्तुमा चाहेजति लामो समयसम्म स्थिर राखी त्यसैमा ध्यानाकृष्ट हुने विधि ।

(७) उपेक्षासम्बोध्यङ्ग– चित्त, शारीरिक प्रक्रिया र स्मृति यी तीनको स्थायी संयोग हुने आदत गराउने विधि ।

41) स्मृति प्रस्थान– स्मृति प्रस्थान निम्न चार प्रकारका छन् ।

(१) कायानुपस्सना– शरीरको प्रत्येक प्रक्रियामा स्मृति राखी बस्नु ।

(२) वेदनानुपस्ना– उत्पन्न हुने मानसिक वा शारीरिक वेदनामा स्मृति राखी बस्नु ।

(३) चित्तानुपस्सना– चित्त र चेतसिक अर्थात् उत्पन्न हुने मनोभावनामा स्मृति राखी बस्नु ।

(४) धम्मानुपस्सना– प्रत्येक चित्तको उत्पत्ति, अभ्युदय र विनाशलाई स्मृतिले राम्ररी पछ्याउनसक्ने भई बस्नु ।

42) सम्यक प्रधान– निम्न चार प्रकारका सम्यक प्रधानहरू छन् ।

(१) उत्पन्न नभएका अकुशलधर्महरू उत्पन्न हुन नदिने प्रयत्नमा रहनु ।

(२) उत्पन्न भइसकेका अकुशलधर्महरूलाई दमन गर्नका

Downloaded from http://dhamma.digital

लागि चित्त निग्रह गर्नु ।

(३) उत्पन्न नभएका कुशलधर्महरू उत्पन्न गराउनमा चित्त निग्रह गर्नु ।

(४) उत्पन्न भएका कुशलधर्महरू स्थिर गर्न र त्यसको अभिवृद्धि गर्नमा प्रयत्नशील रहनु ।

43) ऋद्धिपाद– ऋद्धिपाद निम्न चार प्रकारका छन् ।

(१) छन्द-ऋद्धिपाद– आर्य अष्टाङ्गिक मार्गमा व्यवहारिक रूपमा लाग्नु ।

(२) वीर्य-ऋद्धिपाद– आर्य अष्टाङ्गिक मार्गमै मात्र लागिरहनमा दृढता देखाउन सक्नु ।

(३) चित्त-ऋद्धिपाद– चञ्चल चित्तलाई संयमित पार्नु ।

(४) विमर्श-ऋद्धिपाद– संयमित चित्तमा प्रज्ञाको अभ्युदय गर्दै लैजानमा लाग्नु ।

44) ध्यान– पाँच तहका रूपावचर ध्यान र पाँच तहका अरूपावचर ध्यान गरी जम्मा दश तहका ध्यान छन् ।

(क) रूपावचर ध्यानहरू

(१) वितर्क, विचार, प्रीति, सुख र एकाग्रता भएको प्रथम ध्यान ।

(२) विचार, प्रीति, सुख र एकाग्रता भएको द्वितीय ध्यान ।

(३) प्रीति, सुख र एकाग्रता भएको तृतीय ध्यान ।

(४) सुख र एकाग्रता मात्र भएको चतुर्थ ध्यान ।

Downloaded from http://dhamma.digital

( ५ ) उपेक्षा र एकाग्रता मात्र भएको पञ्चम ध्यान ।

( ख ) अरूपावचर ध्यानहरू

( १ ) आकाशानञ्चायतन ध्यान– वेदनाको अनुभव नगरी सून्यताको मात्र अनुभव हुने ध्यान ।

( २ ) विज्ञानानञ्चायतन ध्यान– अनुभव गरेको छु भनी थाहा पाइराख्ने विज्ञान मात्र बाँकी भएको ध्यान ।

( ३ ) आकिंचञ्ञायतन ध्यान– खाली अनुभव मात्र बाकी रहने ध्यान ।

( ४ ) नैवसंज्ञानासंज्ञायतन ध्यान– खाली संज्ञाद्वारा मात्र विदित हुने ध्यान ।

( ५ ) संज्ञावेदचित्त निरोध ध्यान– संज्ञाद्वारा विदित हुने पनि निरोध भई प्रज्ञाको अभ्युदय हुने वेलाको ध्यान ।

45) <u>विमोक्ष–</u> विमोक्ष निम्न आठ प्रकारका छन् ।

( १ ) पहिलो विमोक्ष– शरीरभित्रको रूपको सहायताले मात्र बाह्य रूपको अनुभव गरिन्छ भनी थाहा पाउनु ।

( २ ) दोस्रो विमोक्ष– बाह्य रूपको अनुभव गर्ने भित्री रूप (आँखा, कान, नाक, जिब्रो र शरीर) होइन, बरु चित्त हो भनी थाहा पाउनु ।

( ३ ) तेस्रो विमोक्ष– बाह्य रूपको अनुभव गर्ने चित्तलाई नियन्त्रित गरी खाली कुशलरूपहरू मात्र अनुभव गर्नमा

Downloaded from http://dhamma.digital

लगाउन सकिन्छ भनी थाहा पाउनु ।

(४) चौथो विमोक्ष– कुशलरूपको मात्र अनुभव गर्ने प्रक्रियालाई अतिक्रमण गरी खाली सून्यताको मात्र अनुभव गरिबस्नु ।

(५) पाँचौं विमोक्ष– चित्त र विज्ञान (चित्तद्वारा अनुभव गरेको थाहा पाउने ज्ञान अर्थात् चेतना) मात्र अनुभव गरिबस्नु ।

(६) छैठौं विमोक्ष– कुनै पनि कुरोको अनुभव नगरेको स्वच्छ चित्तको मात्र अनुभव गरिबस्नु ।

(७) सातौं विमोक्ष– स्वच्छ चित्तको मात्र अनुभव गर्नुलाई पनि अतिक्रमण गरी खाली संज्ञाद्वारा मात्र विदित भई बस्नु ।

(८) आठौं विमोक्ष– संज्ञाद्वारा मात्र विदित भई बस्नुलाई पनि अतिक्रमण गरी वास्तविक ज्ञानको उदय भएको देख्न सक्नु ।

46) समाधि– रूप, शब्द, गन्ध, रस र स्थूल वस्तु यी पञ्चकामको अनुभव गर्ने चित्त हो । यी पञ्चकाममध्ये कुनै एकसंग चित्तको संयोग (स्पर्श) हुने प्रक्रियालाई आलम्बन भन्दछ । आलम्बन हुँदा चित्तमा उत्पन्न हुने प्रतिक्रिया वा अनुभवलाई चेतसिक भन्दछ । चेतसिक ५२ प्रकारका छन् । चित्त, पञ्चकाममध्ये कुनै एक वा कुनै एउटा चेतसिकको

Downloaded from http://dhamma.digital

आलम्बनमा मात्र स्थिर रहिरहने अवस्थालाई समाधि भन्दछ ।

47) समापत्ति– आठौं विमोक्ष वा संज्ञावेदचित्त-निरोध ध्यानमा पुगेपछि अभ्युदय हुने प्रज्ञाको प्रकाशमा समाधिष्ट हुनुलाई समापत्ति वा समापत्ति ध्यान भन्दछ ।

48) सकृदागामि– सकृदागामि मार्गमा पुगेका व्यक्तिले स्रोतापत्ति मार्गमा पुगेका व्यक्तिले भन्दा बढी किसिमका अवगुणहरूलाई नाश गर्न सकेको त हुन्न, तर उनले राग, द्वेष र मोहलाई धेरै नै शिथिल भने पारेको हुन्छ । त्यसैले उनले मोक्ष पाउन भन्दा पहिले स्रोतापत्तिलेझैं सातवटा जन्म लिन नपर्ने भई खाली अर्को एकै जन्ममा नै क्लेशहरूलाई पूर्णतया क्षय गरी परम मोक्ष पाउन सक्ने हुन्छ ।

49) अनागामि– सकृदागामि मार्गमा पुगेकाले मोह बाहेक काम, राग र द्वेषलाई बिलकुलै क्षय गर्नमा सफलता पाएपछि उनीलाई अनागामि मार्गमा पुगेको भनिन्छ । अनागामि मार्गमा पुगेको पुद्गल व्यक्तिले फेरि मनुष्यलोक आदि कुनै पनि कामावचर लोकमा जन्म लिने छैन । मरणपछि उनीले अविहा आदि कुनै एउटा शुद्धावासमा अन्तिम जन्म लिई उतैबाट परम मोक्ष साक्षात्कार गर्नेछ ।

50) आर्यश्रावक– भगवान् बुद्धका ख्यातिप्राप्त शिष्यलाई आर्यश्रावक भन्दछ ।

Downloaded from http://dhamma.digital

51) सम्यक चेष्टा– आर्य-अष्टाङ्गिक मार्गमा लाग्ने चेष्टालाई सम्यक चेष्टा भन्दछ ।

52) ऋद्धि– ऋद्धि भनेको ध्यानबलको प्रयोगले अनेक असाधारण चमत्कारहरू देखाउने विधि हो ।

53) समथ भावना– निर्वाण पाउनमा खास बाधा दिने निम्न पाँच अवगुणहरू हुन् ।

(१) कामाच्छन्द– सधैंभरि पञ्चकाममा लिप्सिरहनु ।

(२) ब्यापाद– रिस र द्वैषको वशमा हुन् ।

(३) थीनमिद्ध– उद्योगहीन भई आलस्य हुनु ।

(४) उद्धच्चकुक्कुच्च– अति चञ्चल स्वभावको हुनाले पछिबाट पश्चाताप गर्नुपर्ने काममा सजिलै फस्नजानु ।

(५) बिचिकित्सा– यथार्थ सत्यलाई राम्ररी अंगिकार गर्न नसक्नाको कारण अनावश्यक शंका गरिरहनु ।

उपरोक्त पाँच अवगुणहरूलाई पञ्चनिवरण भन्दछ । ती पञ्चनिवरणहरू हटाउने उद्देश्यले गरिने भावनालाई समथ भावना भन्दछ ।

54) बिदर्शना भावना– अनित्य, दुःख र अनात्मलाई प्रमाणित गर्दै घटेका सांसारिक घटनाहरू वा शारीरिक प्रक्रियाहरूमा चित्त एकाग्र गरी अनित्य, दुःख र अनात्मलाई भित्री ज्ञानचक्षुले हेर्ने उद्देश्यले गरिने भावनालाई बिदर्शना भावना भन्दछ ।

Downloaded from http://dhamma.digital

55) विज्ञान– अनुभव हुने, विज्ञ हुने प्रक्रियालाई विज्ञान भन्दछ ।

56) नाम– अति सूक्ष्म एवं भौतिक तत्त्व जो समयको गतिले पछ्याउन नसक्ने वेगमा परिर्वति हुन्छ त्यस्ता तत्त्व-लाई नाम भन्दछ ।

57) रूप– ती स्थूल भौतिक तत्त्वहरू जो अति ढिलो-संग, आँखाले हेर्दा चाल पाउन नसक्ने गरी बिस्तार बिस्तार परिर्वतित हुँदै गई अन्तमा नष्ट हुने हुन्छन् त्यस्ता भौतिक तत्त्वहरूलाई रूप भन्दछ ।

58) षडायतन– आँखा, कान, नाक, जिब्रो, शरीर र मन यी छ प्रकारका स्पर्श इन्द्रियहरूलाई षडायतन भन्दछ ।

59) स्पर्श– कुनै दुइ तत्त्वहरू आपसमा समागम हुनु अर्थात् एक तत्त्वको अर्को तत्त्वसंग संयोग हुनुलाई स्पर्श भन्दछ ।

60) उपादान– चित्त, पञ्चकाकगुणहरू मध्ये कुनै एकमा बलियोसंग आसक्त भएपछि त्यस्तो बलियो तृष्णालाई उपादान भन्दछ ।

61) चक्षुविज्ञान– आँखाले आँखाको विषयवस्तु मध्ये कुनै एक रूपसंग स्पर्श गरेपछि चित्तले अनुभव गर्ने प्रक्रिया-लाई चक्षुविज्ञान भन्दछ । त्यसरी नै स्रोत-विज्ञान, घ्राण–विज्ञा, जिह्वा-विज्ञान, काय-विज्ञान र मनोविज्ञान पनि हुन्छन् ।

Downloaded from http://dhamma.digital

62) पाँच कामगुण– रूप, शब्द, गन्ध, रस र स्थूल वस्तु यी पञ्चकाममा लिप्सिरहने स्वभावलाई पञ्चकामगुण भन्दछ ।

63) बोधिवृक्ष– बुद्धगयाको त्यो पिपलको बोट जुन बोटमुनि सिद्धार्थ बोधिसत्वले बोधिज्ञान साक्षात्कार गरी बुद्धत्व प्राप्त गर्नु भएको थियो ।

64) अभिज्ञान– स्वयंले प्रत्यक्ष अनुभव गरी थाहा पाएको ज्ञानलाई अभिज्ञान भन्दछ ।

65) योजन– ७ हातको एक यष्ठी, २० यष्ठीको एक उसभ, ८० उसभको एक गाउत र ४ गाउतको एक योजन हुन्छ । त्यस हिसाबले एक योजनको बराबर १२ माइल जति हुन आउँछ ।

Downloaded from http://dhamma.digital

# धर्मकीर्ति प्रकाशन

## (नेपाल भाषा)

(१) बुद्धया झिनिगू विपाक
(२) अभिधर्म भाग–१,२
(४) मैत्री भावना
(५) ऋद्धि प्रातिहार्य
(६) योह्म म्ह्याय्
(७) पञ्चनीवरण
(८) बुद्ध धर्म
(९) भावना
(१०) एकताया ता:चा
(११) प्रेमं छु ज्वी ?
(१२) कर्तव्य
(१३) मिखा
(१४) बुद्धया अन्तिम यात्रा १, २
(१६) त्रिरत्न गुण स्मरण
(१७) परित्राण
(१८) कर्म
(१९) प्रार्थना संग्रह
(२०) बाखँ
भाग– १, २, ३, ४, ५, ६
(२६) बोधिसत्व
(२७) शाक्यमुनि बद्ध
(२८) अनत्त लक्खण सुत्त
(२९) वासेट्ठी थेरी
(३०) धम्म चक्कप्पवत्तन सुत्त
(३१) लक्ष्मी द्यो
(३२) महास्वप्न जातक
(३३) बाखँया फल भाग–१,२
(३५) जातक बाखँ
(३६) राहुलयात उपदेश
(३७) अहिंसाया विजय
(३८) प्रौढ बौद्ध कक्षा
(३९) मूर्खह्म पासा मज्यू
(४०) बुद्धया अर्थनीति
(४१) श्रामण नारद
(४२) क्षान्ति व मैत्री
(४३) उखानया बाखँ पुच:
(४४) पालि भाषा अवतरण–१
(४५) मत्ति भिसा गति भिनी
(४६) बौद्ध ध्यान भाग–१, २
(४८) हृदय परिवर्तन
(४९) ह्लापांयाह्म गुरु सु ?
(५०) अभिधर्म
(५१) सप्तरत्न धन
(५२) महासति पट्ठान सूत्र
(५३) शान्तिया त्वाथ:
(५४) चरित्र पुच: भाग–१, २
(५६) बुद्ध व शिक्षा (क)
(५७) बौद्ध ध्यान

Downloaded from http://dhamma.digital

(५८) किसा गौतमी
(५९) जप, पाठ व ध्यान
(६०) लुम्बिनी विपस्सना
(६१) विश्व धर्म प्रचार देशना भाग १, २
(६३) योगीया चिट्ठी
(६४) जातक माला भाग-१,२
(६६) संक्षिप्त भावना
(६७) महानारद जातक
(६८) पालि प्रवेश भाग- १, २
(७०) चमत्कार
(७१) मणिचूड जातक
(७२) महाजनक जातक
(७३) गृही-विनय तृ. सं.
(७४) बुद्ध व शिक्षा (ख)
(७५) बुद्ध-जीवनी
(७६) सर्वज्ञ भाग-१, २
(७८) धम्मपद कविता
(७९) धर्म मसीनि
(८०) दान
(८१) तेमिय जातक
(८२) वम्मिक सुत्त
(८३) मध्यम मार्ग
(८४) महासीहनादसुत्तं
(८५) भिक्षु म्ह्याय् व काय्
(८६) भिक्षु जीवन
(८७) भिक्षु मचा
(८८) विवेक-बुद्धि
(८९) स्वास्थ्य लाभ
(९०) शिक्षा भाग- १, २, ३, ४
(९४) दृष्टि व तृष्णा
(९५) विपस्सना ध्यान
(९६) झंग लाइह्म लाखे
(९७) सतिपट्ठान भावना
(९८) गौतम बुद्ध
(९९) धम्मपद व्याख्या भाग-१
(१००) धम्मपदया बाखँ
(१०१) त्रिरत्न वन्दना व सूत्र पुचः
(१०२) त्रिरत्न वन्दना व पञ्चशील
(१०३) संसारया स्वापू
(१०४) धम्मपद (पाली)
(१०५) त्रिरत्न वन्दना व परित्राण
(१०६) आदर्श बौद्ध महिलापिं
(१०७) बौद्ध नैतिक शिक्षा
(१०८) वेस्सन्तर जातक
(१०९) दिर्घायु जुइमा
(११०) पालिभाषावतरण भाग-२
(१११) त्रिरत्न गुण लुमके
(११२) निर्वाण
(११३) मनूतयगु पहः

मुद्रक : नील सरस्वती छापाखाना, लाजिम्पाट, फोन : ४१८०५४

Downloaded from http://dhamma.digital